# नेपालमा BRIDGE कार्यक्रमको प्रभावसम्बन्धी मूल्याङ्कन



## अन्तिम मूल्याङ्कन प्रतिवेदन

वि.सं. २०६४ - २०७४ (सन् २००८ - २०१८)

सहयोगी

European Union

UNDP

Empowered lives. Resilient nations.

# नेपालमा BRIDGE कार्यक्रमको प्रभावसम्बन्धी मूल्याङ्कन

अन्तिम मूल्याङ्कन प्रतिवेदन

वि.सं. २०६४ - २०७४ (सन् २००८ - २०१८)

**नेपालमा BRIDGE कार्यक्रमको प्रभाव मूल्याङ्कन (अनौपचारिक अनुवाद)**
अन्तिम मूल्याङ्कन प्रतिवेदन, वि. सं. २०६४ - २०७४

© प्रतिलिपि अधिकार ईएसपी / यूएनडीपी नेपाल

**लेखकहरु**
रस अट्रिल
प्रकाश भट्टराई, पिएचडी

प्रकाशक
निर्वाचन सहायता परियोजना (ईएसपी)
www.np.undp.org/content/nepal/en/home/projects/esp-2.html

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)
पुल्चोक, ललितपुर, नेपाल
टेलिफोन नं.: +९७७-१-५५२३२००

*यस प्रकाशनमा प्रस्तुत गरिएका विचार लेखकहरुका हुन् र यसमा ईएसपी, यूएनडीपी वा यसका साझेदारहरुका विचार प्रतिविम्बित भएको हुनुपर्दछ भन्ने छैन । सम्पूर्ण अधिकार सुरक्षित छ । यस प्रकाशनका कुनै पनि अंशलाई कुनै पनि स्वरुपमा वा विद्युतीय, प्राविधिक, प्रतिलिपि उतार, स्वराङ्कन वा अन्य कुनै पनि माध्यमबाट बिना अनुमति पुनःमुद्रण गर्न, पुनःप्राप्त गर्न सकिने प्रणालीमा भण्डारण गर्न वा प्रसारण गर्न पाइने छैन ।*

# विषय सूची


**१. कार्यकारी सारांश...... ७**

**२. परिचय...... १२**

**३. BRIDGE को पृष्ठभूमि...... १४**

**४. BRIDGE को सम्भावित उपयोग...... १७**

**५. मूल्याङ्कन विधि...... १८**

**६. अध्ययनको सीमा...... २०**

**७. डेस्क समीक्षा...... २१**

७.१ परिमाणात्मक तथ्याङ्क...... २१

७.२ गुणात्मक तथ्याङ्क...... २५

**८. पत्ता लागेका कुराहरु...... २९**

८.१. BRIDGE व्यवस्थापन...... २९

८.१.१ नीतिगत दस्तावेजहरु...... २९

८.१.२ BRIDGE साझेदारहरु, निर्वाचन आयोग तथा अन्य सरोकारवालाबीच सञ्चार तथा समन्वय...... ३२

८.१.३ BRIDGE सञ्चालनका लागि सामग्री तथा लागत...... ३३

८.१.४ छनोट...... ३५

८.१.५ BRIDGE सञ्चालन गर्ने समय...... ३७

८.१.६ ज्ञान व्यवस्थापन संयन्त्र...... ३८

८.१.७ BRIDGE सामग्रीहरुको परिमार्जन तथा अनुवाद...... ३८

८.१.८ जिम्मेवार को ?...... ३९

८.१.९ सङ्कलन...... ३९

८.१.१० प्रशिक्षणपछि BRIDGE प्रशिक्षण सामग्रीमा पहुँच...... ४०

८.१.११ दीर्घकालीन तथा अल्पकालीन रुपमा नेपालमा BRIDGE को अनुगमन तथा मूल्याङ्कन...... ४०

८.१.१२ सहजकर्ता अनुगमन तथा अभिलेखन...... ४१

८.२ पत्ता लागेका कुराहरु - प्रभावहरु ...... ४२

८.२.१ आम स्वीकार्यता...... ४२

८.२.२ निर्वाचन आयोगमा प्रशिक्षणको विकास र कार्यान्वयनमा उल्लेख्य सुधार...... ४३

८.२.३ विषयवस्तुमा एकरुपता...... ४४

८.२.४ BRIDGE विधिको व्यापक प्रयोग...... ४४

८.२.५ व्यापकता...... ४४

८.२.६ निर्वाचन आयोगका प्रशिक्षकहरु तथा स्रोत व्यक्तिहरुको सहजीकरण शैलीमा महत्वपूर्ण परिवर्तन...... ४५

८.२.७ निर्वाचन आयोगको मानव संसाधन विकासमा महत्वपूर्ण योगदान...... ४५

८.२.८ सरोकारवालाहरुसँगको सम्बन्ध र व्यवस्थापनमा प्रभाव...... ४७

८.२.९ व्यक्तिगत तथा नेतृत्व विकास साधनका रुपमा BRIDGE...... ४९

८.२.१० प्रस्तुति तथा सहजीकरण सीपमा सुधार...... ४९

८.२.११ समीक्षात्मक सोच र विश्लेषणतात्मक क्षमतामा सुधार...... ४९

८.२.१२ निर्वाचन आयोगको घेराबाहिर BRIDGE...... ५०

**९. निष्कर्ष – सिकाइहरु र नेपालमा BRIDGE को दिगोपना........................................................................ ५१**

९.१ नेपालमा BRIDGE एक सफल कथाका रूपमा.......................................................................................५१

९.२ नेपालमा BRIDGE का चुनौतीहरु ...................................................................................................५२

९.३ नेपालमा BRIDGE को दिगोपना.......................................................................................................५३

**१०. सिफारिशहरू.................................................................................................................................... ५५**

१०.१ निर्वाचन आयोग र नेपाल सरकारका लागि.............................................................................. ५६

१०.२ नेपालमा कार्यरत BRIDGE साझेदारहरूका लागि........................................................................ ५८

१०.३ निर्वाचन आयोग र नेपालमा कार्यरत BRIDGE साझेदारहरु दुवैका लागि...................................... ६०

१०.४ BRIDGE को अन्तर्राष्ट्रिय साझेदारी तथा BRIDGE कार्यालयका लागि.......................................... ६०

**अनुसूची १:** परामर्शदाताहरूको व्यक्तिगत विवरण..................................................................................... ६३

**अनुसूची २:** परामर्श गरिएका व्यक्तिहरूको सूची.........................................................................................६४

**अनुसूची ३:** नेपालमा प्रमाणीकरण (Accreditaton) का स्तरहरू................................................................. ६५

**अनुसूची ४:** नेपालमा सञ्चालन गरिएका BRIDGE कार्यशालाहरूको सूची...................................................६८

**अनुसूची ५:** जिल्ला निर्वाचन अधिकारीहरूका लागि BRIDGE निर्वाचन प्रशासन र व्यवस्थापन प्रशिक्षण.................७४

**अनुसूची ६:** BRIDGE परिचयात्मक मोड्युल (BRIDGE Introductory Module) मूल्याङ्कन प्रतिवेदन........................७८

**अनुसूची ७:** नेपालमा निर्वाचनसम्बन्धी BRIDGE क्रियाकलापहरु सञ्चालन गर्न निर्वाचन BRIDGE साझेदारहरूको आर्थिक योगदान......................................................................................................... ८०

**अनुसूची ८:** BRIDGE मूल्याङ्कन प्राप्ताङ्कपत्र (Scorecard)..........................................................................८५

# १. कार्यकारी सारांश

वि.सं. २०६३ (सन् २००७) मा International Institute for Democracy & Electoral Assistance (International IDEA), International Foundation for Electoral Systems (IFES) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) द्वारा संयुक्त रूपमा आवश्यकता मूल्याङ्कन (Needs Assessment) सम्पन्न गरिएपछि निर्वाचन आयोग, नेपाल Building Resources in Democracy, Governance and Elections (BRIDGE) नामक पेशागत विकास प्रशिक्षणको दश वर्षे कार्यान्वयनसम्बन्धी वृहद् कार्यमा सरिक भएको थियो । BRIDGE तालिम का सन्दर्भमा नेपाल र निर्वाचन आयोग विश्वमै विशिष्ट छन् किनभने यिनीहरूको BRIDGE सँग सबैभन्दा लामो र निरन्तरतापूर्ण सम्बन्ध छ । यसका अतिरिक्त निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकासमा पनि BRIDGE को प्रयोग गरिएको छ । यसैगरी नेपालमा रहेका थुप्रै निर्वाचन सरोकारवालासँग यसको सकारात्मक कार्यगत सम्बन्ध छ । नेपालमा BRIDGE को प्रभाव अध्ययन गर्नुका साथै यसमा अपनाइएका विधिलाई अन्य स्थानमा गरिने मूल्याङ्कनका क्रममा पनि उपयुक्त रूपमा प्रयोग गर्नका लागि सम्भावित उपायहरूको खोजी गर्ने उद्देश्यले 'नेपालमा BRIDGE को मूल्याङ्कन' गरिएको छ ।

नेपालमा BRIDGE को प्रयोग वृहद् रूपमा लामो समयदेखि हुँदै आएको छ । यसका सम्भावित प्रयोगकर्ताहरू वा उनीहरूका कार्यक्रमका लागि BRIDGE ले के गरी देओस् भन्ने चाहन्छन् भन्नेबारे कसरी निर्णय गर्ने, त्यसको सबैभन्दा राम्ररी मूल्याङ्कन कसरी गर्ने तथा निश्चित मुलुकका सन्दर्भमा यसलाई कसरी हस्तान्तरण गर्ने वा यसको प्रयोगलाई कसरी सम्पन्न गर्ने जस्ता विषयमा उनीहरूलाई आवश्यक मार्ग निर्देशन उपलब्ध गराइरहेको छ वा छैन भन्नेबारे BRIDGE अन्तर्राष्ट्रिय साझेदारहरूलाई जानकारी उपलब्ध गराउनका लागि यो मूल्याङ्कन एउटा समयसापेक्ष भएको छ ।

BRIDGE[1] को प्रयोग सबै परिवेशमा उपयुक्त नहुन सक्छ भन्ने कुरा BRIDGE मूल्याङ्कन टोलीले बुझेको छ । यद्यपि BRIDGE तालिम सचांलन गर्ने निर्णय लिने समयमा यसको सेवा प्राप्त गर्नेहरूलाई सम्भव भएसम्म सबैभन्दा राम्रो सेवा उपलब्ध गराउन तथा आर्थिक दृष्टिले पूर्ण सदुपयोग भएको सुनिश्चित गर्नका लागि यसको उच्चतम प्रयोग गरिनुपर्दछ ।

त्यसैले यो मूल्याङ्कन गरिँदा तल उल्लेख गरिएका उद्देश्यहरू लिइएका थिए:

१. तल उल्लेख गरिएका विषयमा मूल्याङ्कन गर्ने

   क. BRIDGE साझेदारहरू र निर्वाचन आयोग दुवैले नेपालमा BRIDGE को सञ्चालन कसरी गरेका छन्,

   ख. निर्वाचन आयोग, यसका सरोकारवालाहरू र सामान्यतयाः नेपालको निर्वाचन व्यवस्थापनको गुणस्तरमा 'नेपालमा BRIDGE वि.सं. २०६४ - २०७४ (सन् २००८ - २०१८) का प्रभावहरू (व्यक्तिगत तथा संस्थागत दुवै रूपमा),

   ग. नेपालमा BRIDGE को प्रभावकारी प्रयोगसम्बन्धी चुनौतीहरू, र

   घ. नेपालमा BRIDGE प्रयोगको दिगोपना ।

२. निर्वाचन आयोग तथा अन्य निर्वाचन सरोकारवालाहरूलाई भविष्यमा नेपालमा BRIDGE को सर्वाधिक प्रभावकारी प्रयोगका लागि सिफारिशहरू उपलब्ध गराउने, र

३. BRIDGE को प्रयोग भएका कुनै पनि स्थानमा यससम्बन्धी मूल्याङ्कन गर्नका लागि प्रयोग गर्न सकिने एउटा नयाँ मूल्याङ्कन विधि निर्माण गर्ने । यस नमुना विधिलाई "BRIDGE मूल्याङ्कन प्राप्ताङ्क (Scorecard)" भनिएको छ (थप विस्तृत विवरणका लागि **अनुसूची ८** हेर्नुहोस्) । यसले नेपालमा सञ्चालन गरिएको BRIDGE कार्यक्रमका तल उल्लेख गरिएका पक्षहरूमध्ये प्रत्येकको मापन गर्दछः

[1] यस प्रतिवेदनमा BRIDGE भन्नाले BRIDGE तालिम बुझ्नु पर्दछ ।

- अवधारणा निर्माण
- सञ्चालन
- क्रियाकलाप
- प्रभावकारिता
- समावेशीकरण
- स्वामित्व


## अवधारणा निर्माण




## व्यवस्थापन




## क्रियाकलाप




## प्रभावकारिता



## समावेशीकरण




---

## स्वामित्व




यस सन्दर्भमा नेपालमा BRIDGE ले थुप्रै सकारात्मक प्रभाव पारेको मूल्याङ्कन टोलीले पहिचान गरेको छ । तीमध्ये केहीको तल उल्लेख गरिएका छः

- BRIDGE लाई आम रुपमा स्वीकार गरिएको छ र BRIDGE कार्यक्रमहरुमा सहजकर्ताको भूमिका निर्वाह गर्ने वा सहभागी हुने प्रायः सबैले यसलाई अधिकतम महत्व प्रदान गरेका छन् । निर्वाचन आयोगको नेतृत्व तहले यसलाई आफ्ना कर्मचारीको व्यावसायिक क्षमता विकास गर्ने साधनका रुपमा उच्च रुपमा सम्मान गर्ने गरेको छ ।
- निर्वाचन आयोगबाट संचालन हुने प्रशिक्षण क्रियाकलापको विकास तथा कार्यान्वयनमा उल्लेख्य सुधारका लागि BRIDGE जिम्मेवार रहेको छ ।
- निर्वाचन आयोगको मानव संसाधन क्षमतामा सुधार ल्याउनका लागि BRIDGE ले उल्लेख्य रुपमा योगदान गरेको छ ।
- BRIDGE ले निर्वाचन आयोग र यसका कतिपय सरोकारवालाबीचमा विद्यमान सम्बन्धको गुणस्तरमा सुधार गरेको छ ।
- निर्वाचन आयोगका कर्मचारी तथा सरोकारवालाहरुको नेतृत्व तथा व्यक्तित्व विकासका लागि एउटा उपयोगी साधनका रुपमा BRIDGE ले काम गरेको छ ।
- निर्वाचन आयोगको घेराभन्दा बाहिर पनि BRIDGE को सकारात्मक तथा सशक्त प्रभाव परेको छ ।

यस्ता सकारात्मक प्रभाव देखिएका भए पनि मूल्याङ्कन टोलीले नेपालमा BRIDGE को निरन्तर प्रयोगका सन्दर्भमा थुप्रै सम्भावित चुनौतीको पहिचान गरेको छ । तीमध्ये केहीको उल्लेख तल गरिएको छः

- BRIDGE साझेदारहरूको प्रोजेक्ट डिजाइनको अवस्थामा यसलाई थप सिर्जनशील तथा रणनैतिक रुपमा समावेश गर्न सकिन्छ ।
- निर्वाचन आयोगका वार्षिक कार्य योजना जस्ता दस्तावेजहरुमा BRIDGE को सन्दर्भ स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने देखिन्छ । निर्वाचन आयोगले समष्टिगत क्षमता विकास रणनीतिमा BRIDGE को उपयोग गर्नु उचित हुने देखिन्छ ।

- निर्वाचन आयोगले सहजकर्ता र सहभागी छनोटसम्बन्धमा अझ बढी पारदर्शी नीति लिएमा BRIDGE मा सबैले समान पहुँच प्राप्त गर्न सक्छन् र BRIDGE कार्यक्रमहरूमा सहभागी हुने अवसर नपाएकाहरूले समेत सहभागी हुने अपेक्षा राख्न सक्छन् ।
- BRIDGE साझेदारहरूको परियोजना डिजाइन तथा निर्वाचन आयोगका नीतिगत दस्तावेजहरु दुवैमा BRIDGE को प्रयोगका लागि सुनिश्चित उद्देश्यहरु तथा सफलताका सूचकहरु उल्लेख नगरिएको हुँदा BRIDGE का प्रभावहरूको मापन गर्न गाह्रो परिरहेको छ ।
- निर्वाचन आयोगले कुन मोड्युल कसले र कसका लागि सञ्चालन गरिएको छ भन्नेबारे विशेष गरी जिल्लामा कार्यरत कर्मचारीहरूसँग परामर्श गर्ने नगरेको परिणामस्वरूप प्रशिक्षार्थीहरूले उनीहरूका आवश्यकता अनुसारका प्रशिक्षण कार्यक्रम नपाउन सक्छन् ।
- निर्वाचन आयोगमा रहेका केही नयाँ नेतृत्व तहलाई BRIDGE बारे समयमा नै पर्याप्त जानकारी उपलब्ध गराउन सकेमा नेपालमा BRIDGE को भावी प्रयोगका सम्बन्धमा सुसूचित निर्णय लिन सहज हुन सक्छ ।
- निर्वाचन आयोगबाट सरूवा भएका BRIDGE सहजकर्ताहरु र हालसालै अवकाश प्राप्त गरेका अधिकारीहरु तथा BRIDGE प्रमाणीकृत (Accredited) नागरिक समाज सदस्यहरूलाई पर्याप्त मात्रामा प्रयोग गरिएको छैन ।
- निर्वाचन आयोगमा स्पष्ट तथा सुसङ्गत ज्ञान व्यवस्थापन रणनीति नभएका कारण तल उल्लेख गरिएका अवस्था सिर्जना भइरहेको छः
  - BRIDGE साधनस्रोतहरूमा हुनुपर्ने जति सजिलोसँग पहुँच उपलब्ध भइरहेको छैन, र
  - BRIDGE मा सहभागी भई नसकेका कर्मचारीहरूबीच यसका महत्वपूर्ण सिकाइहरूबारे छलफल गर्ने गरिएको छैन ।
- BRIDGE कार्यक्रम सञ्चालनका लागि ठूलो खर्च हुने गरेको छ तर हाल निर्वाचन आयोगसँग यसका लागि पर्याप्त बजेटको व्यवस्था नभएका कारण अन्तर्राष्ट्रिय सहयोगको अभावमा BRIDGE को प्रयोगलाई निरन्तरता दिन कठिन हुन सक्छ ।
- कर्मचारीहरु सरूवा भइरहनु नेपालको सिङ्गो निजामती सेवालाई प्रभावित गरिरहेको एउटा समस्या हो । यस समस्याबाट निर्वाचन आयोग पनि अलग नभएका कारण BRIDGE सञ्चालन गर्ने सन्दर्भमा निर्वाचन आयोगको आन्तरिक क्षमतालाई घटाउने सम्भावना छ ।
- निर्वाचन आयोगलाई BRIDGE को पूर्ण (वा कम्तीमा उल्लेख्य मात्रामा) स्वामित्व हस्तान्तरण नभएसम्मको अवधिका लागि स्पष्ट मार्गचित्रको अभावका कारण आयोगमा यसलाई निरन्तरता दिने कार्य अन्तर्राष्ट्रिय सहयोग बिना कठिन हुन सक्छ ।
- BRIDGE को प्रभावसम्बन्धमा दीर्घकालीन मूल्याङ्कन संयन्त्रको अभावका कारण BRIDGE कार्यशालाहरूमा सहभागी हुनेहरूको सीप, प्रवृत्ति तथा कार्याभ्याशहरूमा BRIDGE को प्रभावबारे सही रूपमा मूल्याङ्कन गर्ने कार्य कठिन हुनसक्छ ।

माथि उल्लेख गरिएका तथ्यका आधारमा मूल्याङ्कन टोलीले केही सिफारिश प्रस्तुत गरेको छ (विस्तृत विवरणका लागि यस प्रतिवेदनको सिफारिश खण्ड हेर्नुहोस् ।) कतिपय सिफारिश निर्वाचन आयोग र नेपाल सरकारप्रति लक्षित छन् भने कतिपय नेपालमा कार्यरत BRIDGE साझेदारहरूप्रति लक्षित छन् । निर्वाचन आयोग र BRIDGE साझेदारहरु दुवैले कार्यान्वयन गर्नुपर्ने सिफारिशहरु पनि प्रस्तुत गरिएका छन् । अन्त्यमा BRIDGE को अन्तर्राष्ट्रिय साझेदारीका लागि पनि एउटा सिफारिश प्रस्तुत गरिएको छ । ती सिफारिशमा तल उल्लेख गरिएका बुँदाहरु सम्मिलित छन्:

निर्वाचन आयोगका लागि

१. नेपालमा BRIDGE लाई अझ प्रभावकारी बनाउनका लागि थप स्वामित्व ग्रहण गर्न निर्वाचन आयोगले यथोचित निर्णय लिन आवश्यक छ ।

२. आफ्ना अन्तर्राष्ट्रिय साझेदारहरूसँग BRIDGE को लागत साझेदारी अवधारणा (Cost Sharing Concept) बारे अध्ययन गर्न आवश्यक छ ।

३. निर्वाचन आयोग तथा यसका सरोकारवालाहरूबाट गरिने BRIDGE को महत्वपूर्ण प्रयोगलाई प्रतिविम्बित गर्ने नीति तथा योजना तर्जुमा दस्तावेजहरु तयार गर्न आवश्यक छ ।

४. BRIDGE मा को, कहिले र किन सहभागी हुनुपर्दछ भन्नेबारे स्पष्ट तथा पारदर्शी नीति र्तजुमा हुन आवश्यक छ ।

५. हालै सम्पन्न गरिएका निर्वाचनका सिकाइहरूका आधारमा अब कुन कुन BRIDGE मोड्युलहरु कार्यान्वयन गर्ने र तिनीहरूको कार्यान्वयनका लागि सबैभन्दा राम्रो समय कुन हुन सक्छ भन्नेबारे रणनैतिक निर्णयहरु लिन आवश्यक छ ।

६. उपयुक्त समयमा बढीभन्दा बढी सहभागीका लागि BRIDGE कार्यक्रमहरु सञ्चालन गर्न निर्वाचन आयोगको क्षमता अभिवृद्धि गर्नका लागि थप सहजकर्ताहरु (विशेष गरी महिला, वाह्य सरोकारवालाहरु र जिल्लामा कार्यरत कर्मचारीहरु) लाई कार्यशाला प्रमाणीकरण (Workshop Accreditaton) गराउनका लागि अवसर बढाउन रणनीतिहरु तयार गर्न आवश्यक छ;

७. निर्वाचन आयोगबाट हालै अवकाश प्राप्त गरेका तथा सरूवा भएका कर्मचारीहरूलाई BRIDGE मोड्युलहरूको सहजीकरणको अवशर दिई परिचालन गर्ने उपायहरूको खोजी गर्न आवश्यक छ;

८. BRIDGE का सबै तत्वलाई परिमार्जन गर्ने, रूपान्तरण गर्ने, योजना तर्जुमा गर्ने, तयारी गर्ने, कार्यान्वयन गर्ने, मूल्याङ्कन गर्ने, अनुगमन गर्ने तथा अभिलेख राख्न सक्ने एउटा मुख्य BRIDGE टोली निर्वाचन आयोगभित्रै तयार गर्न आवश्यक छ;

९. नेपालमा कार्यरत BRIDGE सहजकर्ताहरूलाई राम्ररी समन्वय तथा परिचालन गर्ने र उनीहरूबारे अभिलेखीकरणका लागि संयन्त्रहरु तयार गर्न आवश्यक छ;

१०. निरन्तर सिकाइ प्रक्रियाका रूपमा BRIDGE लाई स्थापित गर्न आवश्यक छ;

११. BRIDGE सामग्रीहरूको परिमार्जन, अद्यावधिकरण, रूपान्तरण तथा यसमा पहुँच अभिवृद्धिका लागि योजना तयार गर्न नेपालमा कार्यरत BRIDGE साझेदारहरूसँग काम गर्न आवश्यक छ; र

१२. नेपालमा BRIDGE क्षमताको विकेन्द्रीकरणका लागि योजना तयार गर्न आवश्यक छ ।

नेपालमा कार्यरत BRIDGE साझेदारहरूका लागि

१. भावी परियोजना डिजाइनहरूमा BRIDGE लाई थप राम्रो शैलीमा समावेश गर्न आवश्यक छ र यसको थप सिर्जनशील प्रयोग गर्न आवश्यक छ;

२. निर्वाचन आयोग BRIDGE को थप स्वामित्व लिन चाहन्छ वा चाहँदैन र चाहन्छ भने कुन स्वरूपमा लिन चाहन्छ भन्नेसम्बन्धी विषय मुद्दा उठान गर्न BRIDGE समन्वय समितिलाई प्रयोग गर्न आवश्यक छ;

३. BRIDGE को पूर्ण स्वामित्व ग्रहण गर्नका लागि निर्वाचन आयोगको क्षमता अभिवृद्धिसम्बन्धी काम गर्न आवश्यक छ;

४. नेपालमा BRIDGE का सबै तत्वलाई परिमार्जन गर्ने, रूपान्तरण गर्ने, योजना तर्जुमा गर्ने, तयारी गर्ने, कार्यान्वयन गर्ने, मूल्याङ्कन गर्ने, अनुगमन गर्ने तथा अभिलेख राख्न सक्ने एउटा मुख्य BRIDGE टोली निर्वाचन आयोगभित्रै तयार गर्न निर्वाचन आयोगसँग काम गर्न आवश्यक छ; र

५. नेपालमा BRIDGE क्षमताको विकेन्द्रीकरणका लागि योजना तर्जुमा गर्न निर्वाचन आयोगसँग काम गर्न आवश्यक छ ।

नेपालमा कार्यरत BRIDGE साझेदारहरु तथा निर्वाचन आयोग दुवैका लागि

१. यो प्रतिवेदन प्रकाशित भएपछि व्यावहारिक रुपमा सकेसम्म छिटो निर्वाचन आयोगले BRIDGE समन्वय समिति (BRIDGE Coordination Committee - BCC) को बैठक आह्वान गर्नुपर्दछ र त्यसले निर्वाचन आयोग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) – निर्वाचन सहायता परियोजना (ईएसपी), IFES र IDEA (यसपछि नेपालमा BRIDGE साझेदारीका रुपमा उल्लेख गरिएका) लाई तल उल्लेख गरिएका बुँदाहरुबारे निर्णय लिन लगाउनुपर्दछः

- अनुमोदन गरिने सिफारिशहरु;
- अनुमोदन गरिएका सिफारिशहरु कार्यान्वयन गर्ने प्राथमिकता;
- अनुमोदन गरिएका प्रत्येक सिफारिशको कार्यान्वयनका लागि जिम्मेवार व्यक्तिहरु;
- प्रत्येक सिफारिसहरूको कार्यान्वयनका लागि समयसीमा;
- प्रत्येकको कार्यान्वयनको सफलताका लागि सूचक निर्माण; र
- प्रत्येक सिफारिशको प्रगति तथा उपलब्धिबारे सूचना आदानप्रदान गर्नका लागि संयन्त्र निर्माण ।

BRIDGE को अन्तर्राष्ट्रिय साझेदारीका लागि

१. तल उल्लेख गरिएका बुँदाहरुमा केन्द्रित हुनका लागि BRIDGE कार्यान्वयन पुस्तिकाको पुनःअध्ययन गर्नुपर्ने देखिन्छ :

- आगामी दिनमा BRIDGE प्रशिक्षार्थीहरुका लागि परिवेश अनुसार BRIDGE को प्रयोग गर्नका लागि कसरी राम्रा उद्देश्य एवं सफलताका सूचकहरु निर्धारण गर्न सकिन्छ भन्नेबारे सिकाउन;
- BRIDGE कार्यशालामा सहभागी हुने कुनै पनि व्यक्तिको सीप, प्रवृत्ति तथा कार्याभ्याशमा BRIDGE ले ल्याउने दीर्घकालीन प्रभावबारे कसरी वस्तुनिष्ठ मूल्याङ्कन गर्न सकिन्छ भन्नेबारे सिकाउन;
- आगामी दिनमा सहभागी हुने प्रशिक्षार्थीहरुका लागि BRIDGE कार्यान्वयन पुस्तिकाको उपयोगलाई सान्दर्भिक र "प्रयोगमैत्री" बनाउने दिशामा सचेत पार्न; र
- सहजकर्ता प्रशिक्षण (TTF) सम्पन्न गरिसकेका कतिपय सहजकर्तालाई कार्यशाला तहमा पुग्न वाधा पुऱ्याउने प्रमाणीकरण (Workshop Accreditation) प्रक्रियामा सरिक हुनबाट वञ्चित गराउने विगतका प्रमाणीकरण (Accreditaton) प्रक्रियामा विद्यमान अवरोधहरूलाई सम्बोधन गर्न ।

# २. परिचय

नेपालमा सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका निर्वाचनसम्बन्धी योजना तर्जुमा गर्न तथा व्यवस्थापन गर्नका लागि जिम्मेवारी दिइएको स्वतन्त्र संवैधानिक निकाय निर्वाचन आयोग, नेपाल हो । राष्ट्रिय महत्वका विषयहरुमा जनमत सङ्ग्रह गराउने कार्याधिकार पनि यसलाई दिइएको छ ।

हाल निर्वाचन आयोगको ७३३ जना कर्मचारी रहेको एउटा सचिवालय छ । यिनीहरुमध्ये १६४ जना केन्द्रीय कार्यालयमा कार्यरत छन् भने ५६९ जना ७७ वटा जिल्ला निर्वाचन कार्यालयमा फैलिएका छन् । केन्द्रीय

कार्यालय स्तरमा तल उल्लेख गरिए अनुसारका पाँच वटा महाशाखा छन् र ती अन्तर्गत प्रत्येकका थुप्रै शाखाहरू छन् :

- प्रशासन महाशाखा
    - प्रशासन शाखा
    - आर्थिक प्रशासन शाखा
    - योजना, अनुगमन तथा समावेशीकरण शाखा

- निर्वाचन व्यवस्थापन महाशाखा
    - मतदाता नामावली शाखा
    - निर्वाचन सञ्चालन शाखा
    - निर्वाचन तथ्याङ्क, भू-सूचना तथा जोखिम विश्लेषण शाखा

- कानुन तथा राजनैतिक दल सम्बन्ध महाशाखा
    - कानुन शाखा
    - राजनैतिक दल सम्बन्ध शाखा

- सूचना प्रविधि व्यवस्थापन महाशाखा
    - सूचना प्रविधि सञ्चालन शाखा
    - सूचना प्रणाली व्यवस्थापन शाखा

- निर्वाचन शिक्षा, तालिम तथा वैदेशिक सम्बन्ध महाशाखा
    - निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा
    - अध्ययन अनुसन्धान तथा वैदेशिक सम्बन्ध शाखा

राष्ट्रपतिबाट छ वर्षको कार्यकालका लागि नियुक्त गरिएका प्रमुख निर्वाचन आयुक्त तथा चार जना अन्य निर्वाचन आयुक्त सहित निर्वाचन आयोगको सचिवालय रहेको छ ।

वि.सं.२०७४ (सन् २०१७) मा निर्वाचन आयोगले न्यूनतम वाह्य सहयोगमा सरकारका सबै तहका निर्वाचन सफलतापूर्वक सम्पन्न गरि निर्वाचन गर्न सक्ने क्षमता प्रदर्शन गरेको छ ।

यूएनडीपीको अन्तर्राष्ट्रिय निर्वाचन सहयोग अर्न्तगत प्रमुख तत्वहरूमध्ये BRIDGE एउटा मुख्य तत्व हो र निर्वाचन आयोगका कर्मचारीहरूको क्षमता विकासका लागि सञ्चालन गरिएको यूएनडीपी नेपालको परियोजना ईएसपीको पनि यो एउटा महत्वपूर्ण कार्यक्षेत्र रहेको छ ।

International IDEA, IFES र यूएनडीपीद्वारा वि.सं.२०६३ (सन् २००७) संयुक्त रूपमा गरिएको BRIDGE आवश्यकता मूल्याङ्कन (Needs Assessment) मा प्रस्तुत गरिएका सिफारिशहरूमा आधारित भएर नेपालमा BRIDGE साझेदारीले निर्वाचन आयोगका आवश्यकताहरु सम्बोधन गर्नका लागि BRIDGE का कुन कुन तत्वहरु सान्दर्भिक छन् भन्नेबारे परीक्षण गरेपछि आयोगको क्षमता अभिवृद्धि कार्यक्रमलाई सहयोग पुऱ्याउन BRIDGE मोड्युलहरु तयार गरेको थियो । नेपालमा BRIDGE कार्यक्रमलाई परिमार्जित रूपमा वि.सं.२०६४ (सन् २००८) मा शुरू गरिएको थियो । नेपालमा कार्यरत BRIDGE साझेदारहरूमध्ये प्रत्येकले आ-आफ्ना परियोजना डिजाइनमा BRIDGE लाई एउटा महत्वपूर्ण साधनका रूपमा स्वीकारेको छ । निर्वाचन आयोग BRIDGE कार्यान्वयनका लागि नेतृत्वदायी संस्था हो, र यसले अन्य साझेदारको प्राविधिक तथा वित्तीय सहयोगबाट कार्यक्रमहरु आयोजना गर्ने गर्दछ । निर्वाचन आयोगका एक जना सह-सचिवको अध्यक्षता तथा नेपालमा कार्यरत BRIDGE साझेदारहरूका प्रतिनिधिहरूको सहभागितामा गठन गरिएको BRIDGE

समन्वय समिति (BCC) ले वर्षमा दुई पटक बैठक बसी क्रियाकलापहरु प्रस्ताव गर्ने तथा वार्षिक कार्य योजना पारित गर्ने कार्य गर्दछ ।

यस समितिको गठन भएपछि देशका विभिन्न स्थानमा एक हजार ८८२ जना (५४५ महिला, एक हजार ३३७ पुरूष) प्रशिक्षार्थीको सहभागितायुक्त ८४ वटा BRIDGE कार्यशाला (४ वटा TTF कार्यशाला सहित[२]) सञ्चालन भइसकेका छन् । BRIDGE कार्यक्रम शुरू भएको १० वर्ष भइसकेकोले वर्तमान समय नेपालमा BRIDGE को प्रभावसम्बन्धमा दीर्घकालीन मूल्याङ्कन गर्नका लागि उपयुक्त समय भएको विश्वास नेपालमा कार्यरत BRIDGE साझेदारहरूले गरेका छन् ।

यूएनडीपी - ईएसपीले यस उद्देश्यका लागि राष्ट्रिय परामर्शदाता र मूल्याङ्कन विज्ञ डा. प्रकाश भट्टराई र BRIDGE का मूल लेखक र वि. सं. २०५६ (सन् २०००) देखि २०६९ (सन् २०१३) सम्म BRIDGE कार्यालयका व्यवस्थापकका रूपमा काम गर्नुभएका रस एट्रिल गरी दुई जना परामर्शदाता नियुक्त गरेको थियो (हेर्नुहोस्, अनुसूची १ - परामर्शदाताको परिचय) ।

## ३. BRIDGE को पृष्ठभूमि

वि. सं. २०५५ को पुस (सन् १९९९ डिसेम्बर) मा अन्तर्राष्ट्रिय निर्वाचन विज्ञहरूको एउटा विशिष्ट समूह निर्वाचन व्यवस्थापकहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रमको संरचना र विषयवस्तुबारे छलफल गर्नका लागि अष्ट्रेलियाको क्यानबेरामा भेला भएका थिए । सहभागीहरूलाई आफ्नो अनुभवका आधारमा उनीहरु पहिलो पटक निर्वाचन सञ्चालनमा सहभागी हुँदाको समयमा के के कुरा भइदिए हुन्थ्यो भन्ने लागेको थियो भन्ने कुरा प्रस्तुत गर्न अनुरोध गरी विचार सङ्कलन गरिएको थियो । यसरी समूह छलफलबाट प्राप्त विचार र ज्ञान नै आज BRIDGE प्रशिक्षण सामग्री दस्तावेजका रूपमा विकास गर्ने आधार बन्यो ।

अहिलेसम्म सम्पन्न गरिएका निर्वाचन चक्र र निर्वाचन प्रक्रियाहरु सञ्चालनार्थ गरिएको निर्वाचन व्यवस्थापनलाई समेट्न गरिएको निर्वाचन व्यवस्थापनसम्बन्धी सर्वाधिक महत्वाकाङ्क्षी वृहद् व्यावसायिक सीप विकास प्रशिक्षण नै BRIDGE हो । अनुभवी लोकतान्त्रिक विज्ञहरूको विशाल अन्तर्राष्ट्रिय टोलीद्वारा तयार गरिएको यस प्रशिक्षण पाठ्यक्रममा लोकतान्त्रिक प्रक्रियाहरूका सम्पूर्ण सरोकारवालालाई व्यावसायिक सीप विकासको अवसर र सहयोग उपलब्ध गराउने सम्भावना (सही रूपमा प्रयोग गरिएमा) निहित छ । सहभागीको प्रत्यक्ष अन्तरक्रियात्मक प्रौढ सिकाइ विधि प्रयोग BRIDGE को एउटा प्रमुख विशेषताका रूपमा रहेको छ ।

BRIDGE साझेदारहरु निम्नानुसार छन्:

- अष्ट्रेलियन निर्वाचन आयोग (Australian Election Commission - AEC)
- International Foundation for Electoral Systems (IFES)
- International Institute for Democracy and Electoral Assistance (International IDEA)
- संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (United Nations Development Program - UNDP)
- संयुक्त राष्ट्रसङ्घीय निर्वाचन सहयोग महाशाखा (United Nations Electoral Assistance Division - UNEAD)

BRIDGE का उद्देश्यहरु तल उल्लेख गरिए अनुसार छन्:

- निर्वाचन प्रक्रियाका सरोकारवालाहरूको सीप तथा आत्मविश्वास अभिवृद्धि गर्ने;
- निर्वाचन संस्कृतिलाई दिगो रूपमा विकास गर्न तथा त्यसलाई निरन्तरता प्रदान गर्नका लागि उपलब्ध तथा आवश्यक स्रोतसाधनबारे चेतना अभिवृद्धि गर्ने;

[२] वि.सं २०६४, २०६७, २०६८ र २०७१ मा सञ्चालन गरिएका सहजकर्ताका लागि प्रशिक्षणमा कुल ८८ जना सहभागी थिए ।

- निर्वाचन प्रक्रियाका सरोकारवालाहरूका लागि सहयोग सञ्जाल विकास गर्ने र सूचना तथा अनुभव आदानप्रदानको संस्कृति विकास गर्न प्रोत्साहन गर्ने; र
- अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका लोकतन्त्रका सिद्धान्तहरु तथा असल निर्वाचन अभ्यासहरूलाई प्रवर्द्धन गर्ने ।

**BRIDGE सहजकर्ता प्रमाणीकरण (Accreditaton) प्रक्रिया**

उच्चतम गुणस्तरयुक्त सिकाइ अनुभव कायम गर्ने प्रयासका क्रममा BRIDGE क्रियाकलापसम्बन्धी योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि सक्षम बन्न सम्बन्धित व्यक्तिलाई BRIDGE सहजकर्ताका रूपमा प्रमाणीकृत (Accrditated) गरिनुपर्नेमा BRIDGE साझेदारहरूले जोड दिएका छन् । यसरी प्रमाणीकृत (Accrditated) हुनका लागि उक्त व्यक्तिले सहजकर्ताका लागि प्रशिक्षण (Train the Facilitator - TTF) कार्यशाला सफलतापूर्वक सम्पन्न गरेको हुनै पर्दछ ।

TTF पूरा गरेका सहजकर्ताका रूपमा प्रमाणीकरण (Accreditaton) का लागि आधारहरु तल उल्लेख गरिएका छन्:

- सहभागीका रूपमा BRIDGE मोड्युल कार्यशालामा उपस्थित भएको,
- BRIDGE TTF कार्यशालामा पूर्ण अवधि अर्थात दशै दिन उपस्थित भएको,
- TTF का मुख्य सहजकर्ताद्वारा TTF सिकाइ परिणामका आधारमा सन्तोषजनक भएको भनी मूल्याङ्कन गरिएको ।

TTF सफलतापूर्वक सम्पन्न गरेका सहजकर्ताले अरू कसैको सहयोग नलिई आफै कार्यशाला सञ्चालन गर्नका लागि BRIDGE साझेदारहरूबाट अधिकार प्राप्त गर्नुपर्दछ । उक्त आधिकारिता प्राप्त गर्नका लागि त्यस्ता सहजकर्ताले TTF सम्पन्न गरिसकेपछि अनुभवी प्रशिक्षकको मार्गदर्शनमा गरिने स्थलगत प्रशिक्षण सञ्चालनमा सहभागी हुनै पर्दछ ।

कार्यशाला सहजकर्ता (Workshop Facilitator) का रूपमा प्रमाणीकरण (Accreditaton) का लागि आधारहरु तल उल्लेख गरिएका छन्:

BRIDGE मोड्युल कार्यशालाहरूको सुपरीवेक्षणयुक्त परिमार्जन, तयारी तथा सहजीकरण कम्तीमा ३० घण्टा गरेको;

- BRIDGE प्रशिक्षण सामग्रीको प्रयोग तथा परिमार्जन गर्नका लागि अनुभव तथा आत्मविश्वास हासिल गरी सहजकर्तालाई सक्षम बनाउन तथा BRIDGE मोड्युलहरूका विषयवस्तुबारे जानकार बनाउनका लागि मोड्युलहरु मात्रको (TTF बाहेक) सहजीकरण गरेको;
- TTF सिकाइ परिणामका आधारमा सुपरीवेक्षण गरिरहेका प्रमाणीकरण गर्ने अधिकारप्राप्त (Accrediting) व्यक्तिबाट सन्तोषजनक भएको भनी मूल्याङ्कन गरिएको ।

कुनै पनि मुलुकमा BRIDGE क्रियाकलाप सञ्चालन गर्नेसन्दर्भमा उक्त मुलुकको क्षमताको मुख्य पक्ष भनेको त्यहाँ उपलब्ध कार्यशाला प्रमाणीकृत (Workshop Accredited) BRIDGE सहजकर्ताहरूको सङ्ख्या हो । प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ताहरु (Accrediting Facilitator) को उल्लेख्य सङ्ख्यामा उपलब्धता विशेष रूपमा महत्वपूर्ण छ किनभने यस्तो अवस्था भएमा मात्रै उक्त राष्ट्र आफ्नै सहजकर्ताहरूलाई प्रशिक्षण प्रदान गर्न तथा उनीहरूलाई प्रमाणीकृत (Accredited) गर्नेसन्दर्भमा आत्मनिर्भर हुन सक्छ ।

प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Accrediting Facilitator) का रूपमा प्रमाणीकरण (Accreditaton) गर्नका लागि आधारहरू तल उल्लेख गरिए अनुसार छन्ः

- स्थलगत रूपमा BRIDGE कार्यशालाहरूको न्यूनतम १५० घण्टाको परिमार्जन, तयारी तथा सहजीकरण, जसमध्ये ७५ प्रतिशत BRIDGE प्रशिक्षण सामग्रीको प्रयोग तथा परिमार्जनका लागि अनुभव तथा आत्मविश्वास हासिल गर्न सहजकर्तालाई सक्षम बनाउन तथा BRIDGE मोड्युलहरूका विषयवस्तुबारे जानकार बनाउनका लागि सञ्चालन गरिएका मोड्युल कार्यशालाहरू हुनुपर्दछ ।
- कम्तीमा एउटा मोड्युल कार्यशालामा मुख्य सहजकर्ताका रूपमा सहजीकरण गरेको ।
- BRIDGE क्रियाकलाप सम्पन्न गरेकोसम्बन्धमा BRIDGE कार्यालयलाई प्रतिवेदन उपलब्ध गराएको ।
- कम अनुभव भएका सहजकर्ताहरूलाई सहयोग र मार्गदर्शन उपलब्ध गराएको ।

## BRIDGE को तेस्रो संस्करण

हाल BRIDGE प्रशिक्षण सामग्रीको तेस्रो संस्करणका लागि तयारी भइरहेको छ । BRIDGE को पहिलो संस्करणमा १० वटा मोड्युल थिए र त्यसलाई वि. सं. २०५८ (सन् २००२) मा स्टकहोममा BRIDGE साझेदारहरूसमक्ष प्रस्तुत गरिएको थियो । BRIDGE को दोस्रो संस्करणको तयारी कार्य धेरै वर्षपछि थालिएको थियो र यसलाई २४ वटा मोड्युलमा बढाइएको थियो । ती मोड्युलमध्ये कतिपयको प्रयोग कहिल्यै नगरिएको र ती स्रोतमध्ये कतिपय पुराना पनि हुन थालेका कारण BRIDGE को तेस्रो संस्करण तयार गरिनुपर्ने निष्कर्षमा BRIDGE साझेदारहरू दुई वर्षभन्दा केही अघि पुगेका थिए ।

तेस्रो संस्करणका सम्पूर्ण मोड्युल चरणबद्ध रूपमा आगामी दुई वर्षभित्र सार्वजनिक गरिँदैछ र BRIDGE समुदायले ती सामग्री उपयोग नगरेसम्म तिनीहरू सबैलाई 'मसौदा' का रूपमा मानिनेछन् । अहिलेका सम्पूर्ण BRIDGE सामग्रीमा पहुँच कायमै रहनेछ र तिनीहरूलाई BRIDGE वेबसाइटमा प्रशिक्षण सामग्रीको दोस्रो संस्करणका रूपमा फेला पार्न सकिनेछ । अहिलेका लागि मतदाता दर्ता, निर्वाचन शिक्षा तथा सूचना, रणनैतिक योजना तर्जुमा र निर्वाचन प्रणालीहरूसम्बन्धी मोड्युल सार्वजनिक गरिएका छन् ।

BRIDGE प्रशिक्षण सामग्रीको तेस्रो संस्करणको संरचना तल उल्लेख गरिए अनुसार तयार गरिएको छः

| **आधारभूत मोड्युलहरू** | | |
|---|---|---|
| निर्वाचन व्यवस्थापनसम्बन्धी **आधारभूत** जानकारी | | |
| निर्वाचन व्यवस्थापनका लागि **रणनैतिक** योजना तर्जुमा | | |
| संस्थागत **सुदृढीकरण** र व्यावसायिकताको विकास | | |
| **आर्किटेक्चर मोड्युलहरू** | **प्रशासनिक मोड्युलहरू** | **सहभागितामूलक मोड्युलहरू** |
| **कानुनी** संरचना र सुधार | निर्वाचन **लागत** तथा वित्त | निर्वाचनमा **अपाङ्गताको** सवाल |
| निर्वाचन क्षेत्र **निर्धारण** | मतदाता **दर्ता** | निर्वाचन **शिक्षा** तथा सूचना |
| निर्वाचन **प्रणालीहरू** | निर्वाचन **सञ्चालन** तथा सामग्री व्यवस्थापन | **निर्वाचनका** प्रतिस्पर्द्धीहरू |
| निर्वाचन **विवाद** निरूपण | **मतदान** तथा परिणाम व्यवस्थापन | निर्वाचन र **सञ्चार** माध्यम |
| | | **लैङ्गिक** समानता तथा निर्वाचन |

BRIDGE को चरणबद्ध उपलब्धताका लागि समय तालिका यस प्रकार छः

| हाल उपलब्ध | चाँडै उपलब्ध हुने | सन् २०१९ मा उपलब्ध हुने |
|---|---|---|
| निर्वाचन व्यवस्थापनका लागि रणनैतिक योजना तर्जुमा | निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण (जुलाई) | निर्वाचन व्यवस्थापनको परिचय |
| कार्यसञ्चालन योजना तर्जुमा | लैङ्गिक समानता र निर्वाचन (जुलाई) | संस्थागत सुदृढीकरण र व्यावसायिकताको विकास |
| निर्वाचन शिक्षा तथा सूचना | निर्वाचन क्षेत्र निर्धारण (जुलाई) | निर्वाचनका प्रतिस्पर्द्धीहरु |
| निर्वाचन र सञ्चार माध्यम | निर्वाचन विवाद निरूपण (अक्टोवर) | निर्वाचनको बजेट तर्जुमा तथा वित्त |
| निर्वाचन प्रणालीहरु | कानुनी संरचना तथा सुधार (अक्टोवर) | मतदान तथा परिणाम व्यवस्थापन |
| मतदाता दर्ता | | |

## ४. BRIDGE को सम्भावित उपयोग

BRIDGE मूल रूपमा निर्वाचन व्यवस्थापकहरूलाई उनीहरूको कामलाई थप प्रभावकारी बनाउन तथा निर्वाचन चक्रका तत्वहरूलाई परीक्षण गर्दै थप उपयोगी बनाउन तयार गरिएको थियो । जे भए पनि BRIDGE कार्यान्वयनको करिब दुई दशकका क्रममा के स्पष्ट भयो भने BRIDGE का राम्रा पक्षहरूमध्ये एउटा स्थानीय सन्दर्भमा यसको लचकता र अनुकूलता हो । BRIDGE मोड्युलहरु निर्वाचन प्रक्रियामा संलग्न विभिन्न सरोकारवालाका आवश्यकताहरु समाधान गर्न र निर्वाचनसँग सम्बन्धित उनीहरूका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि विशिष्ट रूपमा तयार गरिएका छन् । विश्वका विभिन्न स्थानमा BRIDGE लाई प्रयोग गरिएका कैयौँ क्षेत्रमध्ये केही तल उल्लेख गरिएको छः

- निर्वाचन क्षेत्रमा काम गर्नेहरूको व्यावसायिक क्षमता/ दक्षताको विकास
- 'नयाँ' कार्यको थालनी - नयाँ जिम्मेवारी होस् वा विद्यमान जिम्मेवारीमा नयाँ अवधारणा
- सम्बन्ध निर्माण - निर्वाचन व्यवस्थापन निकायभित्रका विभिन्न तहमा (केन्द्रीय कार्यालय तथा स्थानीय कर्मचारीहरु) वा वाह्य सरोकारवालाहरु
- आपसी समझदारी र विश्वासको निर्माण - निर्वाचन व्यवस्थापन निकायका टोलीहरूभित्रै होस् वा सरोकारवालाहरूसँग
- क्षेत्रीय सहयोग
- सरोकारवालाहरूको सशक्तीकरण - उदाहरणका लागि, निर्वाचन प्रक्रियासम्बन्धमा बढीभन्दा बढी जानकारी दिन तथा उक्त प्रक्रियाप्रति आत्मविश्वासयुक्त नागरिक समाज संस्थाहरु निर्माण गर्न ।

# ५. मूल्याङ्कन विधि

यो मूल्याङ्कन मुख्यतयाः गुणात्मक जाँच हो तर केही सान्दर्भिक परिमाणात्मक जानकारी पनि प्रतिवेदनमा समावेश गरिएका छन् । BRIDGE का उपलब्धि तथा प्रभावहरूसम्बन्धी अध्ययनका साथै वि.सं. २०६४ (सन् २००८) देखि अहिलेसम्मको अवधिमा नेपालमा यसको विकास प्रक्रियालाई अभिलेखीकरणमा केन्द्रित यो एउटा संयुक्त मूल्याङ्कन पनि हो । यो मूल्याङ्कन कार्यान्वयन गर्दा मूल्याङ्कनकर्ताहरूले यो कार्य तल उल्लेख गरिए अनुसार होस् भन्ने प्रमुख मान्यताहरूलाई अपनाएका थिए :

- सहभागितामूलक,
- समावेशी,
- सन्दर्भ केन्द्रित, र
- प्रतिविम्बित ।

यस मूल्याङ्कनसँग सम्बन्धित आवश्यक जानकारी तल उल्लेख गरिएका माध्यमहरूबाट सङ्कलन गरिएको थियोः


- पृष्ठभूमि सामग्री तथा परियोजनासम्बन्धी थुप्रै दस्तावेजको रणनैतिक डेस्क समीक्षा[३],
- समूह केन्द्रित छलफलहरु (Focused Group Discussions - FGDs), परामर्शकारी रणनैतिक बैठकहरु, र परियोजनाका सान्दर्भिक अधिकारीहरु, साझेदारहरु तथा नेपालमा BRIDGE साझेदारीसम्बन्धमा कार्यरत सरोकारवालाहरु तथा नेपालमा BRIDGE सँग सम्बन्धित अन्य संस्थासँग गरिएका गहन अन्तर्वार्ताहरु लगायत छानिएका सरोकारवालाहरूसँगको सहभागितामूलक छलफलहरु । TTF सम्पन्न गरेका सहजकर्ताहरु, कार्यशाला तथा प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ताहरु (Workshop and Accrediting Facilitators), निर्वाचन आयोगबाट BRIDGE कार्यशालामा सहभागी भएकाहरु, नागरिक समाज, सञ्चार माध्यम तथा राजनैतिक दलहरूसँग पनि परामर्श गरिएको थियो ।

यस मूल्याङ्कन प्रक्रियाका क्रममा जम्मा चार वटा FGDs र १७ वटा विस्तृत अन्तर्वार्ता गरिएका थिए । चार वटा FGDs मध्ये दुई वटा जिल्ला तथा क्षेत्रीय निर्वाचन अधिकारीहरूसँग तथा बाँकी दुई वटा नागरिक समाज, सञ्चार माध्यम तथा राजनैतिक दलहरूसँग गरिएका थिए । दुई वटा FGDs, जसमध्ये एउटा निर्वाचन आयोगका अधिकारीहरूसँग र अर्को नागरिक समाज, सञ्चार माध्यम तथा राजनैतिक दलहरूसँग गरिएको थियो, बागलुङ, कास्की, पर्वत, स्याङ्जा र तनहुँ जिल्लाका मानिसहरूको सहभागितामा कास्की जिल्लाको पोखरामा सञ्चालन गरिएको थियो । बाँकी दुई वटा FGDs, जसमध्ये एउटा निर्वाचन आयोगका अधिकारीहरूसँग र अर्को नागरिक समाज, सञ्चार माध्यम तथा राजनैतिक दलहरूसँग गरिएको थियो । इलाम, झापा, सप्तरी र सुनसरी जिल्लाका व्यक्तिहरूको सहभागितामा झापा जिल्लाको दमकमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । ती सबै FGDs का सहभागीहरूले विगतमा एउटा वा एउटाभन्दा बढी BRIDGE प्रशिक्षण तथा कार्यशालामा सहभागिता जनाइसकेका थिए । दुई वटा आयोजना स्थल छान्नु र कम्तीमा नौ जिल्लालाई समेट्नुको उद्देश्य मूल्याङ्कन प्रतिवेदनमा नेपालका पूर्वी र पश्चिमी भेगका प्रतिनिधि आवाजका नमुनालाई समेट्नु थियो । यसैगरी, निर्वाचन आयोग तथा निर्वाचन आयोग बाहिरका स्रोत

[३] यो कार्यमा BRIDGE परियोजनासम्बन्धी दस्तावेजहरू र लग फ्रेम, BRIDGE मूल्याङ्कन प्रतिवेदन - वि. सं. २०६३ (सन् २००७), BRIDGE मूल्याङ्कन प्रतिवेदन - वि. सं. २०६५ (सन् २००९) र वि. सं. २०६८ (सन् २०१२), BRIDGE प्रशिक्षण तथा कार्यशाला पृष्ठपोषण / मूल्याङ्कन प्रतिवेदनहरू, निर्वाचन आयोगको रणनैतिक योजना तर्जुमासम्बन्धी दस्तावेज, निर्वाचन आयोगको क्षमता अभिवृद्धि मार्गनिर्देशन, निर्वाचन आयोगको संस्थागत संरचना, अनुवाद तथा परिमार्जन गरिएका BRIDGE सामग्रीहरू, BRIDGE विधिका आधारमा तयार गरिएका वा प्रभावित भएका निर्वाचन आयोगका कुनै पनि प्रशिक्षण दस्तावेजहरू, सञ्चालित सम्पूर्ण BRIDGE कार्यशालाका अभिलेखहरू तथा प्रत्येकका सहभागीहरू एवं सहजकर्ताहरूको सूची जस्ता विभिन्न दस्तावेजको समीक्षा र विश्लेषणलाई समेटिएको छ ।

व्यक्तिहरूका लागि छुट्टाछुट्टै FGDs आयोजना गर्नुको उद्देश्य BRIDGE का माध्यमबाट प्राप्त गरिएका ज्ञान तथा सीपहरूलाई सरकारी तथा गैरसरकारी अधिकारीहरूबाट कसरी उपयोग गरिएको थियो भन्नेबारे तुलनात्मक परिदृश्य प्राप्त गर्नु थियो ।

## मूल्याङ्कन गरिएका जिल्लाहरु




अधिकांश विस्तृत अन्तर्वार्ता BRIDGE का प्रमुख सरोकारवालाहरूसँग काठमाडौँमा गरिएका थिए । अन्तर्वार्ताका क्रममा हालका दुई जना आयुक्त (वर्तमान प्रमुख निर्वाचन आयुक्त र आयुक्त), निर्वाचन आयोगको नेतृत्व तहका सदस्यहरु, निर्वाचन आयोगका कर्मचारीहरु, एक जना पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयोगका पूर्व वरिष्ठ अधिकारीहरु, BRIDGE लाई सहयोग गरिरहेका दातृ निकायहरु, यूएनडीपी – ईएसपीका उपयुक्त कर्मचारीहरु, IFES तथा International IDEA का उपयुक्त कर्मचारीहरु तथा नेपालमा BRIDGE कार्यक्रमका अन्य सरोकारवालालाई समेटिएको थियो । जिल्लास्थित कर्मचारीहरूसँग एउटै मात्र गहन अन्तर्वार्ता गरिएको थियो । मूल्याङ्कन प्रक्रियाका क्रममा परामर्श गरिएका व्यक्तिहरु तथा संस्थाहरूको पूर्ण सूची तल दिइएको छ (थप जानकारीका लागि हेर्नुहोस्, **अनुसूची २** – समूह केन्द्रित छलफल र अन्तर्वार्ताको समय तालिका):

| परामर्श गरिएका संस्थाहरु | लिङ्ग | | कुल व्यक्तिको सङ्ख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| प्रमुख निर्वाचन आयुक्त | १ | | १ |
| निर्वाचन आयुक्तहरु | १ | ० | १ |
| निर्वाचन आयोग केन्द्रीय कार्यालयका वरिष्ठ अधिकारीहरु | ५ | ० | ५ |
| निर्वाचन आयोगका क्षेत्रीय एवं जिल्ला कार्यालयका कार्मचारीहरु | २१ | ० | २१ |

| | | | |
|---|---|---|---|
| पूर्व निर्वाचन आयुक्त | १ | ० | १ |
| निर्वाचन आयोगका पूर्व वरिष्ठ अधिकारीहरु | २ | ० | २ |
| यूएनडीपी - ईएसपी | २ | २ | ३ |
| यूएनडीपी - ईएसपीका पूर्व कर्मचारीहरु | १ | ० | १ |
| IFES | २ | १ | ३ |
| International IDEA | २ | ० | २ |
| ईएसपीका दातृ निकायहरु | ० | २ | २ |
| नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (नास्क) | २ | ० | २ |
| नागरिक समाज, सञ्चार माध्यम तथा राजनैतिक दल | ७ | ९ | १६ |
| **कुल** | **४७** | **१४** | **६०** |

नेपालमा भविष्यमा गरिने BRIDGE सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयनमा सुधार गर्नका लागि निष्कर्ष निकाल्न तथा प्रमाणमा आधारित सिफारिशहरु र सुझावहरु तयार गर्नका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विवरणात्मक तथा व्याख्यात्मक विधि प्रयोग गरेर उपयोग गरिएको थियो । विभिन्न स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कको वैधता सुनिश्चित गर्नका लागि तेस्रो पक्षबाट पुष्टि गराइएको थियो । पत्ता लागेका कुराहरूलाई पर्यवेक्षणीय अनुसन्धानका आधारमा परिमाणात्मक तथ्याङ्कबाट पुनःपुष्टि गरिएको थियो । नेपालमा कार्यरत निर्वाचन कार्य समूह (Election Working Group - EWG) समक्ष पत्ता लागेका मुख्य कुराहरूसम्बन्धमा एक प्रस्तुति गरेर तथा प्रतिवेदनको पहिलो मसौदाबारे टिप्पणीका लागि BRIDGE साझेदारहरु र निर्वाचन आयोगलाई उपलब्ध गराएर पत्ता लागेका कुराहरूलाई पुष्टी गर्ने कार्य तथा टिप्पणी एवं संशोधनहरूलाई समावेश गर्ने कार्यलाई सहजीकरण गरिएको थियो ।

## ६. अध्ययनको सीमा

यो मूल्याङ्कनले आफ्ना उद्देश्य हासिल गरेको विश्वास मूल्याङ्कन टोलीले गरेको भए पनि यो कार्यका थुप्रै सीमितत्ँ थिए । यो मूल्याङ्कन उत्तरदाताहरूका धारणा र डेस्क समीक्षा प्रक्रियाका क्रममा फेला परेका अन्य प्रमाणका आधारमा नेपालमा BRIDGE को प्रभावसम्बन्धी आम पर्यवेक्षणहरूको विश्लेषण गर्ने एउटा प्रयास हो । BRIDGE को प्रभावलाई झल्काउने विस्तृत स्वरूप यसले लिएको छैन; बरू नेपालको सन्दर्भमा BRIDGE ले पारेका प्रभावका केही व्यापक पक्षबारे यसले प्रकाश मात्र पारेको छ ।

यसैगरी, यो मूल्याङ्कनका क्रममा पत्ता लागेका कुराहरु मूल्याङ्कन प्रक्रियाका क्रममा नमुना छनोटमा परेका सीमित मानिसहरूसँग गरिएका अन्तरक्रियामा आधारित छन् । लक्षित सबै उत्तरदातासँग अन्तर्वार्ता गरिएको थिएन । मूल्याङ्कन अवधिमा सम्पर्कमा नआएका कारण उनीहरूसँग अन्तर्वार्ता गर्न सम्भव नभएको हो । मूल्याङ्कन सम्पन्न गर्नका लागि उपलब्ध सीमित समयका कारण पनि सम्भावित केही उत्तरदातासम्म पुग्न सकिएन । त्यसैले यो मूल्याङ्कन प्रतिवेदनले स्थलगत अध्ययन गरिएका काठमाडौँ र अन्य जिल्लामा मूल्याङ्कन अवधिमा उपलब्ध तथा भेट्न सकेका व्यक्तिहरूको आवाजलाई मात्र प्रतिनिधित्व गर्दछ ।

यसका अतिरिक्त केही उत्तरदाता नेपालमा BRIDGE को व्यवस्थापन तथा कार्यान्वयनबारे समीक्षात्मक टिप्पणी उपलब्ध गराउन हिच्किचाएका पनि हुन सक्छन् । स्थलगत रूपमा सङ्कलन गरिएका तथ्याङ्कको गुणस्तरमा यसको केही प्रभाव परेको हुन सक्छ ।

विशेष गरी निर्वाचन आयोगका केन्द्रीय कार्यालय तथा जिल्लामा रहेका कार्यालयहरूबाट पर्याप्त सङ्ख्यामा महिला आवाजको अभाव भएका कारण यो मूल्याङ्कन प्रतिवेदन मूल्याङ्कन टोलीले चाहेको भन्दा कम लैङ्गिक प्रतिनिधित्व भएको छ ।

यसका अतिरिक्त समय अभावका कारण मूल्याङ्कनकर्ताहरूले नेपालका मध्य-पश्चिमी तथा सुदूर पश्चिमी भागहरूमा स्थलगत अन्तर्वार्ता तथा छलफलहरु आयोजना गर्न सकेनन्, यसले गर्दा नेपालका सबै भागमा BRIDGE को प्रभाव मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताहरूको क्षमता सीमित भएको छ । तर ती क्षेत्रसम्बन्धी अनुभव भएका निर्वाचन आयोगका केन्द्रीय कार्यालयका कर्मचारीहरु र BRIDGE परियोजना साझेदारहरूका कर्मचारीहरूबाट केही उपयोगी जानकारी सङ्कलन गरेर यो समितीलाई आंशिक रूपमा भए पनि न्यूनीकरण गरिएको छ । यसैगरी नेपालका दुई भिन्नाभिन्नै क्षेत्रबाट सङ्कलन गरिएका उपयोगी जानकारीहरूबाट BRIDGE सम्बन्धमा केही क्षेत्रीय धारणा सङ्कलन गर्न सहयोग पुगेको छ र दुवै क्षेत्रमा पत्ता लागेका कुराहरु करिब करिब मिल्दाजुल्दा थिए ।

# ७. डेस्क समीक्षा

डेस्क समीक्षाका क्रममा मूल्याङ्कन टोलीले सञ्चालन गरिएका TTF एवं कार्यशालाहरूको सङ्ख्या, सहभागीहरूको सङ्ख्या, कार्यान्वयन गरिएका मोड्युलहरु तथा नेपालमा कार्यरत BRIDGE कार्यान्वयनकर्ताहरूले प्रयोग गरेका विभिन्न किसिमका अल्पकालीन मूल्याङ्कन रणनीतिहरु जस्ता परिमाणात्मक तथ्याङ्क उपलब्ध गराउने थुप्रै दस्तावेजको अध्ययन गरेको थियो । निर्वाचन आयोगका थुप्रै नीतिगत दस्तावेज तथा BRIDGE साझेदार संस्थाहरूका परियोजना डिजाइनहरूको पनि गहन विश्लेषण गरिएको थियो ।

## ७.१ परिमाणात्मक तथ्याङ्क

नेपालमा BRIDGE को गुणात्मक मूल्याङ्कन उपलब्ध गराउने दस्तावेजहरूको अध्ययन गर्नुभन्दा पहिले मूल्याङ्कन टोलीले तल उल्लेख गरिएका तथ्याङ्कहरूको परीक्षण गरेको थियो:

**नेपाली सहजकर्ताहरूको प्रमाणीकरण (Accreditation)**
सहजकर्ताका रूपमा प्रशिक्षित नेपाली नागरिकहरूको सङ्ख्या तल उल्लेख गरिए अनुसार छन्:

| प्रमाणीकरण (Accreditation) क्रियाकलाप | लिङ्ग | | |
|---|---|---|---|
| | पुरूष | महिला | जम्मा |
| TTF सम्पन्न गरेका नेपाली नागरिकहरूको कुल सङ्ख्या | ४७ | २५ | **७२** |
| कार्यशाला प्रमाणीकृत (Workshop Accredited) सहजकर्ताहरु | २४ | ८ | **३२** |
| प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ताहरु (Accrediting Facilitators) | २ | १ | **३** |
| TTF सम्पन्न गरेका सहजकर्ताहरु (अझै पनि पूर्ण रूपमा प्रमाणीकृत (Accredited) भई नसकेकाहरु) | २० | १७ | **३७** |
| अन्तर्राष्ट्रिय | ८ | ९ | **१७** |

**नेपालमा सहजकर्ताका रूपमा यात्रा थालनी गरेका ७२ जनामध्ये:**

| | |
|---|---|
| सन् २०१८ अप्रिलसम्मको तथ्याङ्क अनुसार, निर्वाचन आयोगका कर्मचारीहरु | १३ जना (१ जना प्रमाणीकरण गर्ने अधिकारप्राप्त (Accrediting), ७ जना कार्यशाला, ५ जना TTF सम्पन्न गरेका) |
| निर्वाचन आयोगबाट सरुवा भएका, अवकाश प्राप्त गरेका वा निधन भएका | ३५ जना (१६ जना कार्यशाला, १९ जना TTF सम्पन्न गरेका) अन्य सरोकारवाला वा BRIDGE साझेदारबाट २१ जना (२ जना प्रमाणीकरण गर्ने अधिकारप्राप्त (Accrediting) - BRIDGE साझेदार, ६ जना कार्यशाला - BRIDGE साझेदार, ३ जना सरोकारवाला, १० जना TTF सम्पन्न गरेका) |

निर्वाचन आयोगले आफ्ना TTF सम्पन्न गरेका प्रशिक्षित कर्मचारीहरूमध्ये २७ प्रतिशतलाई मात्र आयोगमा कायम राख्न सकेको र तीमध्ये पनि एक तिहाइ कर्मचारी मात्र कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) स्तरमा पुग्न सकेको सङ्केत माथि दिइएको तथ्याङ्कले दिएको हुँदा यो यथार्थ केही हदसम्म चिन्ताजनक देखिएको छ । अझ बढी चिन्ताजनक कुरा त के छ भने सरुवा भएका, अवकाश प्राप्त गरेका वा निधन भएका वा सरोकार पक्ष समूहका ५६ जना (३५+२१) मध्ये २७ जना (१६+२+६+३) ले मात्र कार्यशाला वा प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Workshop or Accrediting Facilitator) को स्तर प्राप्त गरेका छन् । यसको अर्थ TTF पूरा गरेका सबैलाई अधिकतम रूपमा प्रयोग गरिएको छैन र BRIDGE सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयनका लागि नेपाललाई आत्मनिर्भर बनाउनेसन्दर्भमा यसको नकारात्मक प्रभाव पर्न सक्छ (हेर्नुहोस्, **अनुसूची ३** - नेपालमा प्रमाणीकरण (Accreditation) स्तर) ।

निर्वाचन आयोगका TTF मा सहभागिता जनाएका कर्मचारीहरूमध्ये दुई तिहाइभन्दा बढी सरुवा भइसकेका छन् भने कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) वा सोभन्दा माथिको मान्यता प्राप्त गरेका १३ जनामध्ये आधाभन्दा बढीको पनि सरुवा भइसकेको छ - यो तथ्य पनि चिन्ताजनक छ । यस तथ्याङ्कले BRIDGE प्रमाणीकरण (Accreditation) प्राप्त गर्नु र निर्वाचन आयोगमा कार्यरत रहनुको बीचमा कुनै सम्बन्ध नरहेको सङ्केत गर्दछ । वास्तवमै यो निर्वाचन आयोगले सोचनुपर्ने मुद्दा हो ।

प्राप्ताङ्क (Scorecard): क्रियाकलाप
*पाँच वर्षभित्र पूर्ण रूपमा प्रमाणीकृत (Fully Accrdited) TTF सहभागीहरु*

३०%

**नेपालमा BRIDGE कार्यशालाहरु**

प्रति वर्ष आयोजना गरिएका कार्यशालाहरूको सङ्ख्या :

| वि. सं. २०६४ सन् २००८ | वि. सं. २०६५ सन् २००९ | वि. सं. २०६६ सन् २०१० | वि. सं. २०६७ सन् २०११ | वि. सं. २०६८ सन् २०१२ | वि. सं. २०६९ सन् २०१३ | वि. सं. २०७० सन् २०१४ | वि. सं. २०७१ सन् २०१५ | वि. सं. २०७२ सन् २०१६ | वि. सं. २०७३ सन् २०१७ |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १२ | ४ | १५ | १६ | २ | १२ | १४ | ८ | ० |

नेपालमा आयोजना गरिएका ८४ वटा कार्यशालामध्ये ३० वटामा महिला समूह, अपाङ्गतासम्बन्धी पैरवी गर्ने समूहहरू, सञ्चार माध्यम, प्राज्ञिक संस्थाहरु तथा राजनैतिक दलहरु लगायतका वाह्य सरोकारवालाहरूलाई समेटिएको थियो (थप विस्तृत तथ्याङ्कका लागि हेर्नुहोस्, **अनुसूची ४** – नेपालमा BRIDGE कार्यशालाहरू) । माथि उल्लेख गरिएका चार वटा TTF का अतिरिक्त तल उल्लेख गरिएका मोड्युलहरु (पूरा गरेको, संयुक्त रूपमा सञ्चालित वा परिमार्जित) सञ्चालन गरिएका थिए:

| | |
|---|---|
| • निर्वाचनपूर्व तथा निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण | ४ |
| • निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी प्रशिक्षण | २१ |
| • निर्वाचन न्याय (निर्वाचन विवाद निरूपण) सम्बन्धी कार्यशाला | ४ |
| • निर्वाचन प्रणालीहरूसम्बन्धी प्रशिक्षण | ४ |
| • लैङ्गिकता तथा निर्वाचनसम्बन्धी प्रशिक्षण | २१ |
| • निर्वाचन सुरक्षासम्बन्धी प्रशिक्षण | १ |
| • सञ्चार माध्यम तथा निर्वाचनसम्बन्धी प्रशिक्षण | ४ |
| • राजनैतिक दलहरु तथा निर्वाचनसम्बन्धी प्रशिक्षण | ६ |
| • निर्वाचन प्रक्रियाहरूमा पहुँचसम्बन्धी प्रशिक्षण | ४ |
| • राजनैतिक दलको खर्चसम्बन्धी प्रशिक्षण | ७ |
| • निर्वाचन शिक्षा तथा सूचनासम्बन्धी प्रशिक्षण | १ |
| • रणनैतिक तथा वित्तीय योजना तर्जुमासम्बन्धी प्रशिक्षण | १ |
| • EEIC सम्बन्धी BRIDGE परिचय | १ |
| • केन्द्रीय कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी BRIDGE विशेष प्रशिक्षण | ७ |
| • TTF नेपाल | ४ |
| • अन्तर्राष्ट्रिय TTF | ३ |
| • BRIDGE : एक झलक (BRIDGE Showcase) | १ |
| **जम्मा** | **८७** |

धेरै सङ्ख्यामा कार्यशाला सञ्चालन गरिएको र त्यसैको फलस्वरूप सहभागीहरूलाई कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) सम्पन्न गर्ने थुप्रै अवसर उपलब्ध भएको सन्दर्भमा TTF सम्पन्न गर्ने ३५ जना सहजकर्ता मात्रै प्रमाणीकृत हुनु केही मात्रामा चिन्ताजनक कुरा हो । BRIDGE को अन्तर्राष्ट्रिय सहजकर्ता समुदायका तीन हजार ६३३ सदस्यमध्ये एक हजार १४ जना मात्र कार्यशाला प्रमाणीकृत (Workshop Accredited) वा त्योभन्दा माथिको स्तरका भएको तथ्य मनन गर्नु यहाँनिर महत्वपूर्ण हुन्छ ।[४] नेपालमा कार्यशाला प्रमाणीकृत (Workshop Accredited) वा त्योभन्दा माथिको स्तर हासिल गर्ने व्यक्तिहरूको सङ्ख्यासँग यो प्रतिशत निकै मेल खान्छ र यसले प्रमाणीकरण (Accreditation) प्रक्रियामा विश्वव्यापी रूपमै अवरोध विद्यमान रहेको यथार्थतर्फ सङ्केत गर्दछ । अन्तर्राष्ट्रिय BRIDGE साझेदारीले यस मुद्दालाई सम्बोधन गर्न आवश्यक छ ।


निर्वाचन आयोगले TTF मा भाग लिएका आफ्ना कर्मचारीमध्ये आधाभन्दा बढी सरूवा भएको वा अवकाश प्राप्त गरेको अवस्थामा BRIDGE कार्यक्रम सञ्चालनलाई निरन्तरता दिन चाहेको खण्डमा त्यसका लागि आवश्यक क्षमता यससँग पर्याप्त मात्रामा भएको सुनिश्चित गर्नका लागि कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) को प्रक्रियामा जाने अवसर उपलब्ध सहजकर्ताहरूको सङ्ख्या वृद्धि गर्नु व्यावहारिक हुन सक्छ ।

[४] BRIDGE वेबसाइटको सहजकर्ता खण्ड

८३ वटा गैर TTF कार्यशालामध्ये ३० वटा काठमाडौँ बाहिर देशका विभिन्न २५ वटा स्थानमा सञ्चालन गरिएका थिए । निर्वाचन आयोगको केन्द्रीय सचिवालय तथा जिल्ला स्तरमा कार्यरत ७३३ जना कर्मचारीमध्ये चार सय जनाले कम्तीमा एउटा कार्यशालामा सहभागिता जनाएका छन् । सहभागिता उच्च स्तरमा भएको तर BRIDGE कार्यक्रममा सहभागी नभएकालाई समावेश गर्नका लागि अझै ठाउँ बाँकी नै रहेको सङ्केत यसले गर्दछ ।

प्राप्ताङ्क (Scorecard): क्रियाकलाप

*प्रति वर्ष कार्यशालामा सहभागी भएकाहरूको औसत सङ्ख्या*




## सहभागीहरूको सन्तुष्टि

मूल्याङ्कन टोलीलाई उपलब्ध गराइएको सहभागीहरूको सन्तुष्टिसम्बन्धी नमुना तथ्याङ्क **(हेर्नुहोस्, अनुसूची ५ र ६)** सापेक्षिक रूपमा सानो भए पनि यसले निकै उच्च स्तरको सन्तुष्टि भएको तथ्यबारे सङ्केत गरेको छ । उदाहरणका लागि, यूएनडीपी - ईएसपीको सहयोगमा वि. सं. २०७१ को असार (सन् २०१५ जुन) मा सञ्चालन गरिएको परिचयात्मक मोड्युल (BRIDGE Introductory Module) मा २१ जना सहभागीमध्ये १९ जनाले उनीहरूको दैनिक कार्यका लागि विषयवस्तु उपयोगी भएको उल्लेख गरेका थिए (११ जना "पूर्ण रूपमा", आठ जना "केही हदसम्म") । २१ जनामध्ये १८ जनाले सहजकर्ताको व्यावसायिकता, सीप स्तर र लचकतालाई पनि राम्रो वा निकै राम्रो ('निकै राम्रो' उच्चतम मापनका रूपमा रहेको) का रूपमा मूल्याङ्कन गरेका थिए । यसैगरी वि. सं. २०६८ को फागुन (सन् २०१२ फेब्रुअरी) मा IFES को सहयोगमा जिल्ला निर्वाचन अधिकारीहरूका लागि सञ्चालन गरिएको परिचयात्मक मोड्युल (BRIDGE Introductory Module) मा ७० प्रतिशतभन्दा बढीले विषयवस्तु राम्रो वा सर्वोत्कृष्ट भएको उल्लेख गरेका थिए भने ९० प्रतिशतले विधि राम्रो वा सर्वोत्कृष्ट भएको मूल्याङ्कन गरेका थिए ।

प्राप्ताङ्क (Scorecard): प्रभावकारिता

*सहभागीहरूको सन्तुष्टि*




नेपालमा कार्यरत BRIDGE साझेदारहरूले सामञ्जस्यतापूर्ण मूल्याङ्कन प्रणाली प्रयोग गरेका छैनन् र अङ्कहरूलाई पनि तुलनाका लागि सजिलो हुने गरी व्यवस्थित रूपमा अङ्कगत मानमा रूपान्तरण गरिएको छैन । त्यसैले सहभागीहरूको सन्तुष्टिसम्बन्धी प्राप्ताङ्क ((Scorecard)) को मान निश्चित मानका रूपमा भन्दा पनि मोटामोटी मानका रूपमा मात्र रहेको छ ।

## सिकाइ उपलब्धि - प्रशिक्षणपूर्व तथा प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा का परिणामहरु

यूएनडीपी - ईएसपीबाट वि. सं. २०७१ (सन् २०१५) अघि सञ्चालन गरिएका र IFES द्वारा वि. सं. २०६८ (सन् २०१२) अघि सञ्चालन गरिएका मोड्युलहरूका प्रशिक्षणपूर्व तथा प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा (Pre and Post -Testing) सम्बन्धी तथ्याङ्कहरु उपलब्ध छैनन् । तैपनि उपलब्ध गरिएका सापेक्षिक रूपमा ठूला सङ्ख्याका तथ्याङ्क नमुनाहरूले BRIDGE कार्यशालाहरूका क्रममा गरिएको ज्ञान हस्तान्तरण निकै प्रभावकारी भएको सङ्केत गरेका छन् । IFES का नमुनाहरूले सङ्केत गरे अनुसार आठ वटा कार्यक्रमका क्रममा ३२.७ प्रतिशतदेखि ६४.४ प्रतिशतसम्म ज्ञान वृद्धि भएको थियो । सामान्यतया प्रारम्भिक ज्ञानभन्दा करिब २० प्रतिशतदेखि ३० प्रतिशतसम्म र कहिलेकाहीँ ८० प्रतिशतसम्म ज्ञान वृद्धि भएको देखिएको छ ।

ईएसपीको सहयोगमा वि. सं. २०७१ (सन् २०१५) मा सञ्चालन गरिएका लैङ्गिकतासम्बन्धी कार्यशालाहरूमध्ये एउटामा औसत ज्ञान वृद्धि २४ प्रतिशत रहेको थियो भने उक्त समूहको प्रारम्भिक विषयगत ज्ञान सापेक्षिक रूपमा उच्च अर्थात् ४० प्रतिशत थियो र प्रशिक्षणपछि उक्त ज्ञान ६४ प्रतिशतसम्म वृद्धि भएको थियो ।

यी सबैले ३ दिनको समयावधिमा उल्लेख्य ज्ञान हस्तान्तरण भएको सङ्केत गरेका छन् ।

| | |
|---|---|
| प्राप्ताङ्क (Scorecard): प्रभावकारिता<br>*सहभागीहरूको सिकाइ (प्रशिक्षणपूर्व तथा पछिका परीक्षा को मूल्याङ्कन)* | ८०% |

## ७.२ गुणात्मक तथ्याङ्क

**वि.सं. २०६३ (सन् २००७) को आवश्यकता मूल्याङ्कन (Needs Assessment) प्रतिवेदन**

वि.सं. २०६३ (सन् २००७) मा यूएनडीपी - ईएसपी, IFES र International IDEA ले BRIDGE सम्बन्धी आवश्यकता मूल्याङ्कन (Needs Assessment) गर्नका लागि संयुक्त रूपमा आर्थिक भार व्यहोरेका थिए । यो आवश्यकता मूल्याङ्कन (Needs Assessment) अध्ययन विश्वका कुनै पनि स्थानमा गरिएका BRIDGE मा केन्द्रित पहिलो आवश्यकता मूल्याङ्कन (Needs Assessment) मध्ये एउटा थियो । यसको उद्देश्य निर्वाचन आयोगको प्रशिक्षण आवश्यकताबारे अध्ययन गर्नु र तल उल्लेख गरिएका विषयमा जानकारी हासिल गर्नु थियो :

१. निर्वाचन आयोगलाई BRIDGE को प्रयोगमा रुचि भएको वा नभएकोबारे जानकारी लिनु र
२. उक्त समयका लागि निर्वाचन आयोगका आवश्यकताहरूका लागि सबैभन्दा उपयोगी हुन सक्ने BRIDGE मोड्युलहरु ।

प्रारम्भमा BRIDGE के हो र यसले निर्वाचन आयोग र नेपाललाई कसरी सहयोग गर्न सक्छ भन्नेबारे निर्वाचन आयोगका वरिष्ठ कर्मचारीहरूमा केही हिच्किचाहट थियो । यसैबीच आयुक्तहरु, सचिव र सह-सचिवहरूलाई BRIDGE सम्बन्धमा सङ्क्षिप्त जानकारी दिन 'BRIDGE : एक झलक' (Bridge Showcase) नामक एउटा छोटो सत्र सञ्चालन गरिएको थियो । त्यसको अन्त्यमा निर्वाचन आयोगका आवश्यकताका सन्दर्भमा BRIDGE वास्तवमै सुहाउँदो भएको निष्कर्षमा सबै पुगेका थिए ।

निर्वाचन आयोगका अल्पकालीन आवश्यकताका रूपमा तल उल्लेख गरिएका बुँदाहरूको पहिचान गरिएको थियो :

- निर्वाचन आयोगका उद्देश्यहरु र निर्वाचन आयोगका कर्मचारीहरूले गर्नुपर्ने सामान्य कामहरूबारे साझा समझदारीसम्बन्धी आवश्यकता;
- मतदाता दर्ता कार्यान्वयन गराउने क्षमता;
- सबै नेपालीका लागि समावेशी निर्वाचन प्रणाली सिर्जना गर्ने क्षमता ।

त्यसैले तल उल्लेख गरिएका BRIDGE मोड्युलहरु सबैभन्दा बढी उपयोगी हुने निष्कर्ष निकालिएको थियो :

- निर्वाचन व्यवस्थापनको परिचय (नयाँ कर्मचारीहरूका लागि कार्य प्रवेश प्रशिक्षण Induction Training का लागि प्रयोग गरिएको)
- मतदाता दर्ता
- निर्वाचन प्रक्रियाहरूमा पहुँच
- लैङ्गिकता तथा निर्वाचन
- निर्वाचन व्यवस्थापन संरचना

सबैका लागि उल्लेख्य परिमार्जन तथा अनुवाद आवश्यक हुन सक्छ ।

प्राप्ताङ्क (Scorecard): अवधारणा निर्माण
*विस्तृत आवश्यकता मूल्याङ्कन (Needs Assessment) र समीक्षाहरूमा आधारित*

९०%

**वि. सं. २०६५ (सन् २००९) मा गरिएको दिगोपना, स्थानीयकरण र संस्थागतीकरणसम्बन्धी मूल्याङ्कन**

वि. सं. २०६५ (सन् २००९) मा नेपालमा BRIDGE साझेदारीले परामर्शदाता ब्रायन लाथामलाई संलग्न गराएर त्यस बेलासम्ममा नेपालमा सञ्चालन गरिएका BRIDGE कार्यशालाहरूको दिगोपना, स्थानीयकरण र संस्थागत गर्ने सम्बन्धमा एउटा प्रतिवेदन तयार गरेको थियो । उक्त प्रतिवेदनमा ब्रायन लाथामले तल उल्लेख गरिए अनुसार निष्कर्ष निकाल्नुभएको छः

> “*उचित निगरानी तथा योजना तर्जुमा भएको अवस्थामा नेपालमा BRIDGE का लागि निश्चित रूपमा भविष्य छ । यो अहिल्यै एउटा निकै सफल कार्यक्रमका रूपमा देखिएको छ, यसका कार्यशालाहरूमा सहभागी भएका निर्वाचन आयोगका कर्मचारीहरूले यसलाई आत्मसात गरेका छन् र यसको सञ्चालन गर्ने सीपयुक्त तथा बढ्दो रूपमा अनुभवी सहजकर्ताहरूको समूहले यसलाई भावनात्मक रूपमा महत्व प्रदान गरेको छ । यसलाई सरोकारवालाहरूबीच निकै सफलतापूर्वक लैजान सकिने सम्भावना पनि उत्तिकै छ ।*[५]

निर्वाचन आयोगको निर्वाचन शिक्षा तथा सूचना केन्द्र (EEIC) BRIDGE का लागि उपयुक्त थलो भएको अनुभव पनि उहाँले गर्नुभएको थियो । उहाँले उक्त केन्द्रलाई सामग्रीहरु परिमार्जन र अनुवाद गर्ने तथा BRIDGE कार्यक्रमहरूलाई राष्ट्रिय स्तरमा समन्वय गर्नका लागि उपयुक्त स्थानका रूपमा उल्लेख गर्नुभएको छ ।

सरोकारवालाहरूसँग संलग्न हुनका लागि BRIDGE को प्रयोग गर्ने र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको प्रशिक्षण सामग्रीमा यसलाई समावेश गरेर नेपालको निजामति सेवामा यसलाई "मूलप्रवाहीकरण" गर्ने ठूलो अवसर पनि लाथामले देख्नुभएको छ । यसो भए पनि उहाँले यस कार्यक्रमको दिगोपना, स्थानीयकरण र संस्थागत गर्ने सन्दर्भमा कैयौँ जोखिमको पहिचान पनि गर्नुभएको छ । तीमध्ये केही तल उल्लेख गरिएका छन्ः

- निर्वाचन आयोगमा BRIDGE का लागि बजेट नभएको,
- निर्वाचन आयोगलाई BRIDGE को पूर्ण स्वामित्व प्रदान गर्नका लागि हस्तान्तरणसम्बन्धी स्पष्ट व्यवस्था नभएको
- प्रशिक्षित सहजकर्ताहरूलाई टिकाइ राख्नमा कठिनाइ, र
- महिला प्रशिक्षकहरूका लागि अवसरको अभाव ।

**यूएनडीपी - ईएसपी प्रभाव तथा दिगोपना मूल्याङ्कन : वि. सं. २०६४ - २०६८ (सन् २००८ - २०१२)**

वि. सं. २०६८ (सन् २०१२) मा यूएनडीपी - ईएसपीको तर्फबाट लिलि थापा र कपिल न्यौपानेले एउटा मूल्याङ्कन सम्पन्न गरेका थिए । त्यसमा निकालिएको निष्कर्ष यस प्रकार थियोः

> “*नेपालमा BRIDGE कार्यक्रम समग्र रूपमा सफल रह्यो । यस कार्यक्रमको कार्यान्वयनमा निर्वाचन आयोग र यसका साझेदार अन्तर्राष्ट्रिय निकायहरूबीचको सहयोगका साथै सिकाइ र नयाँ सीपहरु उपलब्ध गराउनमा सहजकर्ताहरूको प्रभावकारितामा देखिएका प्रभावहरूका दृष्टिकोणबाट यो विशेष रूपमा सत्य रहेको छ । यस कार्यक्रम थप स्वतन्त्र तथा दिगो होस् भन्ने सुनिश्चितका लागि यस कार्यक्रमको परिमार्जन तथा संस्थागत गर्न थप सशक्तीकरण गर्न भने आवश्यक छ । यसका अतिरिक्त*

[५] नेपालमा BRIDGE को दिगोपना, स्थानीयकरण र संस्थागतीकरणसम्बन्धी मूल्याङ्कन प्रतिवेदन - वि. सं. २०६५ (सन् २००९), पृष्ठ १४ - १५

*आर्थिक सहयोग, स्वामित्व तथा निर्वाचन आयोगको वार्षिक कार्यक्रमका रूपमा निर्वाचन* BRIDGE *प्रशिक्षण कार्यक्रमको समावेशीकरणसम्बन्धी मूल चासोहरूलाई समाधान गरिनु पनि आवश्यक छ ।*

*निर्वाचन आयोगले निर्वाचनसम्बन्धी* BRIDGE *कार्यक्रमको पूर्ण स्वामित्व लिनका लागि तथा यसको दिगोपना सुनिश्चित गर्नका लागि तात्कालिक रूपमा थुप्रै मुद्दाबारे थप छलफल गर्न र स्पष्ट पार्न आवश्यक छ । कार्यक्रमको व्यवस्थापन, स्थान, रणनीति, वित्तीय सहयोग तथा गुणस्तर प्रत्याभूतिका साथै निर्वाचन* BRIDGE *कार्यालय एवं साझेदारहरूका भूमिकाहरूसम्बन्धी प्रश्नहरूलाई सम्बोधन गर्न आवश्यक छ ।"*[६]

उक्त मूल्याङ्कनका सिफारिशहरु तल उल्लेख गरिएका छन्:

१. सबै समयका लागि उपलब्ध प्रमाणीकृत (Accredited) सहजकर्ताहरूको दिगो सङ्ख्या विद्यमान रहेको सुनिश्चित गर्न प्रमाणीकरण (Accreditation) प्रक्रियाका माध्यमबाट थप सहजकर्ताहरूलाई पालैपालो अवसर प्रदान गरिनुपर्दछ । *"निर्वाचन आयोग र निर्वाचनसम्बन्धी* BRIDGE *कार्यालयले प्रशिक्षण कार्यक्रमको प्रभावकारी सञ्चालन र आपूर्तिका लागि सहजकर्ता परिचालन रणनीति तयार गर्नु आवश्यक छ ।"*[७]

२. महिला सहजकर्ताहरूको सङ्ख्या बढाउनु आवश्यक छ;

३. निर्वाचन आयोगको प्रशिक्षण एकाइका रूपमा BRIDGE लाई EEIC मा समाहित गर्नुपर्दछ;

४. निर्वाचन आयोगको वार्षिक योजनामा BRIDGE सञ्चालनका लागि बजेटको व्यवस्था गरिनुपर्दछ;

५. निर्वाचन आयोगमा कार्यरत BRIDGE सहजकर्ताहरूले केन्द्रीय तथा स्थानीय तह दुवैमा BRIDGE प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ, र निर्वाचन आयोगभन्दा बाहिरबाट BRIDGE सहजकर्ताहरु ल्याउनका लागि योजना तर्जुमा गर्नुका साथै बजेटको व्यवस्था गर्नु आवश्यक छ;

६. भावी प्रशिक्षणहरूका लागि प्रयोग गर्न सकिने नेपाली भाषामा तयार गरिएका परिमार्जित मोड्युलहरूको सङ्ख्यामा वृद्धि गरिनुपर्दछ;

७. EEIC मार्फत निर्वाचन आयोगलाई BRIDGE को स्वामित्व चरणगत रूपमा हस्तान्तरण गरिनुपर्दछ;

८. निर्वाचन आयोगबाट व्यवस्थापन तथा अभिलेखीकरण हुने गरी अझ राम्रो अनुगमन तथा मूल्याङ्कन विधिलाई निरन्तर रूपमा अगाडि बढाइनुपर्दछ ।

माथिका सिफारिशहरूमध्ये तल उल्लेख गरिएका केही सिफारिश आंशिक रूपमा सम्बोधन गरिएको देखिएका छन्:

- उदाहरणका लागि, BRIDGE लाई आंशिक रूपमा EEIC मा गाभिएको छ तर अहिलेसम्ममा EEIC को व्यवस्थापक BRIDGE प्रमाणीकृत (Accredited) सहजकर्ता भएकाले उनीबाट समन्वय समितिको अध्यक्षता गर्ने र अनुवाद गरिएका तथा परिमार्जन गरिएका केही BRIDGE सामग्रीको अभिलेख राख्ने काम मात्र भएको छ ।
- जिल्ला स्तरमा BRIDGE सञ्चालन गर्ने प्रयास पनि गरिएको छ ।
- दोस्रो संस्करणका सामग्री प्रयोग गरेर BRIDGE प्रशिक्षण सामग्रीमध्ये केही नयाँ अनुवाद गरिएको जानकारी पनि मूल्याङ्कन टोलीलाई प्रदान गरिएको छ । तर यसको प्रमाण भने हामीलाई उपलब्ध गराइएको छैन । तेस्रो संस्करणका कुनै पनि सामग्रीको अनुवाद वा परिमार्जन कार्य शुरू गरिएको छैन ।

---

[६] प्रभाव तथा दिगोपना मूल्याङ्कन : नेपालमा निर्वाचन BRIDGE कार्यक्रम (वि.सं २०६४ - २०६८), पृष्ठ २२

[७] प्रभाव तथा दिगोपना मूल्याङ्कन : नेपालमा निर्वाचन BRIDGE कार्यक्रम (वि.सं. २०६४ - २०७४), पृष्ठ १८

- BRIDGE साझेदारहरूमध्ये केहीले BRIDGE मोड्युलका क्रममा र पछि प्रशिक्षणपूर्व एवं प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा (Pre and Post -Testing) तथा केही कार्यस्थल आत्म-मूल्याङ्कनको प्रयोग गरेका छन् तर यसलाई व्यवस्थित रूपमा गर्न बाँकी नै छ र निर्वाचन आयोगबाट यसको व्यवस्थापन गरिएको देखिँदैन ।

माथि दिइएको सूचीमा उल्लेख गरिएका सबै सिफारिश कार्यान्वयन गर्न अझै थुप्रै काम गर्न बाँकी नै छ ।

निर्वाचन आयोगलाई यस मूल्याङ्कन तथा सिफारिशहरूबारे कसरी सञ्चार गरिएको छ भन्नेबारे कुनै पनि जानकारी मूल्याङ्कन टोलीले फेला पार्न सकेको छैन । न हामीले निर्वाचन आयोग तथा नेपालमा कार्यरत BRIDGE साझेदारहरूले कुन कुन सिफारिशहरु अनुमोदन गरेका छन् भन्नेबारे कुनै प्रमाण नै फेला पार्न सक्यौं (तिनीहरु वास्तवमै छन् भने) । वि. सं. २०७५ (सन् २०१८) मा गरिएको यस मूल्याङ्कनका सिफारिशहरु BRIDGE समन्वय समितिसमक्ष प्रस्तुत गरिएपछि उक्त समितिले ती सिफारिश अनुमोदन गरेर व्यवस्थित रूपमा कार्यान्वयन गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

## निर्वाचन आयोगको रणनैतिक तथा वार्षिक कार्य योजनाहरु, वि. सं. २०७१ - २०७५ (सन् २०१५ - २०१९)

निर्वाचन आयोगको वर्तमान रणनैतिक योजनाको स्तम्भ २ को लक्ष्य ५ ("प्रत्येक वर्ष प्रत्येक कर्मचारीलाई कम्तीमा एउटा प्रशिक्षण अवसर उपलब्ध गराउने")[८] र स्तम्भ ४ को लक्ष्य ११ ("अन्य निकायका कार्यक्रमहरूसँग समन्वय गरी निर्वाचनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने")[९] मा प्रशिक्षणबारे उल्लेख गरिएको छ तर रणनैतिक योजना तथा दुई वर्षे कार्य योजनामा BRIDGE बारे निश्चित रूपमा उल्लेख गरिएको छैन ।

## यूएनडीपी - ईएसपीको दोस्रो चरणको परियोजना दस्तावेज

यस दस्तावेजको उपलब्धि १ (उपलब्धि १.२ - कर्मचारीको निरन्तरता / स्थायित्व थमौती र व्यावसायिक विकासका लागि सहयोग) मा पहिचान गरिएको एक तत्वका रूपमा BRIDGE रहेको भए पनि परियोजना डिजाइनको समग्र संरचनामा यो "आत्मनिर्भर" अंशका रूपमा देखिएको छ । BRIDGE लाई समेट्ने यस संरचनाको खण्डमा अधिकांश रूपमा BRIDGE वेबसाइटमा राखिएका BRIDGE सम्बन्धी विवरणलाई सामान्य रूपमा प्रयोग गरिएको छ । परियोजना डिजाइनको यस खण्डमा उल्लेख गरिएको छः

- *"सान्दर्भिक BRIDGE मोड्युलहरूलाई समेटिनेछ वा अन्य सरोकारवालाका लागि विशेष रूपमा तयार गरिनेछ", र*
- *"नेपालको नयाँ निर्वाचन प्रणालीलाई समेट्न निश्चित रूपमा निर्वाचन प्रणालीसम्बन्धी BRIDGE प्रशिक्षण सामग्रीको अंशका रूपमा उपलब्ध गराइनेछ"*[१०]

उपलब्धि १ का झण्डै झण्डै अन्य सबै प्राथमिकता क्षेत्र अलग अलग BRIDGE मोड्युलहरूका केन्द्रविन्दु हुन् । ती उपलब्धि क्षेत्रमध्ये कतिपयमा BRIDGE को प्रयोग उपयुक्त नहुन सक्छन् तर केहीमा भने हुन सक्छन् । परियोजना डिजाइनका अन्य कुनै क्षेत्रका लागि सहयोग पुग्ने संयन्त्रका रूपमा BRIDGE लाई वास्तवमै स्वीकार गरिएको छैन (कम्तीमा परियोजना डिजाइनमा) । यी उपलब्धिमध्ये कतिपयको परिचय गराउनका लागि प्रयोग गर्न सकिन्थ्यो वा निर्वाचन आयोगका कर्मचारीहरूलाई सबै उपलब्धिमा नभए पनि केहीमा गहन व्यावसायिक विकास गराउनका लागि परिमार्जन तथा अनुवादन गर्न सकिन्थ्यो ।

मोड्युलहरु कसरी छनोट गरिनेछ, छनोट प्रक्रियामा को को संलग्न हुनेछन्, मोड्युलहरु कसरी सञ्चालन गरिनेछ र तिनीहरूको परिमार्जन कसका लागि गरिनेछ भन्नेबारे पनि केही उल्लेख गरिएको छैन ।

---

[८] निर्वाचन आयोगको रणनैतिक योजना वि. सं. २०७१ २०७५ (सन् २०१५ - १९), पृष्ठ ३१

[९] निर्वाचन आयोगको रणनैतिक योजना वि. सं. २०७१ २०७५ (सन् २०१५ - १९), पृष्ठ ४४

[१०] निर्वाचन सहायता परियोजना (ईएसपी) दोस्रो चरणको परियोजना ढाँचा, पृष्ठ १३

निर्वाचन आयोगको कार्य प्रवेश प्रशिक्षण (Induction Training) का प्रशिक्षण सामग्रीको प्राथमिक स्रोत BRIDGE को परिचयात्मक मोड्युल (BRIDGE Introductory Module) भएको स्पष्ट प्रमाण भए पनि निश्चित उपलब्धिहरुबारे जानकारी दिने तालिकामा यस कार्य प्रवेश प्रशिक्षण (Induction Training) तथा BRIDGE बीचको सम्बन्धबारे केही उल्लेख गरिएको छैन । कति वटा मोड्युलहरु सञ्चालन गरिनेछन् र कसका लागि सञ्चालन गरिनेछन् भन्नेबारे पनि निश्चित रुपमा उल्लेख गरिएको छैन ।

मूल परियोजनाको डिजाइन निर्धारण गरिएको समयमै यी सबै कुरा विभिन्न किसिमबाट थाहा पाउन सकिन्थ्यो तर BRIDGE का सबै सम्भावना अझै पनि स्पष्ट थिएनन् । आगामी दश वर्षमा BRIDGE बाट सिकिएका कुराहरुका आधारमा भावी परियोजना डिजाइन निर्माण प्रक्रियामा BRIDGE लाई यसको क्षमतालाई सबैभन्दा राम्रो प्रयोग गर्न सकिने उपाय अनुसार समावेश गर्न सकिनेछ भन्ने आशा मूल्याङ्कन टोलीले लिएको छ ।

**यूएनडीपी – ईएसपीका वार्षिक प्रतिवेदनहरु वि. सं. २०६८ – २०७० (सन् २०१२ – २०१४)**
विभिन्न वार्षिक प्रतिवेदनहरुमा BRIDGE बारे उल्लेख गरिएका शैलीहरुको अध्ययन गर्ने क्रममा कति वटा र कुन कुन किसिमका BRIDGE कार्यक्रमहरु सञ्चालन गरिएका थिए र कति व्यक्तिहरु (महिला र पुरूष सहभागीमा विभाजन गरी) सहभागी भएका थिए भन्ने जानकारी मात्रै तिनीहरुमा उल्लेख गरिएका थिए भन्ने कुरा स्पष्ट भयो । निश्चय पनि यो जानकारी निकै उपयोगी छ तर यी जानकारी तल उल्लेख गरिएका कुराहरुको मूल्याङ्कनका लागि पनि उपयोगी हुन सक्थ्यो :

- सहभागीहरुको सन्तुष्टि
- ज्ञान हस्तान्तरण, र
- कार्याभ्याश र नेपालमा निर्वाचन व्यवस्थापनको गुणस्तरमा दीर्घकालीन प्रभाव ।

माथि छलफल गरिएका परियोजना डिजाइनसम्बन्धी मुद्दाहरुका सन्दर्भमा जस्तै यीमध्ये कतिपय मुद्दालाई BRIDGE को सम्भावित प्रयोगका सम्बन्धमा हाल विद्यमान राम्रो बुझाइका आधारमा भविष्यमा सम्बोधन गर्न सकिन्छ । परिणामस्वरुप यसले BRIDGE बारे तयार गरिने प्रतिवेदनहरुमा BRIDGE को प्रयोगका लागि बढी उपयुक्त एवं केन्द्रित उद्देश्यहरु र सफलताका सूचकहरु तयार गर्न सहयोग पुऱ्याउनुपर्दछ ।

# ८. पत्ता लागेका कुराहरु

मूल्याङ्कन टोलीले पत्ता लगाएका कुराहरु दुई भागमा प्रस्तुत गरिएका छन् । पहिलो भागमा नेपालमा BRIDGE कतिको राम्ररी सञ्चालन गरिएको छ भन्नेबारे परीक्षण गरिएको छ भने दोस्रो भागमा व्यक्तिगत तथा संस्थागत दुवै दृष्टिकोणबाट BRIDGE का प्रभावहरुबारे परीक्षण गरिएको छ ।

## ८.१. BRIDGE व्यवस्थापन

### ८.१.१ नीतिगत दस्तावेजहरु

**BRIDGE साझेदारहरु**

**क. ईएसपी दोस्रो चरणको परियोजना डिजाइनमा BRIDGE कसरी प्रतिविम्बित भएको छ ?**
डेस्क समीक्षामा उल्लेख गरिए झैँ दोस्रो चरणको परियोजना डिजाइनको BRIDGE प्रति समर्पित भाग निकै हदसम्म उक्त डिजाइनको "आत्मनिर्भर" अंशका रुपमा देखिएको छ । BRIDGE वेबसाइटमा उल्लेख गरिए अनुसार BRIDGE *"वृहद् क्षमता विकास संरचनाभित्रको एउटा साधनका रुपमा प्रयोग गर्न तयार गरिएको"* हो ।[11] पक्कै पनि यही उद्देश्यका लागि BRIDGE लाई परियोजना डिजाइनमा समावेश गरिएको छ (र यो

[11] BRIDGE वेबसाइट (होम)

निर्वाचन आयोग र यसका सरोकारवालाहरूबीच लोकप्रिय भएकोले पनि) तर यसलाई उपलब्धि १ मा वा परियोजना डिजाइनमा थप सामान्य रूपमा समावेश गरिएको छैन ।

निश्चित उपलब्धिहरु र परियोजना सिङ्कैका लागि BRIDGE लाई उपयोग गर्नका लागि प्रयोग गर्न सकिने उपायहरूबारे चित्रण गरिनु उपयोगी हुन सक्छ ।

प्राप्ताङ्क (Scorecard): अवधारणा निर्माण
*क्षमता विकास कार्यक्रममा एकीकरण*
७०%

**ख. ईएसपी दोस्रो चरणको परियोजना डिजाइनमा नेपालमा BRIDGE को प्रयोगका लागि स्पष्ट उद्देश्यहरु उल्लेख गरिएका छन् ?**

नेपालमा BRIDGE सम्बन्धी कुनै पनि मूल्याङ्कनप्रति केन्द्रित हुनका लागि नेपालमा कार्यरत BRIDGE साझेदारहरूका परियोजना डिजाइनहरु र निर्वाचन आयोगका रणनैतिक तथा कार्य योजनाहरु दुवैमा BRIDGE को प्रयोगका लागि स्पष्ट उद्देश्यहरु प्रतिविम्बित भएको हुनु अत्यावश्यक छ । ती उद्देश्य कुन हदसम्म हासिल गरियो भन्ने मापनका लागि ती उद्देश्यको परिणाम सूचकहरु पनि भएको भए अझ लाभदायक हुने थियो ।

हाल ईएसपी दोस्रो चरणको परियोजना दस्तावेजमा BRIDGE को उल्लेख उपलब्धि १ मा गरिएको देखिन्छ । उपलब्धि १ को उद्देश्य *"शासनको स्थायी, स्वतन्त्र, विश्वसनीय र व्यावसायिक संस्थानका रूपमा काम गर्न निर्वाचन आयोगको क्षमतालाई सदृढीकरण गर्ने"* हो ।[१२] यसका अतिरिक्त, 'उपलब्धि १.२ – कर्मचारीको स्थायित्व र व्यावसायिक विकासका लागि सहयोग' का उद्देश्यहरु तल उल्लेख गरिए अनुसारका छन्:

- *"निर्वाचन आयोगका सबै तहका अधिकारीहरु (साथै थुप्रै सरोकारवालाको पनि) को व्यावसायिक सीप अभिवृद्धि गरिएको;*
- *निर्वाचन आयोगमा सीपयुक्त, मान्यताप्राप्त प्रशिक्षकहरूको समूह स्थापित गरिएको र थमौती गरिएको;*
- *निर्वाचन आयोगद्वारा उच्च गुणस्तरयुक्त प्रशिक्षण सामग्रीहरु तथा निर्वाचन व्यवस्थापनसम्बन्धी विस्तृत प्रशिक्षण सामग्रीमाथि स्वामित्व लिइएको"*[१३]


यी उद्देश्य BRIDGE सँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि यिनीहरूले नेपालमा BRIDGE का माध्यमबाट ईएसपीले हासिल गर्न खोजिरहेका कुराका लागि संरचना निर्धारण भने गरेका छन् ।

निश्चित क्रियाकलापहरूको भाग (क) मा BRIDGE बारे केही विस्तृत रूपमा वर्णन गरिएको छ तर यसको प्रयोगका लागि तयार गरिएका कुनै उद्देश्य भने उल्लेख गरिएको देखिँदैन । राजनैतिक दलहरु तथा सञ्चार माध्यमका प्रतिनिधिहरु जस्ता सरोकारवालाहरूका लागि निश्चित मोड्युलहरु (पहिचान गरिएको छैन) तयार गरिनुपर्ने र निर्वाचन आयोगका कर्मचारीहरूका लागि निर्वाचन प्रणाली मोड्युल सञ्चालन गरिनुपर्ने उल्लेख परियोजना दस्तावेजमा गरिएको छ । BRIDGE सम्बन्धी कुनै विस्तृत उद्देश्यबारे भने कुनै उल्लेख गरिएको छैन भने BRIDGE उपलब्धि १ का अन्य क्षेत्रसँग जोडिएको छ वा त्यसलाई त्यहाँ समावेश गरिएको छ भन्ने जनाउन पनि केही उल्लेख गरिएको छैन ।


[१२] निर्वाचन सहायता परियोजना (ईएसपी) दोस्रो चरणको परियोजना डिजाइन पृष्ठ ८

[१३] निर्वाचन सहायता परियोजना (ईएसपी) दोस्रो चरणको परियोजना, पृष्ठ ११

प्राप्ताङ्क (Scorecard): अवधारणा निर्माण
*BRIDGE को प्रयोगका लागि निर्धारण गरिएका स्पष्ट उद्देश्यहरु*




प्राप्ताङ्क (Scorecard): प्रभावकारिता
*Achievement of Stated Objectives*




**ग. ती उद्देश्य हासिल गरिएका छन् वा छैनन् भन्ने मापन गर्नका लागि सहमतियुक्त सूचकहरूको व्यवस्था गरिएको छ ?**

BRIDGE सँग प्रत्यक्ष रूपमा सम्बन्धित सूचकहरु तल उल्लेख गरिएका मात्र छन्:

- सञ्चालन गरिएका BRIDGE कार्यक्रमहरूको सङ्ख्या र ती प्रत्येकमा सहभागीहरूको सङ्ख्या (महिला तथा पुरूष), र
- निर्वाचन आयोगको स्वामित्वमा रहेका प्रशिक्षण सामग्रीहरूको परिमाण ।

BRIDGE को पहुँचको परिमाण मापनका लागि ती सूचक उपयोगी छन् तर निश्चित सन्दर्भमा BRIDGE को प्रभावको गुणस्तरबारे वर्णन गर्नका लागि भने तिनीहरु निकै हदसम्म अपर्याप्त छन् । सहभागीहरूको सन्तुष्टि, ज्ञान हस्तान्तरण, कार्याभ्याशमा प्रभाव वा प्रवृत्ति र आत्मविश्वास स्तरमा प्रभाव जस्ता कुराहरूलाई सूचकका रूपमा समावेश गरिएको भए थप उपयोगी तथा निर्देशनात्मक हुने थियो । ती सबैलाई BRIDGE को प्रयोगका लागि उद्देश्यहरूका रूपमा वा कम्तीमा BRIDGE को सफलताका लागि सूचकका रूपमा हेर्न सकिन्थ्यो ।

प्राप्ताङ्क (Scorecard): अवधारणा निर्माण
*BRIDGE उद्देश्यहरूका लागि निर्धारण गरिएका SMART सूचकहरु*




## निर्वाचन आयोग, नेपाल

**घ. निर्वाचन आयोगको नीतिगत दस्तावेजहरु वा कार्य योजनाहरूमा BRIDGE बारे उल्लेख गरिएको छ ?**

मूल्याङ्कन टोलीले समीक्षा गरेका निर्वाचन आयोगका वर्तमान कुनै पनि नीतिगत दस्तावेज वा कार्य योजनामा BRIDGE बारे प्रत्यक्ष उल्लेख गरिएको छैन । निर्वाचन आयोगको वर्तमान रणनैतिक योजनाको स्तम्भ २ को लक्ष्य ५ *("प्रत्येक वर्ष प्रत्येक कर्मचारी सदस्यलाई कम्तीमा एउटा प्रशिक्षण अवसर उपलब्ध गराउने")*[१४] र स्तम्भ ४ को लक्ष्य ११ *("अन्य निकायका कार्यक्रमहरूसँग समन्वय गरी निर्वाचनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने")*[१५] मा प्रशिक्षणबारे उल्लेख गरिएको छ । तर रणनैतिक योजना वा दुई वर्षे कार्य योजनामा BRIDGE बारे निश्चित रूपमा उल्लेख गरिएको छैन ।

निर्वाचन आयोगबाट कर्मचारी सरूवा हुने दरलाई दृष्टिगत गर्दा यो अलि चिन्ताजनक नै देखिन्छ । निर्वाचन आयोगमा BRIDGE को प्रयोगलाई निरन्तरता दिने हो भने यसलाई

[१४] निर्वाचन आयोगको रणनैतिक योजना, वि. सं. २०७१ २०७५ (सन् २०१५ - १९), पृष्ठ ३१
[१५] निर्वाचन आयोगको रणनैतिक योजना वि. सं. २०७१ २०७५ (सन् २०१५ - १९), पृष्ठ ४४

यसको नीतिगत दस्तावेजमा र अझ महत्वपूर्ण रूपमा कार्य योजनाहरूमा पहिचान गरिनु राम्रो हुने थियो । यसो गर्दा कर्मचारी सरूवा भएको अवस्थामा पनि प्रशिक्षणको निरन्तरतालाई सुनिश्चित गर्ने मात्र नभई यो निर्वाचन आयोग BRIDGE लाई आफ्नो क्षमता विकास रणनीतिको एक अंशका रूपमा महत्व दिन्छ भन्ने कुराको स्पष्ट सङ्केत पनि हुन्थ्यो ।

अन्तर्वार्ताका क्रममा वर्तमान **प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवबाट** अभिव्यक्त यो भनाइ भने मर्मस्पर्शी छः

"*अर्को रणनैतिक योजना तर्जुमा दस्तावेजले* BRIDGE *लाई निर्वाचन आयोगको मुख्य क्षमता विकास कार्यक्रमका रूपमा जोड दिन सक्छ ।"*

**आयुक्त ईश्वरी प्रसाद पौड्यालले** तल उल्लेख गरिएको कुरामा आफू विश्वस्त रहेको उल्लेख गर्नुभएको छः

"*समग्र रूपमा अहिलेदेखि नै* BRIDGE *पाँच वर्ष लामो परियोजना हुनुपर्दछ ।"*

यसले के सङ्केत गर्दछ भने निर्वाचन आयोगका लागि दीर्घकालीन BRIDGE नीति तयार गर्ने सोच आयुक्त स्तरमा बनाइएको छ ।

प्राप्ताङ्क (Scorecard): स्वामित्व
*निर्वाचन व्यवस्थापन निकायका नीतिगत र / वा योजना तर्जुमा दस्तावेजहरूमा BRIDGE को सन्दर्भ*
२०%

### ङ. BRIDGE को प्रयोगका लागि स्पष्ट उद्देश्यहरूको व्यवस्था गरिएको छ ?

ईएसपीको परियोजना डिजाइनमा जस्तै निर्वाचन आयोगको रणनैतिक योजनामा पनि प्रशिक्षणबारे उल्लेख गरिएको छ (स्तम्भ ४, लक्ष्य ११ "*अन्य निकायका कार्यक्रमहरूसँग समन्वय गरी निर्वाचनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने*") । तर नेपालमा BRIDGE को सम्भावित प्रयोगका लागि कुनै निश्चित उद्देश्यहरूको उल्लेख गरिएको छैन ।

### च. सूचकहरु हासिल भए वा भएनन् भन्ने मापन गर्नका लागि सहमतियुक्त सूचकहरूको व्यवस्था गरिएको छ ?

BRIDGE सँग प्रत्यक्ष सम्बन्ध भएका कुनै पनि सूचकको व्यवस्था गरिएको छैन । BRIDGE सँग अप्रत्यक्ष रूपमा सम्बन्धित हुन सक्ने एउटै मात्र सूचक यसप्रकार छ - "*निर्वाचन आयोगका सबै कर्मचारीले प्रत्येक वर्ष कम्तीमा एउटा प्रशिक्षण अनुभव हासिल गर्नुपर्दछ ।"*

## ८.१.२ BRIDGE साझेदारहरु, निर्वाचन आयोग तथा अन्य सरोकारवालाबीच सञ्चार तथा समन्वय

वि.सं. २०६४ (सन् २००८) मा नेपालमा BRIDGE लागू गरिएदेखि नै BRIDGE समन्वय समिति (BCC) अस्तित्वमा रहेको छ र यो समिति वर्षमा दुई पटक उक्त वष BRIDGE को सम्भावित प्रयोगबारे छलफल गर्न भेट्ने गर्दछ । उक्त समितिको अध्यक्षता निर्वाचन आयोगले गर्ने गरेको छ भने यसमा हाल नेपालमा कार्यरत तीन BRIDGE साझेदार अर्थात यूएनडीपी - ईएसपी, IFES र International IDEA को प्रतिनिधित्व हुने गरेको छ । यो समितिको कार्य तल उल्लेख गरिएका विषयहरूमा छलफल गर्नु होः

- निर्वाचन आयोग तथा यसका सरोकारवालाहरूका लागि उक्त समयमा सबैभन्दा सान्दर्भिक BRIDGE मोड्युलहरु
- BRIDGE कार्यक्रमहरु कार्यान्वयनका लागि समय तालिका

- ती कार्यक्रममा भाग लिनुपर्ने निर्वाचन आयोग तथा सरोकारवालाहरूका कर्मचारी
- प्रत्येक कार्यक्रमका लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्षम संस्था

यस समितिबारे अनुभव भएका व्यक्तिहरूसँगको अन्तर्वार्ताका क्रममा प्राप्त प्रतिक्रियाका अनुसार सर्वसम्मति स्थापित गर्नेसन्दर्भमा यस समितिले प्रभावकारी रूपमा काम गरेको छ र नेपालको निर्वाचन प्रक्रियामा निर्वाचन आयोग र अन्य सरोकारवालाका आवश्यकताहरूलाई समाधान गर्ने मोड्युलहरूको कार्यान्वयन सुनिश्चित गर्न यो अत्यन्तै सफल रहेको छ ।

नेपालमा पहिलो पटक तीन तहमा सञ्चालन गर्न लागिएका निर्वाचनहरूका कार्यसञ्चालनगत आवश्यकताहरूमै विगत १८ महिनाका अधिकांश समय केन्द्रित रहेकोले BRIDGE समन्वय समिति (BCC) त्यो अवधिमा निस्क्रिय रहेको थियो । तर निर्वाचन अवधिमा सिकाइहरूका आधारमा "BRIDGE का सन्दर्भमा अब कता" भन्नेबारे छलफल थालनी गर्न यो समितिको बैठक सकेसम्म चाँडै बोलाइनु महत्वपूर्ण रहेको कुरामा सरोकारयुक्त सबै विश्वास गर्दछन् ।

| | |
|---|---|
| प्राप्ताङ्क (Scorecard): व्यवस्थापन *समन्वय* | १००% |

### ८.१.३ BRIDGE सञ्चालनका लागि सामग्री तथा लागत

#### योजना तर्जुमा तथा तयारी

BRIDGE का प्रत्येक कार्यक्रमको योजना तर्जुमा तथा तयारीमा निर्वाचन आयोग तथा नेपालमा कार्यरत BRIDGE साझेदारहरूले भूमिका निर्वाह गर्ने भए पनि BRIDGE साझेदार अधिकारीहरूले अधिकांश कार्यसूची र सामग्री तयार गर्ने गरेको र निश्चित मोड्युलहरूमा प्रयोग गर्नका लागि निर्वाचन आयोगका सहजकर्ताहरूलाई उपलब्ध गराउने गरेको जानकारी कतिपय उत्तरदाताले दिएका छन् । एक आपसमा सहयोग आदानप्रदान गर्नु BRIDGE सिद्धान्तको एक अंश हो तर कार्यशालाहरूका लागि आवश्यक स्रोत सामग्री सबै BRIDGE सहजकर्ताले आफैले तयार गर्नु महत्वपूर्ण कुरा हो किनभने यो काम BRIDGE सहजकर्ता भएपछिको उत्तरदायित्व र सिकाइ प्रक्रियाको अंश हो ।

#### केन्द्रीय तथा जिल्ला स्तरमा प्रशिक्षणका लागि उपलब्ध भौतिक सुविधाहरूको प्रावधान

निर्वाचन आयोगका कर्मचारीहरु तथा BRIDGE साझेदारहरु दुवैबाट प्राप्त थुप्रै विवरणका अनुसार वि.सं. २०६४ (सन् २००८) मा सुरक्षाका कारण BRIDGE कार्यशालाहरु सहभागीहरु तथा सहजकर्ताहरूका लागि पर्याप्त सुरक्षा व्यवस्था भएका होटलहरु (चार तारे वा पाँच तारे) मा मात्र भएका थिए । यसले एउटा परम्परालाई नै स्थापना गरिदियो र उक्त अभ्यासले (अधिकांश रूपमा) अहिलेसम्म पनि निरन्तरता पाई नै रहेको छ । यसबाट पक्कै पनि नेपालमा BRIDGE का लागि लागत तथा दिगोपनामा दबाब सिर्जना भएको छ ।

हाल निर्वाचन आयोगमा EEIC छ र यो केन्द्र BRIDGE कार्यशालाहरु सञ्चालन गर्नका लागि, विशेष गरी काठमाडौँ एवं यसका वरिपरिका क्षेत्रमा भएका कर्मचारीहरु तथा सरोकारवालाहरूका लागि, निकै उपयुक्त स्थान हो (यो केन्द्र वास्तवमै त्यस्तै कार्यका लागि तयार गरिएको थियो) । BRIDGE कार्यशालाहरूका लागि आवश्यक स्थान तथा उपयुक्त प्रविधि (उदाहरणका लागि, प्रोजेक्टर आदि) भएका सरकारी प्रशिक्षण सुविधाहरु देशका विभिन्न स्थानमा उपलब्ध भएको सुझाव पनि निर्वाचन आयोग केन्द्रीय कार्यालय तथा जिल्लाका केही कर्मचारीले दिएका छन् । ती स्थानको प्रयोगबाट BRIDGE कार्यशालाहरूलाई लागत प्रभावकारी बनाउँछ भने विशेष गरी जिल्लाका कर्मचारीहरु तथा जिल्लामा रहेका सरोकारवालाहरूका लागि धेरै कार्यशाला सञ्चालन गर्न सकिने बनाउँछ ।

## बजेट तथा लागत


निर्वाचन आयोगले प्रशिक्षणका लागि बजेटको व्यवस्था गर्ने गरेको भए पनि अहिलेसम्म कहिल्यै पनि BRIDGE का लागि स्पष्ट बजेटको व्यवस्था गरेको छैन । यूएनडीपी - ईएसपीको पछिल्लो परियोजना डिजाइनमा BRIDGE का लागि पर्याप्त बजेटको व्यवस्था गरिएको छ । सन् २०१६ मा निर्वाचन घोषणा हुन अघि सम्म पनि यूएनडीपी - ईएसपीले यस बजेटलाई निरन्तर रूपमा बढाउँदै लगेको थियो । मूल्याङ्कन टोलीलाई उपलब्ध गराइएको "BRIDGE साझेदारहरूको वित्तीय योगदान वि.सं. २०६४ - २०६८ (सन् २००८ - २०१२)" (हेर्नुहोस्, अनुसूची ७ - वित्तीय योगदान) नामक आर्थिक दस्तावेजका अनुसार TTF का लागि प्रति दिन प्रति सहभागीको औसत लागत २१४ अमेरिकी डलरको हाराहारीमा थियो, जब कि BRIDGE कार्यशालाहरूको प्रति सहभागी प्रति दिनको लागत त्यसको आधा थियो ।

सो अवधिमा BRIDGE को परिचयात्मक मोड्युल (BRIDGE Introductory Module) मा आधारित कार्य प्रवेश प्रशिक्षण (Induction Training) को प्रति सहभागी प्रति दिनको लागत करिब ५२ अमेरिकी डलर थियो, जसले नियमित मोड्युलहरूमा उल्लेख्य रूपमा बचत भएको देखाउँदछ । सरकारी सुविधाहरूको प्रयोग, आधा दिनको विशेष शिक्षण र कार्य प्रवेश मोड्युलहरु (Induction Modules) को संयुक्तताले निर्वाचन आयोगलाई नेपालमा BRIDGE को लागत वहन गर्न सक्षम बनाउन सक्छ ।

अनुसूची ७ मा सन् २०१६ मा ईएसपीको सहयोगमा सञ्चालन गरिएका चार वटा तीन दिने BRIDGE कार्यशालाको लागत देखाइएको छ । चार वटा कार्यशालाको जम्मा लागत १८ हजार ९४२ अमेरिकी डलर परेको थियो । ती कार्यशालामा एक सय जनाले सहभागिता जनाएका थिए, यसको अर्थ प्रति व्यक्ति १८९ अमेरिकी डलर परेको थियो भने प्रति व्यक्ति प्रति दिनको लागत ६३ अमेरिकी डलर रहेको थियो । वि. सं. २०६८ (सन् २०१२) को तुलनामा यो खर्च उल्लेख्य रूपमा कम रहेको देखिन्छ ।

प्राप्ताङ्क (Scorecard): व्यवस्थापन

*जीविकोपार्जन लागतको तुलनामा कार्यशाला लागत*




लागत कम गर्न थप प्रयासका रूपमा आधा दिनको BRIDGE कक्षाका श्रृङ्खला सञ्चालन गरियो । ती श्रृङ्खलामा लामो समयावधिमा BRIDGE मोड्युलहरूलाई खण्ड खण्डमा सञ्चालन गरिएको थिए । त्यसको लागत प्रति सहभागी प्रति व्यक्ति करिब १४ अमेरिकी डलर रहेको थियो । यसलाई निरन्तरता दिइएको देखिँदैन तर यसबाट लगानीको प्रतिफल प्राप्त भएको देखिन्छ र यसलाई सम्भवतः निर्वाचनपछिको अवधिमा पुनः कार्यान्वयन गर्न सकिने देखिन्छ ।

**आयुक्त ईश्वरी प्रसाद पौडेल**बाट यो कुरा सुन्न पाउनु सुखद् रहेको छः

"*निर्वाचन आयोग विकास साझेदारहरूमाथि मात्रै निर्भर रहन चाहँदैन, त्यसैले भविष्यमा BRIDGE को निरन्तरताका लागि निर्वाचन आयोग र विकास साझेदारहरूबीच लागत साझेदारी आवश्यक छ । लागत साझेदारीको प्रारम्भिक चरणमा विकास साझेदारहरूले लागतको ठूलो अंश खर्च गर्नुपर्दछ र निर्वाचन आयोगले कुल लागतको सानो अंश योगदान गर्न आवश्यक छ ।*"

यस भनाइप्रति **प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव** सहमत हुनुहुन्छ । उहाँका अनुसारः

> “*आफ्ना कर्मचारीहरूको व्यावसायिक विकासका लागि पैसा लगानी गर्ने पूर्ण क्षमता निर्वाचन आयोगसँग छैन । निकट भविष्यमा BRIDGE को निरन्तरताका लागि निर्वाचन आयोग र यसका विकास साझेदारहरूको संयुक्त प्रयास आवश्यक छ ।*”

**आयुक्त ईश्वरी प्रसाद पौड्यालले** उल्लेख गर्नुभएको तल दिइएको भनाइ पनि रोचक देखिन्छः

> “*निर्वाचन आयोगका अधिकारीहरूको क्षमता विकासका लागि पैसा खर्च गर्नेसम्बन्धमा सरकारको प्रतिवद्धता पनि महत्वपूर्ण हुन्छ र निर्वाचन आयोगका लागि BRIDGE को महत्वबारे नेपाल सरकारलाई विश्वस्त बनाउन आवश्यक छ ।*”

## ८.१.४ छनोट

### सहभागीहरूको छनोट (छनोटकर्ता, छनोटका आधारहरू, लैङ्गिकता तथा समावेशिता)

निर्वाचन आयोगको व्यवस्थापन समूहका प्रमुख सदस्यहरू, BRIDGE कार्यशालाका सहभागीहरू तथा BRIDGE साझेदारहरूसँगको छलफलका क्रममा नेपालमा BRIDGE कार्यशालाहरूका लागि सहभागी छनोटका सन्दर्भमा थुप्रै सबाल उठाइएको थिए । तिनीहरूमध्ये केही तल उल्लेख गरिएका छन्:

- निर्वाचन आयोगको सहभागी रहने BRIDGE कार्यशालाहरूका सहभागी छनोटसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार निर्वाचन आयोगसँग छ । निर्वाचन आयोगले यस सम्बन्धमा अन्य साझेदारबाट पनि सुझाव लिने गरेको छ । निर्वाचन आयोगले जिल्ला स्तरमा सञ्चालन भएका BRIDGE को महत्व बुझेकै कारणले काठमाडौँ बाहिर करिब ३० वटा कार्यशाला सञ्चालन गरिसकेको छ । निर्वाचन आयोग वाह्य सरोकारवालाहरूको सहभागिताप्रति सधैँ खुला रहँदै आएको छ र अहिलेसम्म BRIDGE कार्यशालाहरूमा थुप्रै सरोकारवालाको सहभागिता भएको पनि छ । वास्तवमै कतिपय कार्यशाला पूर्ण रूपमा सरोकारवाला समूहहरूका लागि नै सञ्चालन गरिएका थिए । त्यस्ता कार्यशालाहरूमा सन् २०१२ मा प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) का कर्मचारीहरूका लागि सञ्चालन गरिएको लैङ्गिकता तथा समावेशीकरणसम्बन्धी कार्यशाला, गोकर्णमा सञ्चालन गरिएको सरोकारवालाहरूका लागि लैङ्गिकता तथा निर्वाचनसम्बन्धी कार्यशाला तथा वि. सं. २०६८ (सन् २०१२) मै धनगढी र नगरकोटमा सञ्चालन गरिएको पत्रकारहरूका लागि लैङ्गिकता तथा समावेशीकरणसम्बन्धी कार्यशाला रहेका छन् (हेर्नुहोस्, **अनुसूची ४**) ।
- निर्वाचन आयोगका केन्द्रीय कार्यालय तथा जिल्लास्थित कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले BRIDGE मा सहभागिता जनाएका छन् । तैपनि विशेष गरी स्थानीय स्तरका कर्मचारीहरू BRIDGE कार्यशालाहरूमा थप पहुँच प्राप्त गर्न चाहन्छन् तर प्रत्येक कार्यशालाका लागि सहभागीहरू कसरी छनोट गरिन्छन् भन्नेबारे स्पष्ट छैनन् । उनीहरू कार्यशाला सहभागीहरूको छनोटका लागि थप परामर्श गरिएको तथा पारदर्शी र थप रणनैतिक विधि अपनाइएको हेर्न चाहन्छन् ।
- BRIDGE कार्यशालाहरूका सहभागीहरूबीच लैङ्गिक असन्तुलन रहेको देखिन्छ । अहिलेसम्ममा नेपालमा सञ्चालन गरिएका BRIDGE कार्यशालाहरूमा एक हजार ८८२ व्यक्तिले सहभागिता जनाएका छन् र तीमध्ये ५४५ जना मात्र महिला छन् । यो कुल सहभागी सङ्ख्याको २९ प्रतिशत मात्रै हुन आउँछ । यसबारे सोधिँदा निर्वाचन आयोगको व्यवस्थापनले यो प्रतिशत नेपालको निजामति सेवामा सामान्यतया विद्यमान रहेको लैङ्गिक असन्तुलनको प्रतिविम्बका रूपमा रहेको बतायो ।

### सहजकर्ता तथा स्रोत व्यक्तिहरूको छनोट

BRIDGE कार्यशालाहरूका सहजकर्ताहरूको छनोट सहभागीहरूको छनोटभन्दा निकै धेरै अस्पष्ट विषय हो । अन्य केही चिन्ताजनक विषय यस प्रकार छन्ः

- TTF सम्पन्न गरेका ७२ जना नेपालीमध्ये ३२ जनाले मात्र कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) पूरा गरिसकेका छन् (८ जना महिला र २४ जना पुरूष) । ३ जना (१ जना महिला र २ जना पुरूष) मात्र प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Accrediting Facilitator) स्तरमा पुगेका छन् भने तीमध्ये १ जना मात्र निर्वाचन आयोगका कर्मचारी हुन् । नेपालमा ८४ वटा कार्यशाला (TTF गणना नगर्दा) सञ्चालन गरिएको अवस्थामा कार्यशाला र प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ताहरु (Workshop and Accrediting Facilitators) को सङ्ख्या निकै बढी हुनुपर्दथ्यो (प्रत्येक कार्यशालामा न्यूनतम २ जना सहजकर्ता उपस्थित हुनुपर्ने भएकोले) । यसका लागि धेरै नै स्पष्टीकरण दिइएको छ । प्रथमतः कार्यशाला प्रमाणीकृत (Workshop Accredited) तथा त्यसभन्दा माथिका सहजकर्ताहरूले BRIDGE सञ्चालन कार्य उनीहरूको अभिरूचिको विषय भएकोले यो कामलाई आफैसँग राख्न चाहेको अनुभूति मानिसहरूले गरेका छन् । दोस्रो, केहीले कार्यशालाहरूको सञ्चालन सधैँ उही व्यक्तिहरूबाट भयो किनभने यो उनीहरूका लागि सुविधासँग सम्बन्धित विषय थियो । तेस्रो, जिल्लाका कर्मचारीहरूले के अनुभव गरेका छन् भने उनीहरूलाई आफ्ना केन्द्रीय कार्यालयका सहकर्मीहरूलाई जति सहजीकरणको अवसर दिइएन किनभने उनीहरूसँग निर्वाचन आयोगको वरिष्ठ व्यवस्थापनसँग नियमित सञ्चार सम्पर्क स्थापना गर्ने अवसर थिएन र त्यसले गर्दा उनीहरूले समान स्तरको प्रभाव जमाउन सकेका थिएनन् । कारण जे सुकै भए पनि उच्च गुणस्तरका सहजकर्ताहरूको सम्भव भएसम्मको ठूलो समूहमा जोड दिँदै स्पष्ट र पारदर्शी छनोट नीतिहरूको व्यवस्था भएमा माथिका सबै समस्यालाई समाधान गर्न सकिन्छ ।

- TTF मा सहभागी भएका १३ जना वाह्य सरोकारवालामध्ये ३ जना मात्र (२ महिला, १ पुरूष) कार्यशाला प्रमाणीकृत (Workshop Accredited) स्तरमा पुग्नु पनि चिन्ताजनक विषय हो । यसले कार्यशाला मान्यता प्राप्त गर्नका लागि निर्वाचन आयोग बाहिरका सहभागीलाई थोरै अवसर भएको सङ्केत गर्दछ । सामान्यतयाः अधिकांश कार्यस्थलमा हुने "दृष्टिबाट बाहिर, मनबाट बाहिर" प्रभावका कारण यसो भएको हुन सक्छ । तैपनि प्रमुख निर्वाचन आयुक्तबाट तल उल्लेख गरिएको कुरा सुन्न पाउनु भने उत्साहजनक रहेको छः

  > "*नागरिक समाज संस्थाहरु, सञ्चार माध्यम तथा राजनैतिक दलहरूका थुप्रै मानिसले पनि* BRIDGE *प्रशिक्षण लिएका छन्, र उनीहरूको सेवा नलिइनुको आंशिक कारण निर्वाचन आयोग बाहिरका मानिसहरु निर्वाचन आयोगको अभिलेखमा नहुनु हो ।*"


नेपालका सबै BRIDGE सहजकर्ताहरूलाई अनुगमन गर्ने राम्रो प्रणाली उपयोगी हुन सक्छ भन्ने सचेतनालाई यसले सङ्केत गर्दछ ।

- केन्द्रीय कार्यालयमा रहेका कार्यशाला स्तरका सहजकर्ताको (Workshop Facilitator) सङ्ख्या पनि असमानुपातिक छ । हाल जिल्ला स्तरमा कार्यशाला स्तरको सहजकर्ता एक जना मात्र छ । जिल्लामा कार्यरत कर्मचारीहरूले प्रमाणीकरण (Accreditation) का लागि अवसर केन्द्रीय कार्यालयका कर्मचारीले जत्तिको पाउने नगरेको सङ्केत यस अवस्थाले गरेको छ ।

- कार्यशाला स्तरका सहजकर्ताहरूमध्ये सात जना अहिले सेवानिवृत्त भइसकेका छन् वा सरूवा भइसकेका छन्, र तिनीहरूमध्ये एक जनालाई एक पटक मात्र सहजीकरण टोलीको सदस्य बन्नका लागि अनुरोध गरिएको छ । हामीले कुरा गरेका यस समूहका सबैले BRIDGE कार्यक्रममा निरन्तर रूपमा सहजीकरण गर्ने आफ्नो इच्छा भए पनि त्यसका लागि थोरै मात्र अवसर पाइरहेको सङ्केत गरेका थिए । फेरि पनि, नेपालमा कार्यरत BRIDGE सहजकर्ताहरूको यथोचित अभिलेख राख्ने गरिएमा यस समस्याको समाधान गर्न सहयोग पुग्न सक्छ तर

निर्वाचन आयोगले भविष्यमा यस समूहलाई परिचालन गर्नका लागि संयन्त्र तयार गर्न आवश्यक छ किनभने अन्य मन्त्रालयमा सरूवा भएका सहजकर्ताहरूको तुलनामा उनीहरु बढी तयार अवस्थामा उपलब्ध हुन सक्छन् ।

- सहभागी छनोट प्रक्रियामा जस्तै सहजकर्ता छनोट प्रक्रियामा पनि लैङ्गिक असमानता ठूलै मात्रामा विद्यमान छ । कार्यशाला वा प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Workshop or Accrediting Facilitator) स्तरमा पुगेका ३५ जना सहजकर्तामध्ये नौ जना मात्र महिला छन् र उनीहरूमध्ये एक जना मात्र अहिले निर्वाचन आयोगमा कार्यरत रहेको अवस्था छ ।
- नेपालमा BRIDGE कार्यशाला सहजकर्ता (Workshop Facilitator) छनोटका लागि रणनीतिको रूपरेखा कोर्ने कुनै लिखित नीति निर्वाचन आयोगसँग भएको देखिँदैन । माथि उल्लेख गरिए झैँ, मूल्याङ्कन टोलीले यसलाई नेपालमा सम्पूर्ण सहजकर्तालाई थप कुशल रूपमा प्रयोग गर्नेसन्दर्भमा पहिलो कदमका रूपमा देखेको छ ।




### ८.१.५ BRIDGE सञ्चालन गर्ने समय

BRIDGE कार्यसञ्चालन प्रशिक्षण होइन, त्यसैले यसको सञ्चालन निर्वाचन चक्रको तयारी गर्ने समयमा गरिनु हुँदैन । समन्वय समितिले निर्वाचन आयोगको समय तालिका अनुसार BRIDGE कार्यशालाहरु सञ्चालन गरिएको सुनिश्चित गरेको देखिन्छ । सिकेका कुराहरु नबिर्सियोस् भन्नका लागि केही मोड्युललाई पुनःताजगी प्रशिक्षणका रूपमा निर्वाचनको नजिक सञ्चालन गर्न पाइए राम्रो हुने विचार केही जिल्ला निर्वाचन अधिकारीले व्यक्त गरेका छन् । तर मुख्यतः समय उपयुक्त हुनुपर्ने देखिन्छ ।

निर्वाचन आयोग अहिले निर्वाचन सम्पन्न भइसकेको चरणमा प्रवेश गरिसकेको छ । अझै पनि कुनै क्षमता पर्याप्त रूपमा विकास गर्न सकिएको छैन भने पछिल्ला निर्वाचनका सिकाइहरूलाई प्रयोग गरेर उक्त अभावलाई सम्बोधन गर्ने उद्देश्यले निर्वाचन आयोगका कर्मचारीहरु र सरोकारवालाहरूका लागि मध्यकालीन एवं दीर्घकालीन BRIDGE कार्यशाला सञ्चालनसम्बन्धी योजना तयार गर्नका लागि समन्वय समितिको बैठक बोलाउनका लागि अहिलेको समय उपयुक्त अवसर हुनसक्छ । प्रमुख निर्वाचन आयुक्तले यस भनाइप्रति सहमति व्यक्त गर्नुभएको छः

> “*निर्वाचन आयोगका केन्द्रीय तथा जिल्ला स्तरका कर्मचारीहरूका लागि* BRIDGE *प्रशिक्षण सञ्चालन गर्ने सही समय निर्वाचन सम्पन्न गरिएपछिको चरण हो । नेपाली परिवेशसँग सुहाउँदो बनाउनका लागि* BRIDGE *प्रशिक्षणमा परिमार्जन गरिनुपर्दछ ।*”

### ८.१.६ ज्ञान व्यवस्थापन संयन्त्र

#### कुन कुन ज्ञान व्यवस्थित गर्नुपर्दछ ?

BRIDGE का सन्दर्भमा विश्वव्यापी रूपमा भइरहेका व्यापक अभ्यासहरू जस्तै सिर्जना गरिएका सम्पूर्ण BRIDGE सम्बन्धी ज्ञानलाई व्यवस्थित रूपमा राख्नका लागि नेपालमा पनि जटिल तथा विविधतापूर्ण अभिलेखीकरण र सङ्कलन प्रक्रिया अपनाउनु आवश्यक छ । व्यवस्थित रूपमा अभिलेखीकरण गरिनुपर्ने सामग्रीमा तल उल्लेख गरिएका सामग्री पर्दछन्ः

- निर्वाचन आयोगका BRIDGE समावेश गरिएका नीतिगत दस्तावेजहरू
  - रणनैतिक तथा कार्य योजनाहरू
  - समन्वय समितिका बैठकहरूका निर्णय पुस्तिकाहरू
  - मोड्युलहरू, सहभागीहरू र सहजकर्ताहरू छनोटसँग सम्बन्धित नीतिगत दस्तावेजहरू

- साझेदार परियोजना डिजाइनहरू (वा डिजाइनका कम्तीमा BRIDGE समावेश गरिएका भागहरू)
- सहभागीहरूका सूचीहरू
- नेपालमा उपलब्ध सहजकर्ताहरू, उनीहरूले कहाँ र कहिले सहजीकरण गरेका थिए र उनीहरूको प्रमाणीकरण (Accreditation) स्तरसम्बन्धी अभिलेखहरू
- सञ्चालन गरिएका मोड्युलहरूका अभिलेखहरू
- कार्यसूचीहरू
- परिमार्जन तथा अनुवाद गरिएका सहजकर्ताहरूका प्रशिक्षण सामग्रीहरू तथा मोड्युल स्रोतहरू
- मूल्याङ्कनहरूका अभिलेखहरू
  - सहभागी सन्तुष्टि मूल्याङ्कनहरू
  - प्रशिक्षणपूर्व तथा प्रशिक्षण सम्पन्न भएपछिका परीक्षा (Pre and Post -Testing)
  - कार्याभ्यास तथा प्रवृत्तिमा आएका परिवर्तन मापन गर्ने सम्भव भएसम्मका अनुगमन मूल्याङ्कनहरू
  - माथिका सबैबारे विश्लेषण गरिएका दस्तावेजहरू

- योजना तर्जुमा तथा सामग्रीसम्बन्धी दस्तावेजहरू
- बजेटहरू
- प्रत्येक BRIDGE कार्यक्रमका लागि लागतसम्बन्धी अभिलेख

### ८.१.७ BRIDGE सामग्रीहरूको परिमार्जन तथा अनुवाद

मूल्याङ्कन टोलीले खोजी गरेको भए पनि नेपालका लागि कुनै पनि BRIDGE मोड्युलहरूको अनुवाद गरिएको वा परिमार्जन गरिएका सामग्रीहरू देख्न पाएको छैन । स्पष्टतः प्रारम्भिक रूपमा परिमार्जन गरिएका अनुवाद पहिलो संस्करणका सामग्रीका साथै हालै परिमार्जन भइरहेका दोस्रो संस्करणका केही सामग्रीमा आधारित थियो । ती सामग्री निर्वाचन आयोगको EEIC मा राखिएको बताइएको छ । मूल्याङ्कन टोलीलाई जानकारी दिइए अनुसार केही सामग्री अन्तर्राष्ट्रिय BRIDGE कार्यालयलाई उपलब्ध गराइएको थियो तर हामीले BRIDGE वेबसाइटमा नेपाली सामग्री फेला पार्न सकेनौँ ।

नेपालकै लागि तयार गरिएका BRIDGE सामग्रीहरूलाई अद्यावधिक गर्ने, परिमार्जन गर्ने तथा अनुवाद गर्नेबारे अहिले सोच भइरहेको छ ।

**प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले** उल्लेख गर्नुभए अनुसारः

> “BRIDGE *प्रशिक्षण सामाजिक शिक्षाका शिक्षकहरूका साथसाथै वृहद् समुदायमा निर्वाचनसम्बन्धी ज्ञानलाई फैलाउनका लागि सम्भावना बोकेका समूहहरू स्थानीय महिला सामाजिक कार्यकर्ता तथा युवा र विद्यार्थी राजनैतिक नेताहरूलाई पनि उपलब्ध गराइनुपर्दछ ।”*

र, **आयुक्त ईश्वरी प्रसाद पौडेलले** भन्नुभएको छः

> "*राजनैतिक दलको खर्चको सेरोफेरोमा रहेका विषयमा* BRIDGE *प्रशिक्षण केन्द्रीय स्तरका राजनैतिक नेताहरूका लागि सञ्चालन गरिनु आवश्यक छ । निर्वाचन आयोग तथा राजनैतिक दलहरूबीचको संवादलाई सहजीकरण गर्नका लागि पनि* BRIDGE *उपयोगी हुन सक्छ ।"*

BRIDGE तेस्रो संस्करणले थप ताजा स्रोत सामग्री र छानिएका नयाँ क्रियाकलापहरु उपलब्ध गराउने भएकोले अद्यावधिकरणपछि यिनै सामग्री प्रयोग गर्ने अपेक्षा गरिएको छ ।

यी सबैका लागि समन्वय समितिले निकट भविष्यमा सञ्चालन गर्न आवश्यक हुने देखिएका मोड्युलहरु छनोट गर्न आवश्यक छ र निर्वाचन आयोग तथा अन्य सरोकारवालाका आवश्यकताहरूलाई सम्बोधन गर्न तिनीहरूलाई परिमार्जन तथा अनुवाद गरिनुपर्नेछ । यसका लागि आर्थिक स्रोतको व्यवस्था तथा परिमार्जन एवं अनुवाद टोलीको संयोजन पनि आवश्यक पर्नेछ ।

## ८.१.८ जिम्मेवार को ?

हाल प्रत्येक BRIDGE साझेदारहरूले आफूले आर्थिक सहयोग गरेका र सघाएका प्रत्येक कार्यक्रमको अभिलेख राख्ने गरेको छ र सञ्चालन गरिएका सम्पूर्ण मोड्युल, सहभागीहरूको सङ्ख्या (पुरूष तथा महिला), परिचालन गरिएका सहजकर्ताहरु र सहजकर्ता प्रमाणीकरण (Facilitator Accreditation) को स्तरसम्बन्धी पूर्ण तथा अद्यावधिक अभिलेख राखिएको सुनिश्चित गर्नका लागि सबै अभिलेखलाई एकत्रित गर्न वृहद् प्रयास गरिएको छ । साझेदारहरूले माथि उल्लेख गरिएका थुप्रै मूल्याङ्कन साधनहरूको कार्यान्वयन, अभिलेखीकरण र विश्लेषणसम्बन्धी जिम्मेवारी पनि लिएका छन् । BRIDGE मोड्युलहरूमा सहभागी भएका निर्वाचन आयोगका अधिकारीहरूलाई अनुगमन गरी उनीहरूको कार्याभ्यास, प्रवृत्ति तथा आत्मविश्वासको स्तरमा आएको परिवर्तनबारे मूल्याङ्कन गर्नका लागि प्रयोग गर्ने गरिएको कार्यस्थल "आत्म-मूल्याङ्कन" अनुगमन संयन्त्रको प्रयोग IFES ले गर्न थालिसकेको छ । यो प्रक्रिया अझै पनि प्रारम्भिक चरणमै छ र यससम्बन्धी विस्तृत विश्लेषण भइसकेको छैन । अहिलेसम्म यीमध्ये कुनै पनि कार्य निर्वाचन आयोगले आफ्नो दायित्वमा लिएको देखिदैन ।

निर्वाचन आयोग र BRIDGE साझेदारहरूले मोड्युलहरूको परिमार्जन तथा अनुवादसम्बन्धी जिम्मेवारी बाँडचुँड गर्ने गरेका छन् ।


## ८.१.९ सङ्कलन

नेपालमा BRIDGE को प्रयोगसँग सम्बन्धित सम्पूर्ण दस्तावेजको सङ्कलन निर्वाचन आयोगमा, प्राथमिकतः EEIC मा राखिनुपर्दछ । प्रत्येक BRIDGE साझेदारका आˆनै अभिलेखीकरण प्रक्रिया त अवश्य नै हुन्छ तर सम्भव भएसम्म साझेदारहरूद्वारा तयार गरिएका BRIDGE सँग सम्बन्धित दस्तावेजहरु निर्वाचन आयोगलाई उपलब्ध गराइनुपर्दछ ।

मूल्याङ्कन टोलीले BRIDGE वेबसाइटमा कुनै पनि नेपाली सामग्री फेला पारेको छैन । BRIDGE साझेदारीको एउटा नियम के हो भने सम्पूर्ण BRIDGE क्रियाकलापबारे BRIDGE कार्यालयलाई सूचित गरिनुपर्दछ तथा परिमार्जन र अनुवाद गरिएका सम्पूर्ण BRIDGE सामग्रीहरु भविष्यमा प्रयोग गर्न चाहनेहरूका लागि उपलब्ध होस् भन्ने उद्देश्यले BRIDGE वेबसाइटमा राखिएको हुनुपर्दछ । BRIDGE तालिम सामाग्री अनुवाद गर्नुभन्दा पहिले साझेदारहरूबाट सहमति लिनु पनि BRIDGE साझेदारीको एउटा नियम हो । यो कार्य BRIDGE वेबसाइटमार्फत अनलाइन गर्न सकिन्छ । नेपालमा अनुवाद कार्य BRIDGE साझेदारहरूसँगको साझेदारीमा गरिने भएकोले अनुमति लिने कार्य एउटा औपचारिकता मात्रै हुन्छ । यो प्रक्रियाले कुन BRIDGE सामग्रीहरु अनुवाद गरिएका छन् र कसले गरेका हुन् भन्नेबारे अभिलेख राख्न BRIDGE कार्यालयलाई सहज बनाउनेछ ।

प्राप्ताङ्क (Scorecard): स्वामित्व
*स्वामित्व तथा उत्तरदायित्वको स्तर*

*निर्वाचन व्यवस्थापन निकाय/सरकारद्वारा व्यहोरिएको कार्यान्वयन लागत*




### ८.१.१० प्रशिक्षणपछि BRIDGE प्रशिक्षण सामग्रीमा पहुँच

हाल निर्वाचन आयोग, नेपालमा कार्यरत BRIDGE साझेदारहरु तथा BRIDGE कार्यालयले BRIDGE सम्बन्धी विभिन्न किसिमका सामग्रीहरु संयुक्त रुपमा राखेका छन् । परिमार्जन र अनुवाद गरिएका सम्पूर्ण सान्दर्भिक BRIDGE सामग्रीहरु नेपालमा कार्यरत सम्पूर्ण BRIDGE प्रमाणीकृत (Accredited) सहजकर्ताहरूलाई उपलब्ध भएको र तिनीहरु सजिलै प्राप्त गर्न सकिने अवस्थामा भएको सुनिश्चित गर्नका लागि यो कार्यलाई थप व्यवस्थित गर्न आवश्यक छ ।

### ८.१.११ दीर्घकालीन तथा अल्पकालीन रुपमा नेपालमा BRIDGE को अनुगमन तथा मूल्याङ्कन

#### प्रशिक्षण सामग्री केन्द्रित अनुगमन तथा मूल्याङ्कन

हिजो आज नेपालमा आयोजना गरिएका सम्पूर्ण BRIDGE कार्यशालाहरुमा सहभागीहरूलाई दैनिक रुपमा सहभागी सन्तुष्टि प्रश्नावली भर्नका लागि अनुरोध गरिन्छ । उक्त प्रश्नावलीले सन्तुष्टिको स्तर (प्रयोग गरिएका विषयवस्तु र विधि तथा प्रशिक्षण स्थल र जलपानको गुणस्तरका सन्दर्भमा), प्रत्येक सहभागीले के बुझे र उनीहरु के कुरामा अल्मलिएका छन् भन्नेबारे मूल्याङ्कन गर्दछ । कार्यशालाका सम्पूर्ण सहभागीलाई सबैभन्दा राम्रो सेवा उपलब्ध गराउनका लागि सहभागीहरूलाई स्पष्ट नभएका कुनै कुरा छन् भने त्यसलाई सम्बोधन गर्ने उद्देश्यले प्रत्येक दिनको अन्त्यमा ती प्रश्नावली पढ्न र विश्लेषण गर्न सम्पूर्ण BRIDGE सहजकर्ताहरूलाई अनुरोध गरिएको हुन्छ ।

वि. सं. २०६८ (सन् २०१२) यता अल्पकालीन ज्ञान हस्तान्तरणको मूल्याङ्कन गर्ने उद्देश्यले पूर्व प्रशिक्षण र प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा (Pre and Post -Testing) मा सहभागी हुन पनि IFES ले सहभागीहरूलाई अनुरोध गर्न थालेको छ । यूएनडीपी – ईएसपीले पनि सन् २०१५ देखि पूर्व प्रशिक्षण र प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा (Pre and Post -Testing) सञ्चालन गर्नुका साथै यसको आˆनै अभिलेख पनि राख्न थालेको छ । यसभन्दा अघि पनि पूर्व प्रशिक्षण र प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा सञ्चालन (Pre and Post -Testing) गर्ने गरिएको देखिन्छ तर मूल्याङ्कन टोलीले ती परीक्षासम्बन्धी तथ्याङ्क प्राप्त गर्न भने सकेको छैन ।

एकीकृत पार्न र विश्लेषण गर्नका लागि BRIDGE साझेदारहरूले सहभागी सन्तुष्टि प्रश्नावली तथा पूर्व प्रशिक्षण र प्रशिक्षण सम्पन्न भइसकेपछिको परीक्षा (Pre and Post -Testing) सम्बन्धी कागजात दुवै सङ्कलन गर्ने गर्दछ । हाल निर्वाचन आयोगका सहजकर्ताहरूको जिम्मेवारीमा यो कार्य परेको देखिँदैन ।

#### मध्यकालीन र दीर्घकालीन अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरु

नेपालमा BRIDGE को प्रभावसम्बन्धमा वि. सं. २०६८ (सन् २०१२) मा गरिएको मूल्याङ्कनपछि निर्वाचन आयोग वा नेपालमा कार्यरत BRIDGE साझेदारहरूले BRIDGE कार्यशालाका सहभागीहरूको कार्याभ्याश, प्रवृत्ति र आत्मविश्वास स्तरमा BRIDGE को प्रभावसम्बन्धी व्यवस्थित तथा नियमित मध्यकालीन तथा दीर्घकालीन मापन निकै कम मात्र गर्ने गरेको छ । यसो हुनु अस्वाभाविक होइन किनभने आजसम्म BRIDGE को प्रभावबारे मध्यकालीन तथा दीर्घकालीन मूल्याङ्कन अन्य स्थानमा पनि निकै थोरै सङ्ख्यामा मात्र गरिएको छ । यस विषयमा अध्ययन गर्नका लागि यो मूल्याङ्कनलाई पर्याप्त मात्रामा वृहद् बनाएकोमा नेपालमा कार्यरत BRIDGE साझेदारहरूको प्रशंसा गर्नै पर्दछ ।

अन्तर्वार्ता प्रक्रियाका क्रममा मूल्याङ्कन टोलीलाई BRIDGE ले कसरी आत्मविश्वास विकास गरेको थियो, कार्याभ्याशमा सुधार गरेको थियो र निर्वाचन आयोगभरि सुधारिएको कार्यसञ्चालन प्रशिक्षण विकास गर्न र कार्यान्वयन गर्नका लागि योगदान गरेको थियो भन्नेबारे विषयगत प्रमाणहरु प्रशस्त मात्रामा उपलब्ध गराइएको थियो । ती विषयगत प्रमाणलाई पुष्टि गर्ने वा नगर्ने 'ठोस तथ्याङ्क' उपलब्ध भएको भए अझ राम्रो हुने थियो ।

कुन कुराले काम गरिरहेको छ र कुनले काम गरिरहेको छैन भन्नेबारे प्रमाण उपलब्ध गराउनका लागि सहभागीहरूको ज्ञान, सीप, आत्मविश्वास र कार्याभ्याशमा नेपालमा BRIDGE को प्रभावको मापन वार्षिक रूपमा वा वर्षमा दुई पटक गरिनुपर्दछ । BRIDGE मा सहभागी भएयता BRIDGE का सहभागीहरु र उनीहरूका व्यवस्थापकहरूका कामको गुणस्तर, उनीहरूका कामप्रति उनीहरूका प्रवृत्ति र उनीहरूका आत्मविश्वासमा कस्तो परिवर्तन आयो भन्ने जानकारी हासिल गर्न उनीहरूसँग अन्तर्वार्ता गरेर यो काम गर्न सकिन्छ । प्रारम्भिक रूपमा यसको आयोजना BRIDGE साझेदारहरूले गर्न सक्छन् तर अन्ततोगत्वा BRIDGE को मध्यकालीन तथा दीर्घकालीन अनुगमन र मूल्याङ्कनको जिम्मेवारी निर्वाचन आयोगलाई हस्तान्तरण गर्ने उद्देश्यसहित यस प्रक्रियामा निर्वाचन आयोगका प्रमुख समकक्षीहरूलाई पनि सरिक गराउन आवश्यक छ ।

प्राप्ताङ्क (Scorecard): प्रभावकारिता
*सहभागीहरूको अनुगमन*
0%

## ८.१.१२ सहजकर्ता अनुगमन तथा अभिलेखन

### BRIDGE सहभागीहरु तथा सहजकर्ताहरूको अनुगमन

माथि उल्लेख गरिए जस्तै हाल BRIDGE साझेदारहरूले नेपालमा सञ्चालन गरिएका सम्पूर्ण BRIDGE कार्यशालाका सम्पूर्ण सहभागीको नाम र सम्पर्क विवरण सङ्कलन र एकीकृत गर्ने गरेको छ । उनीहरूले सोही काम नेपालमा कार्यरत सम्पूर्ण सहजकर्ताका सन्दर्भमा पनि गर्दछन् र उनीहरूको प्रमाणीकरण (Accreditation) प्रक्रिया जारी रहेको भए पनि TTF बाट प्रत्येक सहजकर्तालाई अनुगमन गर्न सक्छ । यस प्रक्रियाले कति जना पुरुष तथा महिलाले कार्यशालाहरूमा सहभागिता जनाए, तीमध्ये कति जना निर्वाचन आयोगका कर्मचारी थिए र कति जना सरोकारवालाहरु थिए भन्नेबारे स्पष्ट सङ्केत प्रदान गर्दछ । यसले सहजीकरणसम्बन्धी जिम्मेवारी कसरी बाँडफाँड गरिएको छ र TTF सम्पन्न गरिसकेका सबैलाई (सेवा निवृत्त भइसकेका वा सरूवा भएका भए पनि, किनभने यस वर्गका कतिपयसँग अन्तर्वार्ता गर्न हामी सफल भएका थियौं) प्रमाणीकरण (Accreditation) प्रक्रियाले कसरी अनुगमन गरिरहेको छ भन्नेबारे पनि स्पष्ट प्रमाण उपलब्ध गराउँछ । नेपाली सहजकर्ताहरूले अहिलेसम्म सञ्चालन गरिएका प्रत्येक कार्यशालाको सहजकर्ता टोलीमध्ये केही वा सबै सहजकर्ता टोली तयार गरेकोबारे यसले सङ्केत गर्दछ ।

यो निर्वाचन आयोगले निश्चित रूपमा गर्नुपर्ने कार्य हो । सहभागीहरु र सहजकर्ताहरूको छनोटका लागि निर्वाचन आयोगको औपचारिक नीतिका साथमा यस कार्यलाई अगाडि बढाइएमा TTF सफलतापूर्वक सम्पन्न गरेका सबैका सीप तथा उत्साह प्रभावकारी र कुशल रूपमा प्रयोग भइरहने सुनिश्चित गर्न सकिन्छ ।

प्राप्ताङ्क (Scorecard): स्वामित्व
*राष्ट्रिय सहजकर्ताहरूद्वारा सहजीकरण गरिएका एकीकृत कार्यशालाहरु (Modular Workshops)*
१००%

**कार्यशाला आयोजना गर्ने अवसर प्राप्त गरी नसकेका तर TTF सम्पन्न गरिसकेका सहजकर्ताहरूका लागि पुनःताजगी BRIDGE प्रशिक्षण सञ्चालन गर्नका लागि प्रावधान**

डेस्क समीक्षामा प्रकाश पारिए झैँ TTF सम्पन्न गरिसकेका थुप्रै सहजकर्ताले अझै पनि उनीहरूका कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) प्रक्रिया पूरा गरिसकेका छैनन् र निकै थोरैले मात्र प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Accrediting Facilitator) को स्तर प्राप्त गरेका छन् । उच्च मात्रामा सरूवा हुने गरेका कारण नेपालको सन्दर्भमा यो चासोयुक्त विषयवस्तु हो । पर्याप्त सङ्ख्यामा कार्यशाला वा प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Workshop or Accrediting Facilitator) उपलब्ध नहुँदा नेपालले सञ्चालन गर्न चाहेका सबै BRIDGE कार्यशाला सञ्चालन गर्ने क्षमता नेपालसँग नहुन सक्छ ।

TTF सम्पन्न गरेका कतिपय सहजकर्ता कैयौँ महिनादेखि, कहिलेकाहीँ त वर्षौँदेखि कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) प्राप्त गर्ने अवसर पर्खिरहेका कारणले यो समूहको क्षमतालाई अद्यावधिक गर्न तथा राम्रो BRIDGE सहजकर्ता हुनका लागि आवश्यक सीपहरूबारे उनीहरूलाई पुनःस्मरण गराउनका लागि उनीहरूका लागि पुनःताजगी कार्यक्रम सञ्चालन गरिनुपर्ने सुझाव हामीले अन्तर्वार्ता गरेका कतिपयले अगाडि राखेका छन् ।

## ८.२ पत्ता लागेका कुराहरु – प्रभावहरु

### ८.२.१ आम स्वीकार्यता

BRIDGE ले निर्वाचन व्यवस्थापन ज्ञान र सीपमा अभिवृद्धि गर्ने र निर्वाचन व्यवस्थापनका लागि आत्मविश्वास निर्माण गर्ने विश्वास निर्वाचन आयोगका अधिकारीहरूमा भएकोले उनीहरूबीच यो प्रशिक्षण व्यापक रूपमा स्वीकार्य भएको कुरा मूल्याङ्कन टोलीले पहिचान गरेको छ । निर्वाचन आयोगका केन्द्रदेखि लिएर जिल्ला कार्यालयहरूमा कार्यरत अधिकांश कर्मचारीका लागि नेपालमा निर्वाचन अधिकारीहरूका रूपमा उनीहरूका भूमिकामा तत्काल लागू गर्न सकिने ज्ञान तथा सीपहरु उपलब्ध गराउने महत्वपूर्ण सिकाइ अनुभवका रूपमा BRIDGE स्थापित भएको छ ।

यसको विधिका कारण पनि BRIDGE व्यापक रूपमा स्वीकार्य बनेको छ किनभने यसले सहभागीहरूबीच अन्तरक्रियात्मक सिकाइ र अनुभव आदानप्रदानलाई प्रोत्साहित गर्दछ । यसले निर्वाचन व्यवस्थापन प्रक्रियामा सामूहिक कार्यको भावनालाई पनि प्रदर्शन गर्दछ । यसको प्रमाणका रूपमा नेपालका पूर्व प्रमुख निर्वाचन आयुक्तले भन्नुभयो,

> “BRIDGE *र यसका विधिहरूबारे मैले पहिलो पटक सुन्नेबित्तिकै यो निर्वाचन आयोगले अपनाउनुपर्ने एउटा प्रक्रिया हो भन्ने कुरा अनुभूति गरेको थिएँ । निर्वाचन आयोगमा* BRIDGE *को अभ्यासको थालनी यसरी भएको थियो ।”*

यसैगरी निर्वाचन आयोगका एक जना पूर्व सचिवले पनि तल उल्लेख गरिएको भनाइ राखेर BRIDGE लाई प्रभावकारी क्षमता विकास गर्ने साधनका रूपमा प्रशंसा गर्नुभयो,

> “BRIDGE *लाई अनुसरण गर्ने वा नगर्ने भन्नेबारे निर्वाचन आयोगमा छलफल हुँदा हामी वरिष्ठ सरकारी अधिकारी र त्यति बेला उपस्थित रहेका केही निर्वाचन आयुक्तले* BRIDGE *लाई नयाँ किसिमको क्षमता विकास विधिका रूपमा लिएका थियौँ । हामीले* BRIDGE *को कार्यान्वयन गर्ने र प्रशिक्षण सञ्चालन गर्न थालेपछि निर्वाचन आयोगभित्र तथा बाहिरका कतिपय मानिसले यसको सराहना गर्न थाले र यो अझै पनि निरन्तर रूपमा सञ्चालन भइरहेको छ ।”*

मूल्याङ्कन प्रक्रियाका क्रममा अन्तर्वार्ता गरिएका अधिकांश व्यक्तिले बताए अनुसार BRIDGE प्रशिक्षणले लोकतान्त्रिक सिकाइ प्रक्रियालाई परिपोषित गरेको छ र प्रशिक्षणभरि नै पूर्ण रूपमा संलग्न हुन उनीहरूलाई प्रोत्साहित गरेको छ । यसले ज्ञान अभिवृद्धि गर्न, सीप विकास गर्न र

राष्ट्रमा लोकतन्त्रलाई सशक्त बनाउनमा निर्वाचनले निर्वाह गर्ने महत्वपूर्ण भूमिकाबारे धारणा निर्माण गर्नमा पनि योगदान गरेको छ ।

स्थलगत रूपमा अन्तर्वार्ता गरिएका अधिकांश जिल्ला निर्वाचन अधिकारीले अभिव्यक्त गरे अनुसार निर्वाचन व्यवस्थापन गर्ने उनीहरूको आत्मविश्वासमा उल्लेख्य रूपमा वृद्धि भएको छ ।

BRIDGE कार्यशालाहरूमा सहभागी बन्नु पूर्व उनीहरु निर्वाचन हुनुभन्दा पहिला र निर्वाचन चरणमा गर्नुपर्ने कार्यहरूबारे राम्ररी नबुझीकनै निर्वाचन व्यवस्थापन प्रक्रियामा सहभागी हुने गर्दथे । परिणामस्वरूप उनीहरूले प्रक्रियाका क्रममा थुप्रै गल्ती गर्दथे । BRIDGE मा सहभागी भएपछि उनीहरु निर्वाचन व्यवस्थापनमा थप आत्मविश्वासका साथ सहभागी हुन थालेको र निकै कम गल्ती गर्न थालेको अनुभव उनीहरूले गरेका छन् ।

कतिपय जिल्ला निर्वाचन अधिकारीले दाबी गरे अनुसार निर्वाचनलाई व्यावसायिक शैलीमा सञ्चालन गर्ने उनीहरूको क्षमतामा एउटा निर्वाचनपछि अर्को निर्वाचनमा स्पष्ट रूपमा सुधार आयो र उनीहरूको अनुभवमा यो परिवर्तन आंशिक रूपमा BRIDGE कार्यशालाहरूमा उनीहरूको सहभागिताका कारण आएको हो । यति सानो अवधिमा पनि निर्वाचनपूर्वका चरणमा सानाभन्दा साना कुराहरूमा पनि पर्याप्त ध्यान दिएर एकभन्दा बढी निर्वाचन सञ्चालन गर्ने क्षमता प्राप्त गरेको पनि उनीहरूले अनुभव गरेका छन् । यस्तो महत्वपूर्ण सीप उनीहरूलाई उपलब्ध गराएकोमा कतिपय जिल्ला निर्वाचन अधिकारीले BRIDGE प्रति कृतज्ञता व्यक्त गरेका छन् ।

### ८.२.२ निर्वाचन आयोगमा प्रशिक्षणको विकास र कार्यान्वयनमा उल्लेख्य सुधार

निर्वाचन आयोगको प्रशिक्षण अभ्यासमा महत्वपूर्ण परिवर्तन आएको यस मूल्याङ्कनले पहिचान गरेको छ । निर्वाचन आयोगको कार्यसञ्चालन प्रशिक्षणहरूमा यसको प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । निर्वाचन आयोगभित्र दीर्घकालीन क्षमता विकास कार्यक्रमका रूपमा सहभागीहरूले पहिचान गरेको BRIDGE को एउटा मुख्य योगदान सरकारद्वारा सञ्चालित निर्वाचन व्यवस्थापन प्रशिक्षणहरूलाई 'आधुनिकीकरण' गर्नु हो । वि.सं. २०६४ (सन् २००८) भन्दा पहिला यी प्रशिक्षण निकै परम्परावादी, प्रशिक्षक केन्द्रित र अनुत्प्रेरक हुने गर्दथे । उनीहरूले उल्लेख गरेका BRIDGE का केही विशेषताहरु तल दिइएका छन् :

- व्यवस्थित र चरणवद्ध रूपमा तयार गरिएका प्रशिक्षण सामग्री
- प्रत्येक प्रशिक्षणका कम्तीमा केही अंश क्रियाकलापमा आधारित भएको र सामूहिक छलफलका लागि अवसर उपलब्ध भएको सुनिश्चित र
- प्रश्नका लागि समय उपलब्धता ।

यससन्दर्भमा एक जना पूर्व निर्वाचन आयुक्तले भन्नुभयो,

> “*BRIDGE ले निर्वाचन आयोगलाई पुराना खालका प्रशिक्षणबाट आधुनिक खालका प्रशिक्षणतर्फ अगाडि बढ्न सहयोग गरेको छ । यो प्रशिक्षण यसमा सहभागी हुनेहरूलाई आफूभित्रको पूर्ण सम्भाव्यता अनुभूति गराउने खालको प्रशिक्षण हो ।”*

BRIDGE लाई निर्वाचन आयोगको आवश्यकता अनुसार परिमार्जन गरिएको थियो र थुप्रै सरकारी अधिकारीले यसलाई वि.सं. २०६४ (सन् २००८) देखि वि.सं. २०७४ (सन् २०१७) मा सम्पन्न सबैभन्दा पछिल्लो स्थानीय, प्रादेशिक तथा सङ्घीय निर्वाचनहरूका विभिन्न निर्वाचनको व्यवस्थापनमा उनीहरूको ज्ञान अभिवृद्धि गर्नका लागि प्रयोग गरेका छन् ।

### ८.२.३ विषयवस्तुमा एकरूपता

BRIDGE ले निर्वाचन आयोगलाई निर्वाचनको समयमा आफ्ना कर्मचारीहरूका साथै निर्वाचनका मुख्य सरोकारवालाहरू र लाभग्राहीहरूसम्म समान सन्देश सम्प्रेषण गर्न सक्षम बनाएको अनुभव कतिपय उत्तरदाताले गरेका छन् । निर्वाचन आयोगका एक अधिकारीले उल्लेख गरेका छन्ः

> "*निर्वाचन आयोगमा हामीले एकै पटकमा एकभन्दा बढी प्रशिक्षण सञ्चालन गर्ने क्षमता विकास गरेका छौँ र यो काम गर्नमा BRIDGE ले हामीलाई आत्मविश्वास प्रदान गरेको छ । सन् २०१७ को प्रादेशिक तथा सङ्घीय निर्वाचनभन्दा ठीक अघि निर्वाचन आयोगमाथि एक हजार छ सय निर्वाचन अधिकारीलाई प्रशिक्षण प्रदान गर्ने जिम्मेवारी थियो र हामीले उक्त कार्य केही साताभित्रै गरिसक्नुपर्ने अवस्था थियो । ती सबै प्रशिक्षणका लागि स्रोत व्यक्तिहरूको एउटा ठूलो समूह र सामग्रीहरू परिचालन गरेर विभिन्न आठ स्थानमा प्रशिक्षण सञ्चालन गरियो । BRIDGE को माध्यमबाट हामीले सिकेका प्रशिक्षण व्यवस्थापन सीपहरूले सफलतापूर्वक ती प्रशिक्षणसम्बन्धी तयारी गर्न, कार्यान्वयन गर्न र व्यवस्थापन गर्न हामीलाई सहयोग गरे । BRIDGE सँगको हाम्रो अनुभवका माध्यमबाट हामीले हासिल गरेका आत्मविश्वासका कारण प्रत्येक स्थानमा प्रशिक्षण सामग्रीमा एकरूपता कायम भएको सुनिश्चित गर्न हामी सक्षम भयौँ ।*"

### ८.२.४ BRIDGE विधिको व्यापक प्रयोग

निर्वाचन आयोगका कतिपय वरिष्ठ अधिकारीका अनुभवमा निर्वाचन आयोगबाट जिल्ला तथा केन्द्रीय स्तरमा सञ्चालन गरिएका कैयौँ निर्वाचन व्यवस्थापन प्रशिक्षण BRIDGE विधिबाट सकारात्मक रूपमा प्रभावित भएका छन् । यससन्दर्भमा एक जना उत्तरदाताले भने,

> "*निर्वाचन आयोगबाट सञ्चालन गरिएका कुन प्रशिक्षणले BRIDGE लाई अनुसरण गऱ्यो वा कुनले गरेन भन्ने कुरा हामी छुट्ट्याउन सक्दैनौँ । वास्तवमा सबै प्रशिक्षणले BRIDGE विधिलाई अनुसरण गरेका छन् ।*"

स्थलगत रूपमा अन्तर्वार्ता गरिएका जिल्ला निर्वाचन अधिकारीहरूले BRIDGE लाई सम्झँदै यसले सहभागीहरूबीच अन्तरक्रियात्मक सिकाइ प्रक्रियालाई प्रवर्द्धन गरेको र प्रशिक्षण कार्यक्रमभरि नै प्रत्येकलाई संलग्न गराएको निष्कर्ष निकाले । प्रशिक्षणका सहभागीहरूबीच स-साना समूहहरू तयार गरेर यसले प्रत्येकलाई आफ्नो भनाइ राख्ने पर्याप्त अवसर उपलब्ध गराएको थियो । प्रशिक्षण कार्यक्रममा सम्भव भएसम्म बढी सहभागीलाई सम्मिलित गराउने विगतको अभ्यासका तुलनामा BRIDGE प्रशिक्षणहरूमा सीमित सहभागी मात्र राख्ने तरिका नितान्त भिन्न थियो । निर्वाचन आयोगले विगतमा गर्ने गरेका निर्वाचन व्यवस्थापन प्रशिक्षणहरू निकै पुरानो शैलीको भएको; तिनीहरू प्रायः निकै धेरै सहभागीसहित ठूला कक्षमा असुविधाजनक किसिमबाट सञ्चालन हुने गरेको कुरा मूल्याङ्कन प्रक्रियाका क्रममा परामर्श गरिएका सबै उत्तरदाताले बताएका थिए । BRIDGE अभ्यासमा आइसकेपछि यसले निर्वाचन आयोगको प्रशिक्षणलाई व्याख्यान विधिबाट सहभागितामूलक विधिमा रूपान्तरण गरेर प्रशिक्षणमा 'भिन्न स्वाद' दिन थाल्यो । BRIDGE ले प्रशिक्षणहरूलाई रूपान्तरणकारी र प्रभावमुखी बनाउनका लागि "महत्वपूर्ण स्रोत" का रूपमा सहभागीहरूको महत्वबारे निर्वाचन आयोगको वरिष्ठ व्यवस्थापनलाई अनुभव गराउने कार्य पनि गरेको थियो ।

### ८.२.५ व्यापकता

निर्वाचन आयोगको निर्वाचन व्यवस्थापन प्रशिक्षणमा उदाहरणीय छलाँग हासिल गर्नुको अर्को एउटा महत्वपूर्ण तत्व BRIDGE मोड्युलहरू र तिनीहरूको प्रशिक्षण सामग्रीमा निहित व्यापकता थियो । कतिपय उत्तरदाताका विचार अनुसार वि.सं. २०६४ (सन् २००८) अघि कतिपय जिल्ला निर्वाचन अधिकारी कुनै विस्तृत निर्वाचन व्यवस्थापन प्रशिक्षणमा सहभागी भएका थिएनन् र त्यतिबेला गरिएका कार्य भनेको निर्वाचन कानुनका भागहरूसम्बन्धी जानकारी सम्प्रेषण मात्रै थियो । यसको विपरित, BRIDGE लाई लागू गरिएपछि यसले निकै व्यावहारिक विधिबाट निर्वाचन व्यवस्थापनका

तरिकाहरू सिकाउन थाल्यो । यसले निर्वाचन व्यवस्थापनका सबै तत्वले एक अर्कालाई कसरी प्रभावित पार्दछ भन्नेबारे चित्रण गर्ने विधि प्रयोग गर्न थालेको थियो । यसले निर्वाचनभन्दा पहिले गरिने र निर्वाचनका क्रममा गरिने क्रियाकलापहरूको व्यवस्थापन गर्ने प्राविधिक तथा व्यावहारिक ज्ञान उपलब्ध गराउन थाल्यो । यसले उनीहरूलाई वित्तीय व्यवस्थापनका साथै सञ्चार माध्यम, सुरक्षा निकायहरू, नागरिक समाज तथा निर्वाचन सञ्चालन गर्न तैनाथ गरिएका सरकारी अधिकारीहरूसँग सम्बन्ध विकास गर्ने तरिकाहरू सिकायो ।

### ८.२.६ निर्वाचन आयोगका प्रशिक्षकहरू तथा स्रोत व्यक्तिहरूको सहजीकरण शैलीमा महत्वपूर्ण परिवर्तन

निर्वाचन आयोगका प्रशिक्षण तथा क्षमता अभिवृद्धि कार्यक्रमहरूमा BRIDGE लाई समावेश गरिएपछिको अर्को ठूलो छलाँग निर्वाचन आयोगका प्रशिक्षकहरूको प्रस्तुति शैलीमा देखिएको थियो । विगतमा निर्वाचन आयोगका कर्मचारीहरूलाई दिइएका सम्पूर्ण निर्वाचन व्यवस्थापन प्रशिक्षणहरूमा सिँगो सत्रभरि नै प्रशिक्षकले नै नेतृत्व भूमिका निर्वाह गर्ने गरेको कुरामा करिब करिब सबै उत्तरदाता, विशेष गरी जिल्लाबाट सहभागी भएकाहरूले सहमति जनाएका थिए । सहभागीहरूबीच ज्ञान हस्तान्तरण गर्न तथा ज्ञान अभिवृद्धि गर्नका लागि BRIDGE का व्यावहारिक विधि निकै प्रभावकारी रहेको अनुभव उनीहरूले गरेका छन् । यससन्दर्भमा एक जना नियमित BRIDGE सहजकर्ताले आफू परम्परागत प्रशिक्षकबाट गतिशील सहजकर्तामा रूपान्तरण भएको कुरामा आफू विश्वस्त रहेको विचार व्यक्त गर्दै तल उल्लेख गरिएको भनाइ राखेका थिए :

> “*विगतमा म प्रायः पावरप्वाइण्ट स्लाइडहरूमा भएका कुराहरू पढेर मात्र प्रशिक्षण सञ्चालन गर्ने गर्दथैँ । BRIDGE प्रशिक्षणमा सहभागी भएपछि मैले सहभागितामूलक शिक्षण विधि अपनाउन थालेँ र प्रशिक्षणका प्रत्येक सहभागीलाई सक्रिय बनाउन थालेँ । प्रशिक्षण सञ्चालन गर्ने मेरो शैलीमा उल्लेख्य परिवर्तन आएको छ ।*”

मतदाता शिक्षा तथा व्यवस्थापन कार्यक्रमहरूमा BRIDGE का विधिहरू, विषयवस्तुहरू तथा शैलीहरूलाई परिचालन गरिएबाट निर्वाचन आयोगको क्षमता विकास संरचनामा BRIDGE को “सजीवता” कायम रहेको कुरा पनि कतिपय उत्तरदाताले विश्वास व्यक्त गरे । विगतमा निर्वाचन आयोगले अनुसरण गरेका कुनै पनि क्षमता विकास कार्यक्रमहरू BRIDGE जतिको जरैसम्म पुगेको थिएन । निर्वाचन आयोगका हालसालैका प्रशिक्षण सामग्रीहरूको उत्पादनमा BRIDGE को प्रभावलाई यस सम्बन्धमा एउटा सान्दर्भिक उदाहरणका रूपमा मान्न सकिन्छ । वि. सं. २०७४ (सन् २०१७) को निर्वाचन अवधिमा निर्वाचन आयोगले अलग अलग विषयवस्तुमा सात वटा भिन्नाभिन्नै प्रशिक्षण पुस्तिका तयार गरेको थियो र तिनीहरू BRIDGE को प्रभावका कारण बुझ्नलाई तुलनात्मक रूपमा सजिलो र बढी प्रयोगकर्ता मैत्री रहेको विश्वास उत्तरदाताहरूले व्यक्त गरेका छन् ।

समग्र रूपमा यस मूल्याङ्कनले के पत्ता लगाएको छ भने निर्वाचन आयोगले विगतका वर्षहरूमा आफ्नो प्रशिक्षण तथा क्षमता विकास विधिहरू तथा रणनीतिहरूलाई परिवर्तन गरेको छ र तिनीहरूमा BRIDGE को उल्लेख्य प्रभाव रहेको छ । निर्वाचन आयोगका केन्द्र तथा जिल्ला गरी दुवै स्तरका अधिकारीहरूको सोचमा परिवर्तन गर्न पनि यो सफल रहेको छ र यसले उनीहरूलाई निकै व्यावहारिक शैलीमा प्रशिक्षण सञ्चालन गर्नका लागि उत्प्रेरित गरेको छ । निर्वाचन आयोगले यसलाई खुला हृदयका साथै स्वीकार गर्नु तथा अनुमोदन गर्नुलाई यसको संस्थागतीकरणको दिशामा एउटा महत्वपूर्ण कदमका रूपमा लिन सकिन्छ ।

### ८.२.७ निर्वाचन आयोगको मानव संसाधन विकासमा महत्वपूर्ण योगदान

निर्वाचन आयोगको मानव संसाधन विकासमा BRIDGE ले महत्वपूर्ण योगदान गरेको कुरालाई यस मूल्याङ्कनले प्रकाशमा ल्याएको छ । उत्तरदाताहरूले उपलब्ध गराएका विचारहरूका आधारमा भन्ने हो भने उनीहरूका क्षमतालाई धारिलो बनाउनमा, उनीहरूका विचारहरूलाई व्यापक बनाउनमा,

आत्मविश्वास सिर्जना गर्नमा, क्षमता अभिवृद्धि गर्नमा तथा सोचमा परिवर्तन ल्याउनमा BRIDGE ले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । एक जना पूर्व निर्वाचन आयुक्तले भन्नुभए अनुसार,

“*BRIDGE ले निर्वाचन आयोगको सिकाइ परिदृश्यलाई नै परिवर्तन गरिदिएको छ ।*”

BRIDGE कार्यशालाहरूमा सहभागी भएका जिल्ला निर्वाचन अधिकारीहरूका लागि BRIDGE ले सशक्त ज्ञान को जग उपलब्ध गराइदिएको छ ।[१६] यसले मतदाता दर्ता तथा निर्वाचन व्यवस्थापनसम्बन्धी आफ्ना क्षमतामा अभिवृद्धि गरेको विश्वास उत्तरदाताहरूले व्यक्त गरेका छन् । निर्वाचनसम्बन्धी विभिन्न सरोकारवालासँगको सम्बन्धलाई थप सशक्त गर्न तथा निर्वाचन हुनुभन्दा पहिलेको समयमा एवं निर्वाचनका चरणहरूमा देखिएका निर्वाचन विवादहरूलाई समाधान गर्न आफूहरु थप सिपालु भएको अनुभव उत्तरदाताहरूले गरेका छन् । निर्वाचनभन्दा पहिलाको समयमा र निर्वाचनका चरणहरूमा आफूहरु गुज्रने तनावलाई व्यवस्थित गर्न पनि आफूहरु अहिले बढी सक्षम भएको अनुभव निर्वाचन आयोगका अधिकारीहरूले गरेका छन् । यसको प्रमाणका रूपमा एक जना उत्तरदाताको यो भनाइलाई लिन सकिन्छ,

“*निर्वाचन चक्रका प्रत्येक चरणमा गरिनुपर्ने कामहरूबारे बुझ्न र प्रभावशाली शैलीमा ती क्रियाकलाप कसरी सबैभन्दा राम्ररी सम्पादन गर्न सकिन्छ भन्ने थाहा पाउन हामीलाई सहयोग गर्ने एक तालिमका रूपमा मैले BRIDGE लाई लिएको छु ।*”

नेपालमा निर्वाचन व्यवस्थापनको गुणस्तर अभिवृद्धि गर्नमा BRIDGE ले उल्लेख्य योगदान गरेको कुरा यस मूल्याङ्कनले पत्ता लगाएको छ । निर्वाचन आयोगको केन्द्रीय कार्यालय तथा जिल्लाहरूमा अन्तर्वार्ता गरिएका सबैले BRIDGE प्रशिक्षणले निर्वाचन आयोगका अधिकारीहरूलाई निर्वाचन प्रक्रियाबारे थप राम्ररी बुझ्न सहयोग गरेको बताएका छन् । निर्वाचनको दिन तथा मतदान केन्द्रहरूका साथै मतगणना केन्द्रहरूमा प्रयोग गर्नका लागि विस्तृत निर्वाचन जाँच सूची तयार गर्न आफूहरु सक्षम बनेको विश्वास अहिले उनीहरूले गरेका छन् । अहिले उनीहरूले के पनि अनुभव गरेका छन् भने उनीहरु अहिले मतदाता शिक्षा र अन्य सामग्रीको थप राम्रो उपयोग गर्न थालेका छन्; निर्वाचनको सफलताका लागि एउटा समूहका रूपमा थप राम्ररी काम गर्न थालेका छन्; निर्वाचन आयोग बाहिरका सरोकारवालाहरूसँग थप राम्रो सम्बन्ध कायम गर्न थालेका छन्; निर्वाचन विवादलाई न्यूनीकरण गरिरहेका छन्; र राजनैतिक दलहरूले चुनावी आचार संहिताको पालना गरेको सुनिश्चित गर्नका लागि उनीहरूसँग थप राम्ररी काम गर्न थालेका छन् । निर्वाचन आयोगका अधिकारीहरूले दाबी गरे अनुसार छोटो समयावधिमा पनि तीन वटा भिन्नाभिन्नै निर्वाचनको सफलतामा निकै महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्वाचन आयोगभित्र सक्षम मानव संसाधन तयार गर्नमा पनि BRIDGE ले योगदान गरेको छ ।

निर्वाचनसम्बन्धी सामग्रीहरूलाई मतदान केन्द्रमा तथा निर्वाचन कानुन उल्लङ्घनका घटना न्यूनीकरण गर्नमा थप प्रभावकारी रूपमा प्रयोग गर्न थालेको अनुभव BRIDGE मा संलग्न भएकाहरूले व्यक्त गरेका छन् । उत्तरदाताहरूले दाबी गरे अनुसार थुप्रै जिल्ला निर्वाचन कार्यालयमा प्रशिक्षित सरकारी अधिकारीहरु उपलब्ध भएका कारण वि.सं. २०७४ (सन् २०१७) को समग्र निर्वाचन व्यवस्थापन "निकै सुचारू" रहेको थियो । विगतमा जिल्ला तथा क्षेत्रीय निर्वाचन कार्यालयहरूले मतदान केन्द्रहरूबाट निर्वाचनसँग सम्बन्धित सानाभन्दा साना समस्या समाधान गर्न पनि थुप्रै फोन कल प्राप्त गर्ने गर्दथे । BRIDGE तालिम प्राप्त निर्वाचनमा खटिएका कर्मचारीहरू निर्वाचन सम्बन्धी समस्याहरु सम्हाल्न तथा समाधान गर्न उनीहरु आफै सक्षम भएका छन् ।

---

[१६] वि. सं. २०६५ (सन् २००९) देखि अहिलेसम्म जिल्ला निर्वाचन अधिकारीको पद सम्हाली बसेका सबैले कम्तीमा एक पटक BRIDGE प्रशिक्षण लिएको तथा वि. सं. २०७२ (सन् २०१६) यता जिल्ला निर्वाचन अधिकारीका रूपमा निर्वाचन आयोगमा प्रवेश गरेका सरकारी अधिकारीहरूले BRIDGE संरचना अनुसरण गरेर आयोजना गरिएको तीन दिने कार्य प्रवेश प्रशिक्षण (Induction Training) प्राप्त गरेको पाइएको छ ।

*"वि. सं. २०७४ (सन् २०१७) मा भएका निर्वाचनहरूका क्रममा हामीले निकै कम मात्र फोन कल प्राप्त गऱ्यौँ । BRIDGE लाई धन्यवाद दिनै पर्दछ किनभने निर्वाचनको दिनभन्दा पहिल्यै विभिन्न मतदान केन्द्रमा तैनाथ गरिएका सम्पूर्ण निर्वाचन अधिकारीलाई आवश्यक सूचना तथा सन्देशहरु सम्प्रेषण गर्न हामी सक्षम रह्यौँ ।"* (क्षेत्रीय निर्वाचन अधिकारी, कास्की)

जिल्लाहरूमा अन्तर्वार्ता गरिएका अधिकांश जिल्ला निर्वाचन अधिकारीले व्यक्त गरेका विश्वास अनुसार विगतका वर्षहरूमा निर्वाचन व्यवस्थापन गर्ने उनीहरूका विधिमा उल्लेख्य सुधार आएको छ र यो विधि विगतका निर्वाचनहरूका तुलनामा वि. सं. २०७४ (सन् २०१७) मा भएका निर्वाचनहरूमा निकै राम्रो रहेको थियो । उदाहरणका लागि, निर्वाचन प्रक्रियामा लैङ्गिकता तथा सामाजिक समावेशीकरणको महत्वबारे आफूले अहिले बुझेको उनीहरूले अनुभव गरेका छन् । "लैङ्गिकता, सामाजिक समावेशीकरण तथा निर्वाचन" सम्बन्धी BRIDGE प्रशिक्षणले यो बुझाइ विकास गर्नमा प्रत्यक्ष रूपमा योगदान गरेको छ ।

निर्वाचन आयोगका अधिकारीहरूलाई निर्वाचन चक्र र निर्वाचनका विभिन्न चरणमा गर्न आवश्यक कुराहरूबारे सचेत गर्नमा पनि BRIDGE प्रशिक्षणहरु प्रभावशाली रहेको तथ्य यस मूल्याङ्कन टोलीले पहिचान गरेको छ ।

*"BRIDGE सञ्चालन गरिनुभन्दा पहिला हामीले निर्वाचन चक्रका बारेमा कहिल्यै सुनेका थिएनौँ ।"*

यो भनाइ केन्द्र तथा जिल्ला कार्यालयहरूमा कार्यरत निर्वाचन आयोगका अधिकारीहरूबाट आएको आम विचार हो । BRIDGE का कारण उनीहरूले अब निर्वाचन हुनुभन्दा पहिलाको समय, निर्वाचन र निर्वाचनपछिका चरणहरूमा सम्पादन गर्नुपर्ने कार्यहरूको सूची तयार गर्ने क्षमता विकास गरेका छन् । निर्वाचन आयोगका अधिकारीहरूबीच निर्वाचन चक्रसम्बन्धी सचेत्तको विकासले नेपालमा निर्वाचनहरूको गुणस्तर अभिवृद्धि गर्नमा योगदान गरेको कुरामा पनि उत्तरदाताहरूले विश्वास व्यक्त गरेका छन् ।

### ८.२.८ सरोकारवालाहरूसँगको सम्बन्ध र व्यवस्थापनमा प्रभाव

BRIDGE का माध्यमबाट निर्वाचन आयोगका अधिकारीहरूले नागरिक समाज संस्थाहरु, सञ्चार माध्यम, सुरक्षा निकायहरु तथा अन्य निर्वाचन सरोकारवालाहरूसँग राम्रो सम्बन्ध विकास गर्न सिकेको कुरा यस मूल्याङ्कनले पहिचान गरेको छ । निर्वाचन आयोगले विभिन्न सरोकारवालालाई निर्वाचनसँग सम्बन्धित सूचना कसरी समयमै राम्ररी उपलब्ध गराउने भन्ने कुरा पनि सिकेको छ । सम्पूर्ण योग्य मतदातालाई समेट्ने तथा मतदाता दर्ता प्रक्रियालाई प्रयोगकर्ता मैत्री बनाउनुको महत्व जस्ता कुराहरूबारे अन्य सरोकारवालालाई सचेत बनाउनमा पनि सुधारिएको सञ्चारले योगदान गरेको छ । निर्वाचन आयोगबाट प्रशिक्षण प्राप्त गरेका व्यक्तिहरूले आफूले पाएको ज्ञानलाई व्यावहारिक रूपमा प्रयोग गरेको विश्वास उत्तरदाताहरूले व्यक्त गरेका छन् ।

विभिन्न सरोकारवालाबीच सुधारिएको सञ्चार तथा अन्तरक्रियाका कारण निर्वाचन स्वतन्त्र र स्वच्छ रूपमा सञ्चालन गरिएको सुनिश्चित गर्नका लागि प्रत्येक समूहको उत्तरदायित्वबारे राम्रो साझा समझदारी पनि सिर्जना भएको थियो । निर्वाचन आयोगका एक जना अधिकारीले भने,

*"विगतमा हाम्रो मानसिकता के थियो भने निर्वाचन सञ्चालन गर्नु निर्वाचन आयोग एक्लैको मात्र जिम्मेवारी हो र हाम्रो कामको बारेमा अन्य समूहले के सोच्छन् भन्नेबारे कुनै चिन्ता लिनु आवश्यक छैन । तर निर्वाचनभन्दा पहिले र निर्वाचनको चरणमा अन्य सरोकारवालालाई पनि सँगसँगै लानु अत्यन्तै महत्वपूर्ण काम हो भन्ने कुरा हामीलाई BRIDGE ले सिकायो । हाम्रो सोचलाई व्यापक बनाउनका लागि BRIDGE ले हामीलाई वास्तवमै सहयोग गरेको छ ।"*

यसैगरी, अर्को एक जना उत्तरदाताले भने अनुसार,

*"हाम्रो BRIDGE सिकाइ निर्वाचनको दिनभन्दा पहिले बहुसरोकारवालाहरूबीच अन्तरक्रिया आयोजना गर्नेसम्बन्धमा थियो, जसले एक अर्काका भूमिका तथा उत्तरदायित्वहरूलाई स्पष्ट गर्नमा योगदान गऱ्यो, यसरी निर्वाचन कुशल र कम विवादास्पद शैलीमा आयोजना गरिए ।"*

BRIDGE कै कारण अन्य सरोकारवालाबाट जिल्ला निर्वाचन अधिकारीहरूप्रतिको सम्मानमा सुधार ल्याउन सम्भव भएको विश्वास उत्तरदाताहरूले व्यक्त गरेका छन् । निर्वाचन आयोगले आफ्ना परियोजना साझेदारहरूसँगको सहकार्यमा थुप्रै BRIDGE कार्यशाला तथा प्रशिक्षणहरु आयोजना गऱ्यो । ती कार्यक्रममा नागरिक समाज संस्थाहरु, सञ्चार माध्यम तथा राजनैतिक दलहरूलाई आमन्त्रण गरिएको थियो । निर्वाचन आयोगलाई जिल्लामा रहेका विभिन्न सरोकारवालासँग जोड्न यो पहल निकै उपयोगी रहेको थियो । जिल्लाहरूबाट उत्तर दिने कतिपयले उल्लेख गरे अनुसार विगतमा निर्वाचन आयोग जिल्लामा रहेका सरकारी कार्यालयहरूमध्ये 'सर्वाधिक उपेक्षित' हुने गर्दथ्यो । BRIDGE का कारणले यो कार्यालय अहिले सञ्चार माध्यम, नागरिक समाज संस्थाहरु तथा राजनैतिक दलहरूसँग बढी जोडिन थालेको छ । निर्वाचनभन्दा पहिलेको समयमा र निर्वाचन चरणहरूमा मतदाता शिक्षा र निर्वाचनसँग सम्बन्धित अन्य विषयमा बोल्नका लागि जिल्ला निर्वाचन अधिकारीहरूलाई नागरिक समाज संस्थाहरूबाट थुप्रै निमन्त्रणा प्राप्त हुन थालेका छन् । सञ्चार माध्यमहरूले पनि उनीहरूलाई निर्वाचनका बारेमा कुराकानी गर्न बोलाउन थालेका छन् । निर्वाचन सञ्चालन गर्न र व्यवस्थापन गर्नमा निर्वाचन कार्यालयको महत्वबारे राजनैतिक दलहरूले पनि विस्तार बुझ्न थालेका छन् । जिल्ला निर्वाचन कार्यालयद्वारा आयोजना गरिएका बैठकहरूमा अब उनीहरु आफ्ना वरिष्ठ नेताहरूलाई पठाउन थालेका छन् । एक जना उत्तरदाताले बताएका छन्,

*"BRIDGE सँग हाम्रो सम्पर्कका कारण हामी अब अन्य निर्वाचन सरोकारवालासँगको हाम्रो समन्वय र सञ्चारमा सुधार गर्न सक्षम भएका छौँ । मुलुकमा लोकतन्त्रलाई बलियो बनाउनका लागि निर्वाचन प्रक्रिया र प्रत्येक मतको महत्वबारे मानिसहरूलाई बुझाउने सन्दर्भमा यो अत्यन्तै उपयोगी रहेको छ ।"*

जिल्ला निर्वाचन कार्यालयसँगको आफ्नो सम्बन्ध र अन्तरक्रिया अब राम्रो भएको बताएर नागरिक समाज संस्थाहरु, सञ्चार माध्यम तथा राजनैतिक दलहरूले पनि सकारात्मक प्रतिक्रिया दिएका छन् ।

निर्वाचन आयोगले आफ्ना नियमित प्रशिक्षणहरूका अतिरिक्त BRIDGE डिजाइन प्रयोग गरेर अन्य सरोकारवालाका लागि थुप्रै प्रशिक्षण तथा कार्यशाला पनि आयोजना गरेको छ । सामाजिक शिक्षाका शिक्षकहरूका लागि मतदाता शिक्षा प्रशिक्षण तिनीहरूमध्ये एउटा हो । त्यसको प्रशिक्षण सामग्री BRIDGE को चरणवद्ध डिजाइनमा तयार गरिएको थियो र अधिकांश विधि क्रियाकलापमा आधारित थियो । बागलुङ, तनहुँ, सुनसरी र सप्तरी जिल्लामा आयोजना गरिएका विद्यालयमा आधारित मतदाता शिक्षा कार्यक्रम निकै प्रभावकारी रहेको प्रतिक्रिया उत्तरदाताहरूले दिएका छन् । यस कार्यक्रमका माध्यमबाट हस्तान्तरण गरिएको ज्ञानको प्रभाव घरपरिवार तथा सामुदायिक स्तरमा परेको थियो । मतदाता शिक्षा पाएका बालबालिकाले आफ्ना अभिभावकहरूलाई उनीहरूको नाम मतदाता सूचीमा दर्ता भएको छ कि छैन तथा उनीहरूसँग तस्बिरसहितको मतदाता परिचयपत्र छ कि छैन भन्ने प्रश्न गरेका थिए ।

यसैगरी सञ्चारकर्मीहरूका लागि सञ्चालन गरिएको निर्वाचन तथा सञ्चार प्रशिक्षणको प्रत्यक्ष प्रभाव सञ्चार माध्यमबाट समेटिएका निर्वाचनसम्बन्धी समाचारहरूमा परेको थियो । निर्वाचन आयोगका अधिकारीहरु र जिल्ला निर्वाचन अधिकारीहरूले गरेका दाबी अनुसार सञ्चार माध्यम र निर्वाचनसम्बन्धी BRIDGE प्रशिक्षणमा सहभागी भएपछि सञ्चार माध्यम निर्वाचन आयोगप्रति निकै धेरै सहयोगी भएका थिए ।

### ८.२.९ व्यक्तिगत तथा नेतृत्व विकास साधनका रूपमा BRIDGE

यस मूल्याङ्कनले BRIDGE कार्यशालामा भाग लिनेहरु प्रत्येकका लागि BRIDGE व्यक्तिगत तथा नेतृत्व विकास साधन बनेको पहिचान गरेको छ । अन्तर्वार्ता गरिएका निर्वाचन आयोगका एक पूर्व अधिकारीले भने,

> "*BRIDGE मा सहभागिता जनाएका व्यक्तिहरु र नगरेका व्यक्तिहरूबीच हामी स्पष्ट भिन्नता देख्न सक्छौँ ।"*

झण्डै झण्डै सबै उत्तरदाताहरूले BRIDGE ले वास्तवमै तल उल्लेख गरिएका कुराहरूमा योगदान पुऱ्याएको उल्लेख गरेः

- निर्वाचन अधिकारीहरूको आत्मविश्वासमा वृद्धि;
- निर्वाचनका विभिन्न चरणहरूको व्यवस्थापन गर्ने क्षमतामा विकास;
- निर्वाचनको समयमा समूहका रूपमा काम गर्ने सिकाइ;
- तनाव व्यवस्थापनका साथै समय व्यवस्थापनमा सुधार ।

BRIDGE मा सहभागी भएका निर्वाचन आयोग अधिकारीहरु निर्वाचन व्यवस्थापन गर्ने क्रममा केही नयाँ गर्ने र त्यसो गर्ने क्रममा "निरन्तर सुधार"का लागि प्रयास गर्नमा अहिले उत्प्रेरित भएको कुरा पनि जानकारीमा आएको थियो ।

> "*निर्वाचन आयोगको निर्वाचन व्यवस्थापन प्रशिक्षण विगतमा निकै परम्परागत शैलीको हुन्थ्यो, BRIDGE ले गर्दा पूरै परिदृश्य परिवर्तन भयो ... प्रशिक्षित अधिकारीहरु निकै स्पष्ट रूपमा बोल्ने भए, अहिले उनीहरु प्रश्न सोध्न डराउँदैनन्, र उनीहरूको सोचमा परिवर्तन आएको छ । यसले उनीहरूको व्यक्तिगत र नेतृत्व क्षमता विकासमा वास्तवमै योगदान गरेको छ",* एक जना पूर्व निर्वाचन अधिकारीले बताए ।

### ८.२.१० प्रस्तुति तथा सहजीकरण सीपमा सुधार

कतिपय उत्तरदाताले आफूले BRIDGE का माध्यमबाट प्राप्त गरेका नयाँ सहजीरकण सीपको सराहना गरेका छन् । स्थलगत रूपमा अन्तर्वार्ता गरिएका एक उत्तरदाताले बताए,

> "*म मेरो पहिलेको र अहिलेको प्रस्तुति सीपमा आएको उल्लेख्य भिन्नतालाई अनुभव गर्न सक्छु । म अन्य सरकारी निकायमा गएँ र काम गरेँ भने पनि यो सीपलाई प्रयोग गर्न सक्छु ।"*

यसैगरी, अर्को उत्तरदाताले बताएका छन्,

> "*विगतमा म सर्वसाधारणका अगाडि बोल्न डराउँथेँ, BRIDGE प्रशिक्षणले सर्वसाधारणका अगाडि बोल्ने आत्मविश्वास ममा जगाइदियो ।"*

> "*म अहिले कृषि मन्त्रालयमा कार्यरत छु र मन्त्रालयद्वारा आयोजित प्रशिक्षण तथा कार्यशालाहरूको सहजीकरण गर्न मलाई थुप्रै अनुरोध आइरहन्छन् । म यो काम आत्मविश्वासका साथ गरिरहेको छु । म सहभागीहरूको ध्यान पनि आकृष्ट गर्न सक्छु, र सबैले मेरो प्रस्तुति र सहजीकरण सीपलाई सराहना गर्ने गरेका छन् ।"* (विनोद कुमार दाहाल, पूर्व क्षेत्रीय निर्वाचन अधिकारी, मोरङ्)

### ८.२.११ समीक्षात्मक सोच र विश्लेषणतात्मक क्षमतामा सुधार

BRIDGE मा सहभागिता जनाउने कतिपय प्रशिक्षार्थी यसले गर्दा आफ्नो समीक्षात्मक सोच र विश्लेषणतात्मक क्षमतामा सुधार भएको विश्वास गर्दछन् । यसको प्रमाणका रूपमा एक उत्तरदाताले बताए,

*"हाम्रो स्थानीय, प्रादेशिक तथा सङ्घीय निर्वाचनहरु अन्तर्राष्ट्रिय मापदण्डका थिए वा थिएनन् भन्ने कुराको विश्लेषण गर्न अहिले आफू सक्षम भएको मैले अनुभव गरेको छु । विशेष गरी निर्वाचनभन्दा पहिले र निर्वाचनका चरणहरुमा विभिन्न निर्वाचन सरोकारवालालाई हामीले सम्प्रेषण गर्नुपर्ने ज्ञानका प्रकारहरुबारे पनि म अहिले विश्वस्त छु ।"*

BRIDGE का माध्यमबाट सिकेका विभिन्न किसिमका सीप अन्य सन्दर्भमा पनि उपयोग गर्न सकिने प्रतिक्रिया थुप्रै उत्तरदाताले व्यक्त गरेका छन् र उनीहरुमध्ये केहीले त्यसो गर्न थालिसकेको पनि बताएका छन् ।

*"म वन तथा भू-संरक्षण मन्त्रालयमा हुँदा मैले मन्त्रालयसँग सम्बन्धित थुप्रै प्रशिक्षण सञ्चालन गरेँ । ती प्रशिक्षणहरु गर्दा मैले BRIDGE सीपहरु सक्रिय रुपमा प्रयोग गरेँ ।"* (मधु रेग्मी, निर्वाचन आयोगका पूर्व सचिव)

### ८.२.१२ निर्वाचन आयोगको घेराबाहिर BRIDGE

यस मूल्याङ्कनले BRIDGE निर्वाचन आयोगका अधिकारीहरुका लागि मात्र लाभदायी नभई निर्वाचन आयोग बाहिरका सरोकारवालाहरुका लागि पनि उत्तिकै लाभदायक रहेको पत्ता लगाएको छ । निर्वाचन आयोगले आफ्ना BRIDGE साझेदारहरुसँगको सहकार्यमा BRIDGE विधि प्रयोग गरेर ३० वटा जिल्लामा सामाजिक शिक्षा शिक्षक प्रशिक्षण सञ्चालन गरेको छ । यस प्रशिक्षणका लागि एउटा पुस्तिका BRIDGE कार्य दलले तयार गरेको थियो । निर्वाचन आयोगले आगामी निर्वाचन आयोजना गर्नुभन्दा पहिला ४६ वटा जिल्लामा यो प्रशिक्षण सञ्चालन गर्ने उद्देश्य लिएको छ ।

निर्वाचन आयोग र ईएसपीले अपाङ्गता भएका व्यक्तिहरुका लागि निर्वाचन शिक्षा प्रशिक्षण पनि तयार गरी सञ्चालन पनि गरेका छन् । ती प्रशिक्षण BRIDGE विधि प्रयोग गरी सञ्चालन गरिएका थिए । श्रवण तथा दृष्टिसम्बन्धी समस्या भएका व्यक्तिहरुका लागि प्रशिक्षण पुस्तिका पनि तयार गरिएका छन् ।

नागरिक समाज, सञ्चार माध्यम तथा राजनैतिक दलहरु BRIDGE बाट लाभान्वित हुने निर्वाचन आयोग बाहिरका अन्य सरोकारवाला हुन् । ती सबै समूहले निर्वाचन आयोग तथा यसका सहकर्मी साझेदारहरुबाट सञ्चालन गरिएका कैयौँ BRIDGE कार्यशालाहरुमा भाग लिएका छन् । "लैङ्गिकता, सामाजिक समावेशीकरण तथा निर्वाचन" कार्यशालामा सहभागिता जनाएर सीमान्तीकृत समूहहरुसँग कार्यरत नागरिक समाज संस्थाहरुले आफ्ना क्षमता अभिवृद्धि गरेका छन् । सहभागी भएका राजनैतिक नेताहरुले महिला तथा सामाजिक रुपमा वहिष्कृत समूहहरुबीच कसरी पुग्ने र उनीहरुलाई मतदाता सूचीमा दर्ता हुन र त्यसपछि मतदान गर्न कसरी प्रोत्साहित गर्ने भन्नेसम्बन्धमा राम्रो ज्ञान हासिल गरेका छन् । कतिपय वाह्य सरोकारवालाले दाबी गरे अनुसार सामाजिक रुपमा वहिष्कृत समुदायहरुका थोरैले मात्रै अघिल्लो निर्वाचनमा सहभागिता जनाएका थिए । वि. सं. २०७४ (सन् २०१७) मा हालै सम्पन्न गरिएका अधिकांश निर्वाचनमा ती समूहको सहभागितामा उल्लेख्य वृद्धि भएको छ ।

*"निर्वाचन प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु र अन्य सीमान्तीकृत समूहको सहभागिताको महत्वबारे हामीले BRIDGE का माध्यमबाट थाहा पाएका छौँ र निर्वाचन प्रक्रियाहरुमा उनीहरुको सहभागिता सुनिश्चित गर्नका लागि रणनीतिहरुबारे पनि हामीले जान्न पाएका छौँ ।"*

यसैगरी अर्को उत्तरदाताले उल्लेख गरेका छन्,

*"विगतमा मतदाता दर्ता सूचीमा मानिसहरुको सङ्ख्या वृद्धि गर्ने प्रक्रियाका सम्बन्धमा हामीलाई जानकारी गराइएको थिएन । 'लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन' का साथै 'मतदाता शिक्षा' प्रशिक्षणले भने निर्वाचन प्रक्रियामा सीमान्तीकृत समूहहरुको समावेशीकरणको महत्वबारे बुझ्न हामीलाई सहयोग गरेका छन् ।"*

मतदाता शिक्षा कार्यक्रमका माध्यमबाट मतदाताको सङ्ख्या वृद्धि गर्नमा BRIDGE मा आफ्नो सहभागिताले योगदान गरेको विश्वास नागरिक समाज संस्थाहरूले व्यक्त गरेका छन् । उदाहरणका लागि, BRIDGE प्रशिक्षणमा सहभागिता जनाएपछि नागरिक समाज संस्थाहरूले सुनसरी जिल्लामा विद्यालयका शिक्षकहरूलाई मतदाता शिक्षाबारे प्रशिक्षण प्रदान गरे र ती शिक्षकले सोही ज्ञानका आधारमा माध्यमिक स्तरका विद्यार्थीहरूलाई प्रशिक्षण प्रदान गरे । यसैगरी इलाम, पर्वत, सप्तरी जिल्लामा सञ्चालन गरिएका मतदाता शिक्षा कार्यक्रम युवा मतदाताहरूलाई मतदान गर्न उत्प्रेरित गर्न सफल रहे ।

“*मतदानको महत्वसम्बन्धमा मानिसहरूलाई सम्झाउन हामी सक्षम भएका छौँ । आफ्नो मत कहिल्यै नखसालेका व्यक्तिहरु पनि मतदान संलग्न भए", पर्वत जिल्लाका एक जना उत्तरदाताले बताए ।*

निर्वाचन आयोग बाहिरका थुप्रै उत्तरदाताले दाबी गरे अनुसार निर्वाचन प्रक्रियामा नागरिक समाज र सञ्चार माध्यमको सहभागिताले आचार संहिताको सफलतापूर्ण कार्यान्वयनका लागि उल्लेख्य योगदान गरेको छ ।

“*नेपालमा निर्वाचनलाई सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गरेका छन् । हामीलाई एकै स्थानमा ल्याइदिएकोमा* BRIDGE *लाई धन्यवाद छ",* नागरिक समाज संस्थाको प्रतिनिधित्व गर्दै एक जना उत्तरदाताले बताए ।

# ९. निष्कर्ष

## सिकाइहरु र नेपालमा BRIDGE को दिगोपना

माथि उल्लेख गरिएका सम्पूर्ण तथ्यका आधारमा मूल्याङ्कन टोली के कुरामा सहमत भएको छ भने BRIDGE निर्वाचन आयोग र नेपालका लागि यसको उपयोगिताको दृष्टिकोणबाट आम रूपमा निकै सफल देखिएको छ तर यसको प्रशासन र कार्यान्वयनका दृष्टिकोणबाट भने अझै पनि चुनौतीहरु सामना गरिरहेको छ ।

### ९.१ नेपालमा BRIDGE एक सफल कार्यक्रमका रूपमा

- सहभागीहरु तथा सहजकर्ताहरूले BRIDGE लाई विश्वव्यापी रूपमा महत्व प्रदान गर्दै आएका छन् ।
- BRIDGE समन्वय समिति (BCC) ले आफूले आफैलाई निर्वाचन व्यवस्थापन निकायहरु तथा BRIDGE साझेदारहरूका बीचमा समन्वयका लागि सबैभन्दा राम्रो मोडेलका रूपमा प्रमाणित गरेको छ ।
- निर्वाचन आयोगको स्वामित्वको अर्थमा महत्वपूर्ण रूपमा EEIC ले समन्वय समितिको संयोजन गरिरहेको छ ।
- निर्वाचन आयोगको कार्य प्रवेश प्रशिक्षण (Induction Training) को आधारका रूपमा BRIDGE लाई प्रयोग गरिएको छ ।
- विगतका तथा वर्तमान आयुक्तहरु तथा सचिवहरूले BRIDGE प्रति गहिरो प्रतिवद्धता प्रदर्शन गरेका छन् ।
- BRIDGE कार्यक्रमहरु थुप्रै सङ्ख्या (८४) मा सञ्चालन गरिएका छन् ।
- निर्वाचन आयोग तथा यसका सरोकारवालाहरूसँग सम्बन्ध निर्माण गर्नेसन्दर्भमा यसको प्रमाणित महत्व रहेको छ ।
- निर्वाचन आयोगको प्रशिक्षण संरचनामा उदाहरणीय परिवर्तन भएको देखिन्छ ।
- सकारात्मक व्यक्तिगत रूपान्तरण तथा संस्थागत परिवर्तन दुवै भएका छन् ।

## ९.२ नेपालमा BRIDGE का चुनौतीहरु

नेपालमा BRIDGE को सशक्त सकारात्मक प्रभावहरु भए पनि यसको निरन्तर प्रयोगका सन्दर्भमा थुप्रै सम्भावित चुनौती विद्यमान छन् । ती हुन्:

- BRIDGE साझेदारी परियोजनाको डिजाइनका अन्य तत्वलाई BRIDGE ले सहयोग पुऱ्याउने सुनिश्चित गर्नका लागि उपयुक्त समयमा नयाँ अवधारणाहरु लागू गरेर, सम्बन्ध विकास गरेर तथा अवसरहरु एवं संवाद सिर्जना गरेर त्यस डिजाइनमा BRIDGE लाई थप सिर्जनशील तथा रणनैतिक रूपमा समावेश गर्न सकिन्छ;
- निर्वाचन आयोगको रणनैतिक योजना वा वार्षिक कार्य योजनाहरूमा हाल BRIDGE सम्बन्धमा केही उल्लेख गरिएको छैन, यसले गर्दा आफ्नो समग्र क्षमता विकास रणनीतिमा BRIDGE को महत्वबारे तर्क गर्न निर्वाचन आयोगलाई गाह्रो परिरहेको छ ।[१७]
- निर्वाचन आयोगसँग सहजकर्ताहरु र सहभागीहरु छनोटसम्बन्धी पारदर्शी नीति नभएका कारण BRIDGE मा पहुँच असमान भइरहेको छ भने BRIDGE कार्यक्रमहरूमा सहभागी हुने अवसर नपाएकाहरूलाई रूष्ट पार्ने तथा भ्रमित बनाउने अवस्था सिर्जना भइरहेका छन् ।
- BRIDGE साझेदारी परियोजना डिजाइन तथा निर्वाचन आयोगको नीतिगत दस्तावेजहरु दुवैमा BRIDGE को प्रयोगका लागि सुनिश्चित उद्देश्यहरु उल्लेख नगरिएको हुँदा BRIDGE को प्रभावको मापन गर्न गाह्रो परिरहेको छ ।
- के सञ्चालन भइरहेको छ, कसबाट सञ्चालन गरिएको छ र कसका लागि सञ्चालन गरिएको छ भन्नेबारे विशेषगरी जिल्लामा कार्यरत कर्मचारीहरूसँग परामर्श नगरिँदा आफूलाई आवश्यक भए अनुसारका BRIDGE को मोड्युल मानिसहरूले प्राप्त नगर्ने अवस्था सिर्जना हुन सक्छ ।
- निर्वाचन आयोगमा रहेका केही नयाँ वरिष्ठ व्यवस्थापकलाई BRIDGE बारे जानकारीको अभावका कारण नेपालमा BRIDGE को भावी प्रयोगका सम्बन्धमा सुसूचित निर्णय लिन कठिन हुन सक्छ ।
- निर्वाचन आयोगबाट सरूवा भएका सहजकर्ताहरु वा हालसालै अवकाश प्राप्त गरेका अधिकारीहरु तथा BRIDGE प्रमाणीकृत (Accredited) नागरिक समाज सदस्यहरूलाई पर्याप्त मात्रामा प्रयोग गरिएको छैन ।
- निर्वाचन आयोगमा ज्ञान व्यवस्थापन रणनीतिहरूको अभावका कारण तल उल्लेख गरिए अनुसारको अवस्था सिर्जना भइरहेको छ :
  - BRIDGE सम्बन्धी साधनस्रोतहरूमा जति सजिलोसँग पहुँच हुनुपर्ने हो, प्रायः समयमा त्यति सजिलोसँग हुने गरेको छैन, र
  - BRIDGE मा सहभागी नभएका कर्मचारीहरूसमक्ष यसका मूल्यवान सिकाइहरु प्रस्तुत गर्ने गरिएको छैन ।
- BRIDGE कार्यक्रमहरूको उच्च लागत र हाल निर्वाचन आयोगसँग BRIDGE का लागि बजेट नहुनुको कारणले अन्तर्राष्ट्रिय सहयोगको अभावमा BRIDGE को प्रयोगलाई निरन्तरता दिन कठिन हुन सक्छ ।
- नेपालको सिङ्गो निजामती सेवालाई प्रभावित गरिरहेको एउटा मुद्दाका रूपमा रहेको कर्मचारीलाई यथास्थानमा राख्नमा कठिनाइसम्बन्धी समस्याले BRIDGE सञ्चालन गर्ने सन्दर्भमा निर्वाचन आयोगको आन्तरिक क्षमतालाई घटाउने सम्भावना छ ।

---

[१७] IFES ले उल्लेख गरे अनुसार निर्वाचन आयोगसँगको यसको वर्तमान समझदारीपत्रमा BRIDGE बारे उल्लेख गरिएको छ तर निर्वाचन आयोगको रणनीति तथा कार्य योजनाहरूमा यो कुरा प्रतिविम्बित भएको छैन ।

- BRIDGE लाई निर्वाचन आयोगको पूर्ण स्वामित्वमा हस्तान्तरण नगरिएसम्मका लागि स्पष्ट मार्गचित्रको अभावका कारण अन्तर्राष्ट्रिय सहयोग बिना निर्वाचन आयोगमा BRIDGE लाई निरन्तरता दिन कठिन हुन सक्छ ।
- BRIDGE को प्रभावसम्बन्धमा दीर्घकालीन मूल्याङ्कन संयन्त्रको अभावका कारण BRIDGE कार्यशालाहरूमा सहभागी हुनेहरूको सीप, प्रवृत्ति तथा कार्याभ्याशहरूमा BRIDGE को प्रभावबारे सही रूपमा मूल्याङ्कन गर्ने कार्य कठिन हुनसक्छ ।

## ९.३ नेपालमा BRIDGE को दिगोपना

नेपालमा BRIDGE सम्बन्धमा गरिएका दुई वटा पूर्व मूल्याङ्कन नेपालमा BRIDGE को दिगोपनासम्बन्धी विषयमा केन्द्रित भएका थिए र दिगोपनासम्बन्धी विषय यो मूल्याङ्कन टोलीको पनि केन्द्रमा रहेको छ । नेपालमा BRIDGE को कार्यान्वयनको दश वर्ष बिन्दूमा आएर यो प्रश्न गर्नु समसामयिक भएको छ - नेपालमा BRIDGE को स्वीकार्यता, प्रभाव र स्वामित्वको स्तर कस्तो छ?

### स्वीकार्यता

दिगोपनाको मूल्याङ्कन गर्दा गरिनुपर्ने पहिलो र सबैभन्दा महत्वपूर्ण हो - "उनीहरु यसलाई चाहन्छन् कि चाहँदैनन् ?" निर्वाचन आयोगका कर्मचारीहरु (केन्द्रीय कार्यालय र स्थानीय स्तरमा कार्यरत) तथा सरोकारवालाहरूसँगका सबै अन्तर्वार्ताका क्रममा BRIDGE क्षमता विकासका लागि उपयोगी साधन रहेको कुरामा दृश्य रूपमा आम सहमति देखिएको थियो । कार्यशालाहरूमा सहभागी भएकाहरूले पनि विषयवस्तु र विधि दुवै मन पराएका थिए । उनीहरूले यसको विधि संलग्न गराउने, आदरपूर्ण तथा निकै रमाइलो भएको अनुभव गरेका थिए । सबैभन्दा महत्वपूर्ण कुराका रूपमा यो सांस्कृतिक रूपमा उपयुक्त भएको उनीहरूले अनुभव गरेका थिए । र, निर्वाचन आयोगका कर्मचारीहरूले BRIDGE ले उनीहरूको ज्ञान र विशेष गरी आफ्नो काम गर्ने र सरोकारवालाहरूलाई संलग्न गराउने उनीहरूको क्षमताप्रति उनीहरूको आत्मविश्वास बढाएको अनुभव गरेका थिए । निर्वाचन आयोगका करिब करिब सबै कर्मचारीले थप BRIDGE कार्यशालाहरूमा सहभागी हुने अवसरलाई नगुमाउने बताएका थिए भने कतिपयले (विशेष गरी जिल्लामा कार्यरत कर्मचारीहरु) उनीहरूको सन्दर्भमा कुन मोड्युल सबैभन्दा राम्ररी सुहाउँछ भन्नेबारे उनीहरूसँग परामर्श गरियोस् भन्ने चाहना व्यक्त गरेका थिए ।

BRIDGE सहजकर्ताहरूले पनि BRIDGE लाई निकै महत्व दिएको पाइयो । BRIDGE को सहजकर्ताका रूपमा प्रशिक्षित हुँदाको अनुभवले उनीहरूको आत्मविश्वास, उनीहरूको प्रस्तुति कला तथा निर्वाचन आयोगभित्रै एवं सरोकार पक्षहरूसँग सम्बन्ध निर्माण गर्ने उनीहरूको क्षमतालाई सहयोग पुऱ्याएको अनुभव उनीहरु सबैले गरेका थिए । उनीहरु सबैले BRIDGE एउटा निकै राम्रो प्रशिक्षण र समूह निर्माण गर्ने साधन रहेको अनुभव गरेका थिए । कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) को स्तरमा पुग्न नपाएका सबै उत्तरदाता (केन्द्रीय कार्यालय, जिल्ला र सरोकारवालाहरु) ले प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ता (Accrediting Facilitator) को स्तरमा पुग्ने इच्छा व्यक्त गरेका थिए । कार्यशाला स्तरमा रहेका सबैले प्रमाणीकरणको स्तर प्राप्त गर्ने अवसरको प्रतीक्षामा रहेको बताएका थिए । सेवाबाट अवकाश प्राप्त गरेका तथा अन्य स्थानमा सरूवा भएकाले समेत अवसर उपलब्ध भएको समयमा थप कार्यशालाहरूलाई खुशीका साथ सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

EEIC टोलीको व्यवस्थापन तथा कर्मचारीहरु BRIDGE का सम्बन्धमा विशेष रूपमा सन्तुष्ट छन् । उनीहरूले यसलाई निर्वाचन आयोगमा साझा दूरदृष्टि तथा लक्ष्यको भावना विकास गर्नका लागि महत्वपूर्ण साधनका रूपमा लिएका छन् । उनीहरूले यसलाई निर्वाचन आयोगका नयाँ कर्मचारीहरूलाई दिइने कार्य प्रवेश प्रशिक्षण (Induction Training) का लागि सबैभन्दा राम्रो आधार तथा सरोकारवालाहरूसँग संलग्न हुनका लागि निकै राम्रो माध्यमका रूपमा पनि हेरेको पाइयो ।

निर्वाचन आयोगलाई व्यापकता प्रदान गर्ने सन्दर्भमा उनीहरूमध्ये कतिपय प्रशिक्षण परिमार्जन कार्यमा संलग्न भएका थिए । त्यसैले गर्दा प्रशिक्षण सामग्री लेखन तथा कार्यान्वयनका लागि सबैभन्दा राम्रो मोड्युल BRIDGE भएको उनीहरूले अनुभव गरेका थिए । प्रमुख निर्वाचन आयुक्त तथा एक जना आयुक्तका साथै सह-सचिव एवं उप-सचिवहरूसँगको कुराकानीका क्रममा स्पष्ट रूपमा के देखियो भने निर्वाचन आयोगको नेतृत्व तहले निर्वाचन आयोगमा थप क्षमता अभिवृद्धिसम्बन्धी पहल आवश्यक भएका क्षेत्रहरूमा BRIDGE लाई रणनैतिक रूपमा उपयोग गर्न सकिने सम्भावना छ । आगामी दिनमा BRIDGE का कुन मोड्युलहरु प्रयोग गर्नुपर्ला भन्ने विषयमा नेतृत्व तहमा अहिले नै विचार हुन थालिसकेको छ ।

**प्रभाव**

माथि उल्लेख गरिएका पत्ता लागेका तथ्यहरूले नेपालमा BRIDGE को प्रभाव गहिरो रहेको कुरामाथि कुनै शङ्का गर्ने ठाउँ छोडेको छैन । तैपनि नेपालमा BRIDGE लाई उपयोग गरिएको शैलीमा उल्लेख्य रूपमा सुधार गर्न सकिने ठाउँ नभएको भने होइन । BRIDGE प्राप्ताङ्क (Scorecard) ले तल उल्लेख गरिएका अङ्कहरु सङ्केत गरेको छः

- अवधारणा निर्माण **५७/१००**
- व्यवस्थापन **२६/१००**
- क्रियाकलाप **२८/१००**
- प्रभावकारिता **४८/१००**
- समावेशीकरण, र **८५/१००**
- स्वामित्व **३८/१००**

अवधारणा निर्माण, क्रियाकलाप, प्रभावकारिता र समावेशीकरणका लागि तुलनात्मक रूपमा प्राप्त न्यून अङ्कलाई सजिलैसँग व्याख्या र समाधान गर्न सकिन्छ । परियोजना डिजाइन र निर्वाचन आयोगका दस्तावेजहरूमा स्पष्ट उद्देश्यहरु र मापन गर्न सकिने सूचकहरूको अभावका कारण अवधारणा निर्माणका लागि प्राप्त अङ्क नकारात्मक रूपमा प्रभावित भएको थियो ।

निर्वाचन अवधिका क्रममा डेढ वर्षभन्दा बढी समयका लागि कार्यक्रमलाई स्थगित गरिएका कारण निर्वाचन व्यवस्थापन निकायका सहभागीहरूको सङ्ख्याका दृष्टिकोणबाट तथा TTF सम्पन्न गरेका सबैले कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) को प्रक्रिया पूरा गर्ने अवसर प्राप्त गरेको सुनिश्चित गर्ने दृष्टिकोणबाट पनि 'क्रियाकलाप' ले न्यून अङ्क प्राप्त गरेको छ । सहभागीहरूको सन्तुष्टि र ज्ञान हस्तान्तरण जस्ता पक्षहरूलाई वास्तविक रूपमा मापन गर्दा 'प्रभावकारिता' ले राम्रो अङ्क हासिल गरेको छ तर नेपालमा BRIDGE कार्यक्रममा सहभागी हुनेहरूको व्यवस्थित मध्यकालीन तथा दीर्घकालीन अनुगमन कार्य नगरिएका कारण यो मारमा परेको छ ।

नेपालमा BRIDGE को लागत उच्च हुनुको परिणामस्वरूप 'व्यवस्थापन' ले न्यून अङ्क पाएको हो । यो कार्यक्रमको व्यवस्थापनको गुणस्तरको प्रतिविम्ब होइन र यसको अर्थ BRIDGE मा गरिएको लगानीको मूल्य उठेन भन्ने पनि होइन । प्राथमिक रूपमा यो जीवनयापनसम्बन्धी खर्चको तुलनामा निकै धेरै खर्च लाग्ने किसिमबाट BRIDGE कार्यान्वयन गरिनुको प्रतिविम्ब हो । वाह्य सहयोग बिना नेपालमा BRIDGE दिगो रूपमा सञ्चालन गर्नका लागि धेरै प्रयास गर्न आवश्यक रहेको एउटा क्षेत्र यो पनि हो ।

प्राप्ताङ्क (Scorecard) ले के चित्रण गर्दछ भने परिस्थितिगत प्रतिक्रियाहरु आफैमा निश्चित सन्दर्भमा BRIDGE को सफलताको ठोस प्रमाण हुँदैनन् र BRIDGE को प्रभावको सफलता वा असफलताबारे स्पष्ट बुझाइ हासिल गर्नका लागि उत्तरदाताहरूका भनाइका सन्दर्भमा बढी वैज्ञानिक, प्रमाणमा आधारित विधि प्रयोग गर्नु आवश्यक हुन्छ ।

**स्वामित्व**

स्वामित्वसम्बन्धी प्रश्नको उत्तर अलि बढी जटिल छ । निर्वाचन आयोगले EEIC मा BRIDGE सम्बन्धी आफ्नो क्षमतालाई राख्नका लागि कदमहरु चालेको छ । EEIC को प्रमुखले समन्वय समितिको पनि अध्यक्षता गर्दछन् र उनी सीपयुक्त BRIDGE सहजकर्ता र BRIDGE को उत्साही पैरवीकर्ता पनि हुन्छन् । यी कुराले निर्वाचन आयोगमा BRIDGE को संरचनागत स्वामित्वको केही स्तरलाई सङ्केत गर्दछन् ।

निर्वाचन आयोगले आफ्ना अधिकारीहरूलाई BRIDGE कार्यशालाहरूमा सहभागी हुन प्रोत्साहन प्रदान गर्ने पनि गरेको छ र निर्वाचन आयोगका सबै नयाँ कर्मचारीहरूलाई प्रदान गरिने कार्य प्रवेश प्रशिक्षण (Induction Training) मा BRIDGE परिचयात्मक मोड्युल (BRIDGE Introductory Module) लाई "संस्थागतीकरण" गरेको छ । निर्वाचन आयोगले BRIDGE सहजकर्ताहरूका रूपमा प्रशिक्षण गर्न पनि आफ्ना अधिकारीहरूलाई खुशीका साथ अनुमति प्रदान गरेको छ । यसको अर्थ के हो भने नेपालमा BRIDGE सम्बन्धी योजना तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने कार्यमा आत्मनिर्भरता सिर्जना गर्ने दिशामा यसले प्राथमिकता दिएको छ । यसले यसका आफ्नै BRIDGE सहजकर्ताहरूलाई प्रशिक्षण प्रदान गर्ने क्षमता सिर्जना गरेको छ । यी सबै स्वामित्वका मापन हुन् ।

तैपनि माथि उल्लेख गरिए झैं:

- निर्वाचन आयोगका कुनै पनि प्रमुख नीतिगत दस्तावेजमा अझै पनि BRIDGE बारे उल्लेख गरिएको पाइँदैन;
- निर्वाचन आयोगद्वारा BRIDGE का लागि हाल पर्याप्त बजेट विनियोजन गरिएको देखिँदैन;
- तल उल्लेख गरिएका विषयमा कुनै स्पष्ट तथा पारदर्शी मार्गनिर्देशिका अझै पनि तयार गरिएको छैन:
    - मोड्युलहरूको छनोट
    - सहभागीहरूको छनोट
    - सहजीकरण टोलीको छनोट
    - प्रत्येक कार्यशालाका लागि स्थानको छनोट

- निर्वाचन आयोगले अझै पनि तल उल्लेख गरिएका क्षेत्रमा पूर्ण स्वामित्व वहन गरेको छैन :
    - BRIDGE कार्यक्रमहरूका लागि योजना तर्जुमा तथा तयारी
    - मोड्युलहरूको परिमार्जन तथा अनुवाद
    - BRIDGE को दीर्घकालीन तथा अल्पकालीन अनुगमन तथा मूल्याङ्कन सञ्चालन, सशक्तीकरण तथा विश्लेषण
    - नेपालमा प्रयोग गर्ने गरिएका सम्पूर्ण
    - BRIDGE सामग्रीहरूको अभिलेखीकरण तथा सङ्कलन
    - अन्तर्राष्ट्रिय BRIDGE कार्यालयसँग प्रत्यक्ष सम्पर्क ।

नेपालमा BRIDGE लाई वास्तवमै दिगो बनाउने हो भने माथि उल्लेख गरिएका BRIDGE का सम्पूर्ण तत्वको पूर्ण स्वामित्व लिन निर्वाचन आयोगले आफ्नो क्षमता विकास गर्नु आवश्यक छ ।

## १०. सिफारिशहरु

माथि उल्लेखित तथ्यका आधारमा BRIDGE मूल्याङ्कन टोलीले नेपालमा भविष्यमा BRIDGE को प्रयोगका लागि तल उल्लेख गरिए अनुसारका सिफारिशरु प्रस्तुत गरेको छ । यी सिफारिश तल उल्लेख गरिएका निकायहरूका लागि हुन्:

- निर्वाचन आयोग र नेपाल सरकार
- नेपालमा कार्यरत BRIDGE साझेदारहरु
- BRIDGE साझेदारहरु र निर्वाचन आयोग संयुक्त रुपमा, र
- BRIDGE का अन्तर्राष्ट्रिय साझेदारहरु

## १०.१ निर्वाचन आयोग र नेपाल सरकारका लागि

### सिफारिश नं. १

आफ्ना अधिकांश कार्य सञ्चालन तालिममा BRIDGE विधि प्रयोग गरेर, BRIDGE संयोजन समितिको अध्यक्षता गरेर तथा EEIC मा BRIDGE सम्बन्धी आफ्नो क्षमतालाई स्थान दिएर निर्वाचन आयोगले BRIDGE प्रतिको आफ्नो वृहद् स्वामित्व दर्शाएको भए पनि यससन्दर्भमा थप काम गर्नका लागि नेपालमा BRIDGE को थप स्वामित्व ग्रहण कस्तो किसिमको हुन्छ भन्नेबारे यसले निर्णय लिनु आवश्यक छ । यसका लागि निर्वाचन आयोग तल उल्लेख गरिएका विषयवस्तुहरुमा स्पष्ट हुनु जरुरी देखिन्छः

- थप स्वामित्व ग्रहण कसरी सम्भव छ? नेपालका लागि BRIDGE का कुन कुन तत्वहरु सबैभन्दा महत्वपूर्ण छन्? BRIDGE कै नामबाट सम्बोधन नगरिए पनि निर्वाचन आयोग नेपालका लागि सबैभन्दा उपयोगी रुपमा तिनीहरुको उपयोग गर्न चाहन्छ?
- स्वामित्व हस्तान्तरण नहुँदासम्मको सङ्क्रमण अवधिमा के कस्ता सहयोग आवश्यक पर्दछ? यस सङ्क्रमण कालमा अन्तर्राष्ट्रिय समुदायले कसरी सर्वाधिक उपयुक्त तवरले सहयोग गर्न सक्दछ?
- यसलाई कार्यान्वयन गर्नका लागि के कस्ता कुराहरुको व्यवस्था हुनु आवश्यक छ?

### सिफारिश नं. २

निर्वाचन आयोग अन्ततोगत्वा BRIDGE को वृहद् स्वामित्व लिन इच्छुक छ भने यसले BRIDGE को लागत साझेदारी अवधारणाबारे अध्ययन गर्नुपर्नेछ । यसका लागि तल उल्लेख गरिएका कुराहरु गर्न आवश्यक हुनेछः

- निर्वाचनपछिको समयलाई पनि समेटिएको BRIDGE बजेट तर्जुमा गर्न नेपाल सरकारसँग काम गर्ने । दीर्घकालीन क्षमता विकासका लागि काम गर्न सबैभन्दा राम्रो र उपयुक्त रणनैतिक समय यही हो । तर विडम्बनापूर्ण कुरा के छ भने निर्वाचनका लागि आर्थिक सहयोग प्रायः कम गरिने वा सम्पूर्ण रुपमा हटाइने समय पनि यही हो ।
- BRIDGE कार्यशाला सञ्चालनको लागत घटाउनका लागि उपायहरु खोजी गर्ने ।

### सिफारिश नं. ३

निर्वाचन आयोग तथा यसका सरोकारवालाहरुबाट गरिने BRIDGE को महत्वपूर्ण प्रयोगलाई प्रतिविम्बित गर्ने नीति तथा योजना तर्जुमा दस्तावेजहरु तयार गर्नुपर्ने आवश्यकता देखिन्छ । BRIDGE लाई रणनैतिक दस्तावेजहरु तथा कार्य योजनाहरुमा सम्मिलित गराएर यो उद्देश्य हासिल गर्न सकिन्छ । BRIDGE का लागि सरकारबाट भविष्यमा आर्थिक सहयोग प्राप्त गर्नका लागि पनि यसले सजिलो बनाउन सक्छ ।

### सिफारिश नं. ४

BRIDGE मा को, कहिले र किन सहभागी हुनुपर्दछ भन्नेबारे स्पष्ट तथा पारदर्शी दस्तावेजहरु तयार गर्नुपर्ने आवश्यकता देखिन्छ । यिनीहरु रणनैतिक योजनाका उद्देश्यहरुलाई सहयोग गर्नका लागि तथा नेपालमा BRIDGE को सर्वाधिक प्रभावकारी तथा कुशल प्रयोग सुनिश्चित गर्नका लागि तयार गरिएको हुनुपर्दछ । तल उल्लेख गरिएका सरोकारवालाहरुका लागि BRIDGE कसरी सान्दर्भिक हुन सक्छ भन्नेबारे रणनीति बनाउनु आवश्यक देखिन्छः

- निर्वाचन आयोग व्यवस्थापन - आयुक्तहरु, सचिव स्तर
- वरिष्ठ अधिकारीहरु - सह-सचिव र उप-सचिव तथा शाखा प्रमुखहरु
- जिल्लामा कार्यरत कर्मचारीहरु
- वाह्य सरोकारवालाहरु
- निर्वाचनसँग सम्बन्धित जिम्मेवारी लिने अन्य सरकारी अधिकारी

## सिफारिश नं. ५

हालै सम्पन्न गरिएका निर्वाचनहरूका सिकाइका आधारमा मध्यकालीन तथा दीर्घकालीन BRIDGE कार्यान्वयन योजना तयार गर्नुपर्ने आवश्यकता देखिन्छ । यसमा कुन कुन मोड्युल प्रयोग गर्ने, तिनीहरूलाई कहिले प्रयोग गर्नु सबैभन्दा राम्रो होला र क्षमता विकास पहलका लागि कुन कुन सरोकारवालाहरूलाई लक्षित गर्ने हो जस्ता कुराहरूको रूपरेखा कोरिएको हुनुपर्नेछ । यो कार्य कर्मचारीहरु तथा सरोकारवालाहरूसँग वृहद् परामर्श गरेर गरिनुपर्दछ । यसले तल उल्लेख गरिएका कुराहरूलाई सुनिश्चित गर्नेछः

- उपयुक्त समयमा BRIDGE को आयोजना गर्नका लागि सहयोगी हुनेछ
- निर्वाचन आयोगका कर्मचारीहरु निर्वाचन चक्रभरि नै निर्वाचन केन्द्रित गतिविधिहरूमा सहभागी, उत्प्रेरित र प्रोत्साहित रहनेछन्

## सिफारिश नं. ६

निर्वाचन आयोग BRIDGE लाई आधिकारिक रूपमा BRIDGE कै रूपमा निरन्तरता दिन चाहन्छ भने BRIDGE सम्बन्धी कार्यक्रम बारम्बार र बढीभन्दा बढी सहभागीका लागि आयोजना गर्न (वा BRIDGE विधिलाई वैकल्पिक रूपमा प्रयोग गर्न) निर्वाचन आयोगको क्षमता वृद्धि गर्नका लागि यसले थप सहजकर्ताहरु (विशेष गरी महिला, वाह्य सरोकारवालाहरु तथा जिल्लास्थित कर्मचारीहरु) लाई कार्यशाला प्रमाणीकरण (Workshop Accreditaton) गराउनका लागि अवसरहरु वृद्धि गर्न रणनीतिहरु विकास गर्नुपर्ने हुन्छ ।

निर्वाचन आयोगले BRIDGE का विधिलाई आˆनै घरेलु शैलीमा आयोजना गर्ने गरिएका कार्यशालाहरूमा प्रयोग गर्ने निर्णय गरेको छ तर त्यस्ता कार्यशालाहरु आवश्यक सङ्ख्या र आवश्यक समयमा आयोजना गर्नका लागि क्षमता विकास गर्न त्यस्ता कार्यशाला आयोजना गर्ने अवसर निर्वाचन आयोगभित्रै तथा सरोकारवाला समूहहरूबीच व्यापक रूपमा उपलब्ध गरिएकोसम्बन्धमा निर्वाचन आयोगले सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

## सिफारिश नं. ७

हालसालै अवकाश प्राप्त गरेका तथा सरूवा भएका अधिकारीहरूका सीप तथा उत्साहलाई कायम राख्न र सहजकर्ता टोलीहरु तयार गर्दा निर्वाचन आयोगलाई थप सहजता प्रदान गर्नका लागि BRIDGE कार्यशाला सञ्चालनमा उनीहरूलाई परिचालन गर्ने उपायहरूको खोजी गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## सिफारिश नं. ८

BRIDGE का सबै पक्षको योजना तर्जुमा, परिमार्जन, अनुवाद, तयारी, कार्यान्वयन, मूल्याङ्कन, अनुगमन तथा अभिलेखीकरण गर्नसक्ने एउटा मुख्य BRIDGE टोली निर्वाचन आयोगभित्रै तयार गर्न आवश्यक छ । यसले निर्वाचन आयोग BRIDGE का सन्दर्भमा आत्मनिर्भर भएको र यसलाई दिगो रूपमा सञ्चालन गर्न सक्षम भएको सुनिश्चित गर्नेछ ।

## सिफारिश नं. ९

BRIDGE सहजकर्ताहरूका सम्बन्धमा राम्रो अभिलेखीकरण, समन्वय तथा परिचालन संयन्त्रहरु तयार गर्नुका साथै तल उल्लेख गरिएका कार्य गर्नुपर्ने देखिन्छः

- अवसरहरूको आदानप्रदान तथा प्रमाणीकरण (Accreditaton) प्रक्रियाका माध्यमबाट सहजकर्ताहरूको थप रणनैतिक विकास सम्भव बनाउनका लागि BRIDGE सहजकर्ताहरूको सूची निर्माण,
- BRIDGE कार्यशालाहरूको सहजीकरण कसले गर्नुपर्दछ र किन गर्नुपर्दछ भन्नेबारे स्पष्ट र पारदर्शी नीतिहरूको निर्माण ।

### सिफारिश नं. १०

तल उल्लेख गरिएका काम गरेर BRIDGE लाई निरन्तर सिकाइ प्रक्रियाका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता देखिन्छः

- एक वर्षभन्दा बढी समयदेखि प्रतीक्षारत कार्यशाला सञ्चालन गर्ने सक्ने (Workshop Level Facilitator) गरिरहेका जसले TTF हासिल गरिसकेका सहजकर्ताहरूका लागि पुनःताजगी कक्षा सञ्चालन गर्ने,
- BRIDGE कार्यशालाहरूमा सहभागी हुने अवसर विश्वव्यापी छन् र BRIDGE सिकाइका आधारमा सुदृढ गर्न निर्वाचन आयोगका कर्मचारीहरु तथा सरोकारवालाहरूलाई सहज बनाउनका लागि सहभागी छनोट कार्यविधिहरु पारदर्शी भएको सुनिश्चित गर्ने,
- भविष्यमा BRIDGE को प्रयोगका लागि निर्वाचन आयोगको स्पष्ट रणनैतिक योजना निर्माण गर्ने ।

### सिफारिश नं. ११

तल उल्लेख गरिएका कुराहरु सुनिश्चित गर्न BRIDGE को तेस्रो संस्करणका सामग्रीहरूको परिमार्जन, अद्यावधीकरण, अनुवाद तथा पहुँच अभिवृद्धिका लागि योजना तयार गर्न नेपालमा कार्यरत BRIDGE साझेदारहरूसँग काम गर्नुपर्ने आवश्यकता देखिन्छः

- BRIDGE संस्करण ३ का सामग्रीहरु विशेष सान्दर्भिक छन्,
- BRIDGE संस्करण ३ का सामग्रीहरु पहिचान गरिएका आवश्यकताहरु पुरा गर्न परिमार्जन गरिएका छन्,
- BRIDGE संस्करण ३ का सामग्रीहरु नेपालीमा अनुदित छन र गर्नु पर्ने छ,
- BRIDGE संस्करण ३ का सामग्रीहरूमा नेपालमा कार्यरत सम्पूर्ण सहजकर्ताका साथै BRIDGE कार्यालयले सजिलै पहुँच प्राप्त गर्न सक्छन् (अनुवाद गरिएका तथा अद्यावधिक गरिएका सामग्रीहरूका सफ्ट तथा हार्ड कपि दुवैका रूपमा)

### सिफारिश नं. १२

BRIDGE को क्षमतालाई विकेन्द्रीकरण गर्नका लागि तल उल्लेख गरिए जस्तो BRIDGE योजना तयार गर्नुपर्ने आवश्यकता देखिन्छः

- स्थानीय आवश्यकताका आधारमा सञ्चालित,
- प्रादेशिक तथा स्थानीय तहका नयाँ सङ्घीय संरचनाहरूलाई उपलब्ध गराइएको,
- वृहद् समुदायबीच प्रभावकारी रूपमा प्रस्तुत गरिएको ।

## १०.२ नेपालमा कार्यरत BRIDGE साझेदारहरूका लागि

### सिफारिश नं. १

भावी परियोजनाको डिजाइन तयार गर्दा BRIDGE लाई थप राम्रो शैलीमा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ र यसको थप सिर्जनात्मक प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- यसका लागि BRIDGE लाई भावी परियोजना डिजाइनका सम्पूर्ण पक्षलाई सहयोग गर्ने सम्भावना भएको साधनका रूपमा बुझिनु आवश्यक हुन्छ । परियोजना, र यसका अतिरिक्त प्राप्त गर्ने संस्थाहरूका लागि यसको सम्भावित प्रयोगका दृष्टिकोणबाट यसलाई हेरिनुपर्दछ ।

BRIDGE लाई परियोजना डिजाइनको एक 'पृथक' तत्वका रूपमा अब हेरिनु हुँदैन, बरू यसको डिजाइन केका लागि गरिएको छ भन्ने दृष्टिकोणबाट हेरिनुपर्दछ, अर्थात् वृहद क्षमता विकास रणनीतिको सशक्त अङ्गका लागि डिजाइन गरिएको तत्वका रूपमा हेरिनुपर्दछ । सम्भवतः यस्तो हुने सुनिश्चित गर्नका लागि एउटा उपाय (नेपालमा मात्र नभई BRIDGE प्रयोग गरिने कुनै पनि स्थानमा) परियोजना डिजाइनको एउटा निश्चित अंशबारे अवधारणा बनाउन तथा त्यसलाई तयार गर्नका लागि BRIDGE लाई सबैभन्दा राम्ररी कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे मुख्य प्राविधिक सल्लाहकारहरूलाई BRIDGE विज्ञहरूबाट सुझाव र/ वा प्रशिक्षण उपलब्ध गराउनु हुनसक्छ ।

## सिफारिश नं. २

निर्वाचन आयोग BRIDGE को थप स्वमित्व लिन चाहन्छ छ भने BRIDGE समन्वय समितिमा यस सम्बन्धी विस्तृत छलफल गर्नुपर्ने आवश्यकता देखिन्छ । यसकोलागि आवश्य रणनीति तल उल्लेख गरिएका छन्ः

- वर्तमान आयुक्तहरु तथा निर्वाचन आयोगको नेतृत्व तहमा रहेकामध्ये केही वरिष्ठ पदाधिकारीहरु BRIDGE बारे कम अनुभवी भएकाले BRIDGE ले गर्नसक्ने कामसम्बन्धमा राम्रो जानकारी हासिल गरी BRIDGE बारे निर्णय गर्नका लागि उनीहरूलाई सहयोग गर्न छोटो, उच्चस्तरीय 'BRIDGE : एक झलक' (BRIDGE Showcase) कार्यशाला आयोजना गर्नु व्यावहारिक हुन सक्छ ।
- साझेदारहरु तथा निर्वाचन आयोगबीच सम्भावित लागत बाँडफाँड व्यवस्थासम्बन्धमा छलफल अगाडि बढाउने । यो कार्य मसलन्द तथा छापा सामग्री व्यवस्थापन जस्ता कुराहरु सहितका सानातिना लागत बाँडफाँडसम्बन्धी कुराबाट वा मूल्याङ्कन गर्नका लागि कर्मचारी उपलब्ध गराउने आदि जस्ता कामबाट गर्न सकिन्छ ।
- होटलमा प्रशिक्षण कार्यक्रम आयोजना गर्नुको सट्टा सरकारी प्रशिक्षण स्थलहरूको प्रयोग गर्ने वा भ्रमण खर्च कम गर्नका लागि जिल्लामा रहेका सहजकर्ताहरूमार्फत प्रशिक्षण कार्य सञ्चालन गर्ने लगायतका लागत कम गर्ने उपायहरूबारे छलफलका लागि पहल गर्ने ।

## सिफारिश नं. ३

BRIDGE को वृहद स्वामित्व लिन निर्वाचन आयोगको क्षमता अभिवृद्धि गर्ने कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि तल उल्लेख गरिएका कार्यहरु गर्न सकिन्छः

- BRIDGE क्रियाकलापसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन एवं अभिलेखीकरणसम्मका प्रत्येक कार्यको शुरूदेखि अन्त्यसम्म निर्वाचन आयोगका कर्मचारीहरु संलग्न हुनुपर्नेमा जोड दिने,
- BRIDGE को उक्त कार्यको जिम्मेवारी अन्ततोगत्वा निर्वाचन आयोगका कर्मचारीहरूले लिन सकून् भन्ने उद्देश्यले मूल्याङ्कन विधिहरूको प्रयोग तथा विश्लेषण कसरी गर्ने भन्नेसम्बन्धमा उनीहरूलाई सिकाउने,
- BRIDGE को उक्त कार्यको जिम्मेवारी अन्ततोगत्वा निर्वाचन आयोगका कर्मचारीहरूले लिन सकोस् भन्ने उद्देश्यले BRIDGE का सम्पूर्ण दस्तावेजको सही ढङ्गले अभिलेख राख्न उनीहरूलाई सिकाउने,
- अन्तर्राष्ट्रिय BRIDGE कार्यालय र वेबसाइटको सबैभन्दा राम्रो प्रयोग कसरी गर्न सकिन्छ र परिमार्जित एवं अनुदित सामग्रीहरूलाई अपलोड गर्नेसम्बन्धी BRIDGE का नियमहरूलाई कसरी पालना गर्ने भन्नेबारे निर्वाचन आयोगका कर्मचारीहरूलाई सिकाउने,
- BRIDGE योजना तर्जुमा, तयारी तथा कार्यान्वयन पक्षको जिम्मेवारी लिन EEIC अन्ततोगत्वा सक्षम होस् भन्ने उद्देश्यले ती कार्य गर्न त्यसलाई सहयोग गर्ने,
- तल उल्लेख गरिएका लगायतका सम्पूर्ण नेपाली BRIDGE सहजकर्ताहरूको सूची तयार गर्नका लागि निर्वाचन आयोगसँग काम गर्नेः

- निर्वाचन आयोग केन्द्रीय कार्यालय तथा जिल्लास्थित कर्मचारीहरू
- हालसालै अवकाश प्राप्त गरेका निर्वाचन आयोगका कर्मचारीहरू
- अन्य सरकारी निकायमा सरूवा भएका निर्वाचन आयोगका कर्मचारीहरू
- प्रशिक्षण संस्थाहरू, नागरिक समाज संस्थाहरू आदि सहित अन्य सरोकार पक्ष समूहहरूमा रहेका सहजकर्ताहरू
- माथि उल्लेख गरिएका सबैको प्रमाणीकरण (Accreditaton) स्तर
- माथि उल्लेख गरिएका सबैले सञ्चालन गरेका मोड्युलहरूको सङ्ख्या (र मितिहरू)

### सिफारिश नं. ४

नेपालमा BRIDGE का सबै पक्षको योजना तर्जुमा, परिमार्जन, अनुवाद, तयारी, कार्यान्वयन, मूल्याङ्कन, अनुगमन तथा अभिलेखीकरण गर्नसक्ने एउटा मुख्य BRIDGE टोली निर्वाचन आयोगमा तयार गर्नका लागि निर्वाचन आयोगसँग काम गर्नुपर्ने आवश्यकता देखिन्छ । टोलीमा रहेका एक वा एकभन्दा बढी कर्मचारीको सरूवा भएको अवस्थामा पर्ने प्रभावलाई कम गर्नका लागि पर्याप्त हुने गरी टोलीलाई ठूलो बनाइनुपर्दछ ।

### सिफारिश नं. ५

BRIDGE लाई तल उल्लेख गरिए जस्तो बनाउने उद्देश्यले BRIDGE को क्षमतालाई विकेन्द्रीकरण गर्नका लागि योजना तयार गर्न निर्वाचन आयोगसँग काम गर्नुपर्ने आवश्यकता देखिन्छः

- स्थानीय आवश्यकताका आधारमा सञ्चालित,
- प्रादेशिक तथा स्थानीय तहका नयाँ सङ्घीय संरचनाहरूलाई उपलब्ध,
- प्रादेशिक तथा स्थानीय तहमा वृहद् समुदायबीच प्रस्तुत गरिएको ।

## १०.३ निर्वाचन आयोग र नेपालमा कार्यरत BRIDGE साझेदारहरू दुवैका लागि

### सिफारिश नं. १

यो प्रतिवेदन प्रकाशित भएपछि व्यावहारिक रूपमा सम्भव भएसम्म छिटो निर्वाचन आयोगले BRIDGE समन्वय समितिको बैठक बोलाउनुपर्दछ र त्यसमा निर्वाचन आयोग र साझेदारहरू दुवैले तल उल्लेख गरिएका विषयहरूमा निर्णय लिनुपर्दछः

- यो प्रतिवेदनले दिएका कुन कुन सिफारिशहरू अनुमोदन गर्ने,
- अनुमोदन गरिएका सिफारिशहरूलाई कार्यान्वयनको प्राथमिकीकरण,
- तिनीहरूलाई कसरी कार्यान्वयन गर्ने,
- प्रत्येक कार्यान्वयनका लागि जिम्मेवार को को हुने,
- प्रत्येक कार्यान्वयनका लागि समयसीमा
- प्रत्येक कार्यान्वयनका सफलतासम्बन्धी सूचकहरू
- प्रत्येक सिफारिशको प्रगति तथा उपलब्धिबारे सञ्चार गर्ने संयन्त्र

## १०.४ BRIDGE को अन्तर्राष्ट्रिय साझेदारी तथा BRIDGE कार्यालयका लागि

### सिफारिश नं. १

तल उल्लेख गरिएका विषयहरूमा मार्गनिर्देशन (र प्रशिक्षण पनि) उपलब्ध गराउनमा पुनः केन्द्रित हुनका लागि BRIDGE कार्यान्वयन पुस्तिका पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिन्छः

- आवश्यकता मूल्याङ्कन (Needs Assessment)
- BRIDGE को सम्भावित प्रयोग
- मापनयोग्य उद्देश्यहरू र खास सन्दर्भमा BRIDGE को प्रयोगका लागि सफलता सूचकहरूको तयारी सबैभन्दा राम्ररी कसरी गर्न सकिन्छ

- BRIDGE कार्यशालाहरूमा सहभागी हुनेहरूको सीप, प्रवृत्ति तथा कार्याभ्याशहरूमा BRIDGE को दीर्घकालीन प्रभावबारे सबैभन्दा राम्ररी कसरी मूल्याङ्कन गर्न सकिन्छ
- BRIDGE का सम्भावित प्रयोगकर्ताहरूलाई कार्यान्वयन पुस्तिकाबारे कसरी सचेत गर्न सकिन्छ र उनीहरूका लागि यसलाई कसरी बढी सान्दर्भिक र "प्रयोग मैत्री" बनाउन सकिन्छ
- TTF पूरा गरेका कतिपय सहजकर्तालाई कार्यशाला प्रमाणीकरण (Workshop Accreditation) लाई अगाडि बढाउन अक्षम बनाउने प्रमाणीकरण (Accreditaton) प्रक्रियाका 'अवरोध' लाई सम्बोधन गर्ने ।

# अनुसूचीहरु

## अनुसूची १: परामर्शदाताहरूको व्यक्तिगत विवरण

### रस अट्रिल

रस अट्रिलसँग अष्ट्रेलिया तथा विश्वका विभिन्न स्थानमा शिक्षण एवं प्रशिक्षण गरेको ३० वर्षभन्दा लामो अनुभव छ । अष्ट्रेलियन निर्वाचन आयोग (AEC) को अन्तर्राष्ट्रिय सेवा शाखाका सहायक निर्देशकका रूपमा श्री अट्रिलले निर्वाचन व्यवस्थापन तथा क्षमता विकाससन्दर्भमा व्यापक विशेषज्ञता हासिल गर्नुभएको छ । सन् १९९६ मा अष्ट्रेलियन निर्वाचन आयोगमा सरिक हुनु भएपछि उहाँले पाँच वर्ष मेलबोर्नस्थित निर्वाचन शिक्षा केन्द्रको व्यवस्थापनमा बिताउनु भयो भने त्यसपछि १३ वर्ष निर्वाचन प्रक्रियासम्बन्धी विस्तृत एवं नवीनतम प्रशिक्षण कार्यक्रम BRIDGE परियोजनाको अन्तर्राष्ट्रिय सह-संयोजकका रूपमा काम गर्नुभयो । उहाँले विश्वका विभिन्न स्थानमा AEC, IDEA, IFES र संयुक्त राष्ट्रसङ्घका साथै अफगानिस्तान, आर्मेनिया, जर्जिया, यमन, इण्डोनेशिया, टिमोर लेस्टे, फिजी, भानुआटु, सोलोमन प्रायद्वीप, पीएनजी, दक्षिण अफ्रिका, नेपाल, भुटान, अष्ट्रेलिया, इजिप्ट, जिम्बाबे तथा फिलिपाइन्सका लागि BRIDGE कार्यक्रम सञ्चालन गर्नुभएको छ । उहाँले सन् २००८ – सन् २००९ मा International IDEA को निर्वाचन प्रक्रियासम्बन्धी कार्यवाहक प्रमुखका रूपमा छ महिना सेवा गर्नुभएको छ । यसैगरी उहाँले युरोपेली आयोगको निर्वाचन पर्यवेक्षकहरूका लागि NEEDS परियोजना, अमेरिकी राज्यहरूको सङ्गठनको वार्षिक निर्वाचन सम्मेलन एवं द कार्टर सेण्टरको प्रशिक्षण कार्यक्रमका लागि प्रशिक्षण पाठ्यक्रम तयार गर्नमा सहयोग गर्नुभएको छ ।

अट्रिलले जुलाई २०१३ अष्ट्रेलियन निर्वाचन आयोगमा छोड्नुभयो र अहिले उहाँ लोकतन्त्र र निर्वाचनको क्षेत्रमा परामर्शदाताका रूपमा कार्यरत हुनुहुन्छ । अष्ट्रेलियन निर्वाचन आयोग छोड्नुभए यता उहाँले भुटानमा International IDEA का लागि, सोलोमन प्राय:द्वीपमा यूएनडीपीका लागि SIEC को प्रशिक्षण सल्लाहकारका रूपमा र छोटो समयको लागि प्रमुख प्राविधिक सल्लाहकारका रूपमा समेत काम गर्नुभयो । उहाँले जोर्डानमा सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी रणनैतिक योजना तर्जुमा अभ्यास कार्यमा सघाउँदै IFES का लागि काम गर्नुभएको छ भने सन् २०१५ को पूर्वार्द्ध अवधिमा UEC का लागि को मतदाता शिक्षा सल्लाहकारका रूपमा म्यानमामा पनि सेवा पुऱ्याउनुभयो । यसैगरी उहाँले केन्यामा गत वर्ष सम्पन्न निर्वाचनका क्रममा नागरिक शिक्षा सल्लाहकारका रूपमा केन्यास्थित IFES का लागि पनि काम गर्नुभएको छ ।

### डा. प्रकाश भट्टराई

डा. प्रकाश भट्टराई नेपालबाट एक बौद्धिक व्यक्तिका रूपमा काम गर्दै आउनुभएको छ । उहाँले न्यूजिल्याण्डको आटागो विश्वविद्यालयबाट शान्ति तथा द्वन्द्वसम्बन्धी अध्ययन विधामा विद्यावारिधि गर्नुभएको छ । उहाँले नेपालको त्रिभुवन विश्वविद्यालयबाट जनसङ्ख्या अध्ययन र संयुक्त राज्य अमेरिकाको नोट्रडाम विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय शान्ति अध्ययन विषयमा स्नातकोत्तर गर्नुभएको छ । उहाँ स्वीडेनको उप्साला विश्वविद्यालयमा सन् २०१३ को अप्रिलदेखि जुनसम्म र जर्मनीको शान्ति अनुसन्धान संस्थान फ्रान्कफर्ट (PRIF) मा सन् २०१७ को मईदेखि जुनसम्म अतिथि अनुसन्धान विज्ञका रूपमा संलग्न भइसक्नु भएको छ ।

शासन, शान्ति निर्माण, विकास, आप्रवासन तथा युवासँग सम्बन्धित क्षेत्रमा उहाँको १५ वर्षभन्दा लामो पेशागत तथा नेतृत्व अनुभव छ । उहाँले यूथ एक्सन नेपाल, एशोसियसन अफ यूथ अर्गनाइजेशन इन नेपाल तथा कलेक्टिभ क्याम्पेन फस पिस जस्ता संस्थाको नेतृत्व सम्हालिसक्नु भएको छ । उहाँले राजनैतिक दलहरु, युवा तथा विद्यार्थी सङ्गठनहरु, नागरिक समाज संस्थाहरु, सञ्चार, दातृ निकायहरु तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग निकटताका साथ काम गर्दै विभिन्न पैरवी पहलहरूको नेतृत्व एवं समन्वय कार्य गर्नुभएको छ । विगत केही वर्षदेखि उहाँले शान्ति निर्माण, सुरक्षा, द्वन्द्व रोकथाम, सामुदायिक मध्यस्थता, युवा, लैङ्गिकता, आप्रवासनसम्बन्धी आफ्ना संस्था, नेपालस्थित विभिन्न संस्थाहरु तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी), आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय संस्था (आईओएम), एक्सन अगेन्स्ट हङ्गर, सेभ द चिल्ड्रेन अन्तर्राष्ट्रिय, डान चर्च एड (डीसीए), सेफरवर्ल्ड, सर्च फर कमन ग्राउण्ड (एसएफसीजी), क्याथोलिक रिलिफ सर्भिस, द एसिया फाउण्डेशन (टीएएफ) तथा एलायन्स सफ पिस नेपाललगायतका वैदेशिक संस्थाहरूका विभिन्न परियोजनाहरूका लागि अनुसन्धान तथा मूल्याङ्कन परामर्शदाताका रूपमा काम गर्दै आउनुभएको छ ।

## अनुसूची २: परामर्श गरिएका व्यक्तिहरूको सूची

| क्र.सं. | मिति | व्यक्तिहरूको नाम | संस्था |
|---|---|---|---|
| १ | सन् २०१८ मार्च २ | अकिम श्रेष्ठ, कार्यकारी निर्देशक | प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) |
| २ | सन् २०१८ अप्रिल ९ | राधिका रेग्मी<br>राज बहादुर सापकोटा<br>विनोद ओझा | IFES |
| ३ | सन् २०१८ अप्रिल ९ | दीभा योञ्जन लामा | यूएनडीपी - ईएसपी |
| ४ | सन् २०१८ अप्रिल ९ | निकिला श्रेष्ठ | यूएनडीपी - ईएसपी |
| ५ | सन् २०१८ अप्रिल १० | भिन्सेण्ट दा क्रुज<br>कुन्दन दास श्रेष्ठ | यूएनडीपी - ईएसपी |
| ६ | सन् २०१८ अप्रिल १० | एण्टोनियो स्पिनेल्ली<br>शान्ती राम बिमली | |
| ७ | सन् २०१८ अप्रिल ११ | त्रिलोचन पोखरेल<br>राजेन्द्र ढकाल | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (नास्क) |
| ८ | सन् २०१८ अप्रिल ११ | नीलकण्ठ उप्रेति | पूर्व प्रमुख निर्वाचन आयुक्त |
| ९ | सन् २०१८ अप्रिल ११ | नवराज ढकाल, सह-सचिव | निर्वाचन आयोग, नेपाल |
| १० | सन् २०१८ अप्रिल ११ | सूर्य अर्याल, उप-सचिव<br>महेशराज तिम्सिना, उप-सचिव<br>बिशक्सेन ढकाल, उप-सचिव<br>हेम राज अर्याल, शाखा अधिकृत | निर्वाचन आयोग, नेपाल |
| ११ | सन् २०१८ अप्रिल ११ | शारदा प्रसाद त्रिताल | पूर्व सचिव, निर्वाचन आयोग, नेपाल |
| १२ | सन् २०१३ अप्रिल १२ | मधु रेग्मी | पूर्व सचिव, निर्वाचन आयोग, नेपाल |
| १३ | | मुकुन्द राज पाण्डेय | प्रशिक्षण तथा क्षमता विकास विशेषज्ञ |
| १४ | सन् २०१३ अप्रिल १३ | विनोद दाहाल, काठमाडौँ जिल्ला निर्वाचन अधिकारी<br>उमेश राई, भक्तपुर जिल्ला निर्वाचन अधिकारी<br>मधुकर पोखरेल, काभ्रे जिल्ला निर्वाचन अधिकारी | जिल्ला निर्वाचन अधिकारीहरू |
| १५ | सन् २०१३ अप्रिल १३ | ओदिले ह्युम्ब्लोट, कार्यक्रम | यूरोपेली सङ्घ |
| १६ | सन् २०१८ अप्रिल १७ | भिभियन हिल्डे ओप्स्भिक<br>राज कुमार ढुङ्गाना | नर्वेजियन दूतावास |
| १७ | सन् २०१८ अप्रिल २६ | डा. अयोधी प्रसाद यादव | प्रमुख निर्वाचन आयुक्त |
| १८ | सन् २०१८ अप्रिल २६ | ईश्वरी प्रसाद पौड्याल | निर्वाचन आयुक्त |

## अनुसूची ३: नेपालमा प्रमाणीकरण (Accreditaton) का स्तरहरु

| क्र.सं. | मुलुक | सहभागी भएको साल | नाम | पद |
|---|---|---|---|---|
| निर्वाचन आयोगमा उपलब्ध प्रमाणीकर्ताहरु (Accrediting Facilitators) | | | | |
| १ | नेपाल | सन् २००८ | शान्ति राम बिमली | IDEA |
| २ | नेपाल | सन् २००८ | सूर्य प्रसाद अर्याल | उप-सचिव, निर्वाचन आयोग |
| ३ | नेपाल | सन् २०११ | राधिका रेग्मी | IFES |
| निर्वाचन आयोगमा उपलब्ध कार्यशाला प्रमाणीकृत (Workshop Accredited) | | | | |
| १ | नेपाल | सन् २००८ | गङ्गा लाल सुवेदी | जिल्ला निर्वाचन अधिकारी, कास्की |
| २ | नेपाल | सन् २००९ | महेशराज तिम्सिना | उप-सचिव, निर्वाचन आयोग |
| ३ | नेपाल | सन् २०११ | निकिला श्रेष्ठ | EEIC संयोजक UNDP ESP |
| ४ | नेपाल | सन् २०१२ | कुन्दन दास श्रेष्ठ | डेपुटी प्रोजेक्ट मेनेजर, UNDP ESP |
| ५ | नेपाल | सन् २०१२ | विशाकसेन ढकाल | उप-सचिव, निर्वाचन आयोग |
| ६ | नेपाल | सन् २०१२ | सीता साम्बा | जिल्ला निर्वाचन अधिकारी, ललितपुर |
| ७ | नेपाल | सन् २०१५ | हेम राज अर्याल | शाखा अधिकृत, निर्वाचन आयोग |
| ८ | नेपाल | सन् २०१५ | चन्द्र बहादुर शिवाकोटी | उप-सचिव, निर्वाचन आयोग |
| ९ | नेपाल | सन् २०१५ | युवराज गुरागाई | शाखा अधिकृत, निर्वाचन आयोग |
| सरूवा भएका कार्यशाला प्रमाणीकृतहरु (Workshop Accredited) | | | | |
| १ | अष्ट्रेलिया/ नेपाल | सन् २००८ | लक्ष्मण भट्टराई | सरूवा / सेवानिवृत्त |
| २ | अष्ट्रेलिया/ नेपाल | सन् २००८ | सन्त नेपाल | सरूवा |
| ३ | नेपाल | सन् २००८ | शम्भु प्रसाद चालिसे | सरूवा |
| ४ | नेपाल | सन् २००८ | डिल्ली राज बेलबासे | सरूवा |
| ५ | नेपाल | सन् २००८ | कृष्ण राज पाण्डे | सरूवा |
| ६ | नेपाल | सन् २००८ | धुव्र प्रसाद ढकाल | सरूवा |
| ७ | नेपाल | सन् २००८ | लोक दर्शन पण्डित | दिवंगत |

| | | | | |
|---|---|---|---|---|
| ८ | दक्षिण अफ्रिका/ नेपाल | सन् २००९ | श्याम सुन्दर शर्मा | सरूवा / सेवानिवृत्त |
| ९ | दक्षिण अफ्रिका/ नेपाल | सन् २०१० | शारदा प्रसाद त्रिताल | सरूवा / सेवानिवृत्त |
| १० | दक्षिण अफ्रिका/ नेपाल | सन् २०१० | कोमल प्रसाद धमला | सरूवा |
| ११ | नेपाल | सन् २०११ | मधु प्रसाद रेग्मी | सरूवा |
| १२ | नेपाल | सन् २०११ | सलिना जोशी | सरूवा, UNDP ESP |
| १३ | नेपाल | सन् २०११ | भक्त राज जोशी | सरूवा |
| १४ | नेपाल | सन् २०१२ | तोल राज उपाध्याय | सरूवा |
| १५ | नेपाल | सन् २०१२ | राम गोविन्द अर्याल | सरूवा |
| १६ | नेपाल | सन् २०१२ | निलु पुरी बस्न्यात | सरूवा, IFES |
| १७ | नेपाल | सन् २०१२ | सुरज सिग्देल | सरूवा, IFES |
| १८ | नेपाल | सन् २०१२ | घनश्याम भण्डारी | सरूवा |
| १९ | नेपाल | सन् २०१५ | बाबुराम श्रेष्ठ | सरूवा |
| २० | नेपाल | सन् २०१५ | एक नारायण शर्मा | सरूवा |
| २१ | नेपाल | सन् २०१५ | मुकुन्द राज पाण्डेय | सरूवा, UNDP ESP |
| **कार्यशाला प्रमाणीकृत (Workshop Accredited) (नागरिक समाज तथा प्रशिक्षण संस्थाहरु)** | | | | |
| १ | नेपाल | सन् २०११ | सुष्मा मानन्धर | NASC |
| २ | नेपाल | सन् २०११ | बिभा प्रजापति | NEOC |
| ३ | नेपाल | सन् २०१२ | श्याम यादव | नागरिक समाज |
| **TTF सम्पन्न गरेका (निर्वाचन आयोगमा उपलब्ध)** | | | | |
| १ | नेपाल | सन् २००८ | कुसुम बज्राचार्य | शाखा अधिकृत |
| २ | नेपाल | सन् २०११ | धर्म अर्याल बेल्वासे | जिल्ला निर्वाचन अधिकारी |
| ३ | नेपाल | सन् २०११ | पिंकी राय | जिल्ला निर्वाचन अधिकारी |
| ४ | नेपाल | सन् २०१२ | उमेश राई | जिल्ला निर्वाचन अधिकारी |
| ५ | नेपाल | सन् २०१५ | पुष्पा कुमारी झा | जिल्ला निर्वाचन अधिकारी |
| **TTF सम्पन्न गरेका (सरूवा भएका)** | | | | |
| १ | नेपाल | सन् २००८ | लक्ष्मी देवी हुमागाइँ | सरूवा |
| २ | नेपाल | सन् २००८ | दिनेश सागर भुषाल | सरूवा |
| ३ | नेपाल | सन् २००८ | लक्ष्मी पाण्डे | सरूवा |

| | | | | |
|---|---|---|---|---|
| ४ | नेपाल | सन् २००८ | सविन राज ढकाल | सरूवा |
| ५ | नेपाल | सन् २००८ | कृष्ण राज वाग्ले | सरूवा |
| ६ | नेपाल | सन् २००८ | वीरेन्द्र बहादुर स्वार | सरूवा |
| ७ | नेपाल | सन् २००८ | हरि प्रसाद देवकोटा | सरूवा |
| ८ | नेपाल | सन् २००८ | इश्वरी प्रसाद शर्मा | सरूवा |
| ९ | नेपाल | सन् २००८ | ज्ञान राज सुवेदी | सरूवा |
| १० | नेपाल | सन् २००८ | हीरा देवी पौडेल | सरूवा |
| ११ | नेपाल | सन् २००८ | दल नाथ अर्याल | सरूवा |
| १२ | नेपाल | सन् २००८ | भीमकान्त शर्मा | सरूवा |
| १३ | नेपाल | सन् २००८ | ऋषी राम पङ्गेनी | सरूवा |
| १४ | नेपाल | सन् २००८ | कृष्ण प्रसाद पोखरेल | सरूवा |
| १५ | नेपाल | सन् २०११ | चुरामणि पन्थी | सरूवा |
| १६ | नेपाल | सन् २०१२ | अभिनन्दन शर्मा | सरूवा, UNDP ESP |
| १७ | नेपाल | सन् २०१२ | विनोद कुमार दाहाल | सरूवा |
| १८ | नेपाल | सन् २०१२ | पुण्य प्रसाद भट्टराई | सरूवा |
| १९ | नेपाल | सन् २०१२ | लक्ष्मी प्रसाद जोशी | सरूवा |
| २० | नेपाल | सन् २०१२ | दीपक कुमार थापा | सरूवा |
| २१ | नेपाल | सन् २०१५ | बद्री नाथ गैह्रे | सरूवा |
| २२ | नेपाल | सन् २०१२ | अनिता कार्की | सरूवा, UNDP ESP |
| **TTF सम्पन्न गरेका (नागरिक समाज तथा प्रशिक्षण संस्थाहरु)** | | | | |
| १ | नेपाल | सन् २०११ | कल्पलता दाहाल | NASC |
| २ | नेपाल | सन् २०११ | कविता शाह | GEOC |
| ३ | नेपाल | सन् २०११ | निर्मल केसी | Pro Public |
| ४ | नेपाल | सन् २०११ | रेखा श्रेष्ठ शर्मा | स्वतन्त्र |
| ५ | नेपाल | सन् २०११ | माधवी कटवाल | NEMA |
| ६ | नेपाल | सन् २०१२ | मीना विष्ट | जागरण नेपाल |
| ७ | नेपाल | सन् २०१२ | शोभा गौतम | राष्ट्रिय महिला सुरक्षा WATCH |
| ८ | नेपाल | सन् २०१२ | मञ्जु कुमारी | महिला अधिकार कार्यकर्ता |
| ९ | नेपाल | सन् २०१२ | योगमाया सापकोटा | प्रशिक्षण व्यवस्थापन अधिकृत |
| १० | नेपाल | सन् २०१२ | अकिम श्रेष्ठ | प्रशिक्षण निर्देशक |

## अनुसूची ४: नेपालमा सञ्चालन गरिएका BRIDGE कार्यशालाहरूको सूची

**नेपालमा लोकतन्त्र, शासन तथा निर्वाचनका लागि स्रोत निर्माण प्रशिक्षण**

(Building Resources in Democracy, Governance and Elections - BRIDGE)

**सन् २००८ - सन् २०१६**

BRIDGE क्रियाकलापको सङ्क्षिप्त विवरण

| मोड्युल/ क्रियाकलापहरु | सहयोगी संस्था | मिति | प्रशिक्षण कार्यक्रमको सङ्ख्या | सहभागीको सङ्ख्या | | कुल |
|---|---|---|---|---|---|---|
| | | | | पुरूष | महिला | |
| **सन् २००८** | | | | | | |
| १. सहजकर्ता प्रशिक्षण (TTF) | | ११-२२ मई, अष्ट्रेलिया | १ | २ | १ | ३ |
| २. BRIDGE : एक झलक (BRIDGE Showcase) | | १५ सेप्टेम्बर | १ | १४ | १ | १५ |
| ३. सहजकर्ता प्रशिक्षण (TTF) | UNDP/ IFES / IDEA | २१ सेप्टेम्बर - ०१ अक्टोबर | १ | १७ | ४ | २१ |
| | | **कुल** | **३** | **३३** | **६** | **३९** |
| **सन् २००९** | | | | | | |
| १. निर्वाचन व्यवस्थापन तथा मतदाता दर्ता | IFES | ३ - २७ मार्च | ४ | ८० | २ | ८२ |
| २. निर्वाचन प्रणालीहरु | यूएनडीपी - ईएसपी | ३ - १० जुलाई | ३ | ४९ | १४ | ६३ |
| ३. निर्वाचनपूर्वका क्रियाकलापहरु र निर्वाचनसम्बन्धी प्रशिक्षण | यूएनडीपी - ईएसपी | ०१ - २० नोभेम्बर | ४ | ७९ | २ | ८१ |
| ४. निर्वाचन न्याय (चुनावी विवाद निरूपण) | IDEA | २६ - २७ नोभेम्बर | १ | २० | २ | २२ |
| ५. सहजकर्ता प्रशिक्षण (TTF), दक्षिण अफ्रिका | | २२ नोभेम्बर - ०४ डिसेम्बर | १ | २ | ० | २ |
| | | **कुल** | **१३** | **२३०** | **२०** | **२५०** |
| **सन् २०१०** | | | | | | |
| १. लैङ्गिकता तथा निर्वाचनसम्बन्धी कार्यशाला | IFES | २९ - ३१ मार्च | १ | १४ | ८ | २२ |
| २. निर्वाचन न्याय (चुनावी विवाद निरूपण) सम्बन्धी कार्यशाला | IDEA | २९ - ३० सेप्टेम्बर | १ | २८ | १ | २९ |
| ३. चुनावी विवाद निरूपण सम्बन्धी कार्यशाला | IDEA | १८ नोभेम्बर | १ | २९ | २ | ३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. निर्वाचन प्रशासन तथा व्यवस्थापनको परिचयसम्बन्धी प्रशिक्षण | यूएनडीपी - ईएसपी | १५ - १७ डिसेम्बर | १ | २३ | ० | २३ |
| | | **कुल** | **४** | **९४** | **११** | **१०५** |
| **सन् २०११** | | | | | | |
| १. BRIDGE विशेष शिक्षण (मतदाता सूचना मोड्युल) | IFES | २५ फेब्रुअरी र ४ मार्च | २ | ३१ | ७ | ३८ |
| २. राजनैतिक दलहरु तथा निर्वाचनसम्बन्धी प्रशिक्षण | IFES | १९ - २१ अप्रिल | १ | १० | ९ | १८ |
| ३. सहजकर्ता प्रशिक्षण (TTF) | IFES | २७ जुन - ०८ जुलाई | १ | ४ | १६ | २० |
| ४. BRIDGE विशेष शिक्षण (परिचय तथा निर्वाचन व्यवस्थापन) | IFES | २९ जुलाई र ०५ अगष्ट | २ | २९ | १५ | ४४ |
| ५. निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी प्रशिक्षण | IFES | १८ - २० अगष्ट | १ | २३ | ० | २३ |
| ६. सहजकर्ता प्रशिक्षण (TTF), दक्षिण अफ्रिका | | २३ अगष्ट - ०१ सेप्टेम्बर | १ | २ | ० | २ |
| ६. लैङ्गिकता तथा निर्वाचनसम्बन्धी प्रशिक्षण - परीक्षणात्मक | IFES | १२ - १४ अक्टोबर | १ | ७ | १७ | २४ |
| ७. लैङ्गिकता तथा निर्वाचन, लाहान | यूएनडीपी - ईएसपी | ०६ - ०९ नोभेम्बर | १ | १७ | ८ | २५ |
| ८. लैङ्गिकता तथा निर्वाचन, पोखरा | यूएनडीपी - ईएसपी | १३ - १६ नोभेम्बर | १ | १८ | ६ | २४ |
| ९. लैङ्गिकता तथा निर्वाचन, धुलिखेल | यूएनडीपी - ईएसपी | २० - २३ नोभेम्बर | १ | १६ | १० | २६ |
| १०. लैङ्गिकता तथा निर्वाचन, डडेलधुरा | यूएनडीपी - ईएसपी | ०४ - ०७ डिसेम्बर | १ | ११ | ११ | २२ |
| ११. EEIC बारे BRIDGE परिचय, ललितपुर | यूएनडीपी - ईएसपी | ११ - १३ डिसेम्बर | १ | ११ | ५ | १६ |
| १२. लैङ्गिकता तथा निर्वाचन, सुर्खेत | यूएनडीपी - ईएसपी | २० - २३ डिसेम्बर | १ | १४ | ६ | २० |
| | | **कुल** | **१५** | **१९३** | **१०९** | **३०२** |
| **सन् २०१२** | | | | | | |
| १.निर्वाचन आयोगका सहयोगी कर्मचारीका लागि अभिमूखीकरण प्रशिक्षण (विशेष शिक्षण) | IFES | २६ - २७ जनवरी | २ | ४१ | ७ | ४८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.TITI का कर्मचारीका लागि लैङ्गिकता तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यशाला | निर्वाचन आयोग/ IFES / ईएसपी / TITI | ०८ - १० फेब्रुअरी | १ | १२ | ९ | २१ |
| ३. जिल्ला निर्वाचन कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, सुदूर-पश्चिमाञ्चल क्षेत्र, धनगढी | IFES | २३ - २६ फेब्रुअरी | १ | १८ | ० | १८ |
| ४. जिल्ला निर्वाचन कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, मध्य-पश्चिमाञ्चल क्षेत्र,, नेपालगञ्ज | IFES | २८ - ०२ मार्च | १ | २० | २ | २२ |
| ५. जिल्ला निर्वाचन कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, मध्यमाञ्चल क्षेत्र, धुलिखेल | IFES | ११ – १४ मार्च | १ | २३ | २ | २५ |
| ६. जिल्ला निर्वाचन कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, पश्चिमाञ्चल क्षेत्र, पोखरा | IFES | १६ - १९ मार्च | १ | २० | २ | २२ |
| ७. जिल्ला निर्वाचन कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, पूर्वाञ्चल क्षेत्र, विराटनगर | IFES | २५ - २८ मार्च | १ | २४ | ३ | २७ |
| ८. नवनियुक्त अधिकारीहरूका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, धुलिखेल | IFES | २० - २२ मार्च | १ | १४ | २ | १६ |
| ९. जिल्ला निर्वाचन कार्यालयका कर्मचारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी प्रशिक्षण, मध्यमाञ्चल क्षेत्र, वीरगञ्ज | IFES | २७ - ३० मार्च | १ | २२ | २ | २४ |
| १०. चुनावी विवाद निरूपण तथा निर्वाचन पर्यवेक्षणसम्बन्धी कार्यशाला, जनकपुर | IDEA | १० - १२ अप्रिल | १ | १५ | ८ | २३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. BRIDGE विशेष शिक्षण | IFES | ०१ जुन | १ | १० | ७ | १७ |
| १२. सरोकारवालाहरूका लागि लैङ्गिकता तथा निर्वाचनसम्बन्धी कार्यशाला, गोकर्ण | यूएनडीपी - ईएसपी | १२ - १४ जुन | १ | ७ | १४ | २१ |
| १३. सञ्चारकर्मीका लागि लैङ्गिकता तथा निर्वाचनसम्बन्धी कार्यशाला, नगरकोट | यूएनडीपी - ईएसपी | २७ - २९ जुलाई | १ | १५ | ६ | २१ |
| १४. सञ्चारकर्मीका लागि लैङ्गिकता तथा निर्वाचनसम्बन्धी कार्यशाला, धनगढी | यूएनडीपी - ईएसपी | ०७ - ०९ अक्टोबर | १ | २१ | ४ | २५ |
| १५. सहजकर्ता प्रशिक्षण (TTF) | यूएनडीपी - ईएसपी / IFES | २३ नोभेम्बर - ०४ डिसेम्बर | १ | १३ | ८ | २१ |
| | | **कुल** | **१६** | **२७५** | **७६** | **३५१** |
| **सन् २०१३** | | | | | | |
| १. निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी कार्यशाला | IFES | ०९ - ११ अप्रिल | १ | १६ | २ | १८ |
| २. सञ्चारकर्मीका लागि BRIDGE विशेष शिक्षण | IFES | २० मार्च | १ | २५ | ६ | ३१ |
| | | **कुल** | **२** | **४१** | **८** | **४९** |
| **सन् २०१४** | | | | | | |
| १. निर्वाचन आयोगका कर्मचारीका लागि BRIDGE विशेष शिक्षण, EEIC | IFES | २१ फेब्रुअरी | १ | १० | ५ | १५ |
| २. निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी प्रशिक्षण, हाइम्यू होटल, धुलिखेल | यूएनडीपी - ईएसपी | ०५ - ०७ मार्च | १ | २२ | २ | २४ |
| ३. निर्वाचन प्रणालीहरूसम्बन्धी कार्यशाला, अन्नपूर्ण होटल, दरवारमार्ग | IFES / IDEA | २५ - २८ मार्च | १ | २१ | ४ | २५ |
| ४. लैङ्गिकता, समावेशीकरण र निर्वाचनसम्बन्धी प्रशिक्षण, धरान | यूएनडीपी - ईएसपी | ०५ - ०७ मई | १ | १४ | ९ | २३ |
| ५. निर्वाचन सुरक्षा तथा जोखिम व्यवस्थापनसम्बन्धी कार्यशाला | ईएसपी / IDEA | २६ - २८ मई | १ | २५ | ० | २५ |
| ६. निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी प्रशिक्षण | IFES | ०१ - ०३ जुन | १ | १० | ११ | २१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी प्रशिक्षण EEIC | IFES | १९ - २१ अक्टोबर | १ | १८ | ४ | २२ |
| ८. लैङ्गिकता, समावेशीकरण र निर्वाचनसम्बन्धी कार्यशाला, सुर्खेत | IFES | ०९ - ११ नोभेम्बर | १ | ७ | १८ | २५ |
| ९. लैङ्गिकता, समावेशीकरण र निर्वाचनसम्बन्धी कार्यशाला, बागलुङ्ग | यूएनडीपी - ईएसपी | ०९ - ११ नोभेम्बर | १ | ८ | १८ | २६ |
| १०. लैङ्गिकता, समावेशीकरण र निर्वाचनसम्बन्धी कार्यशाला, धुलिखेल | यूएनडीपी - ईएसपी | ०७ - ०९ डिसेम्बर | १ | १५ | ९ | २४ |
| ११. लैङ्गिकता, समावेशीकरण र निर्वाचनसम्बन्धी कार्यशाला, कैलाली | यूएनडीपी - ईएसपी | ०७ - ०९ डिसेम्बर | १ | १३ | ११ | २४ |
| १२. निर्वाचन प्रक्रियाहरूमा पहुँचसम्बन्धी कार्यशाला, गोदावरी | IFES | १७ - १९ डिसेम्बर | १ | १९ | ५ | २४ |
| | | **कुल** | **१२** | **१७६** | **१०२** | **२७८** |
| **सन् २०१५** | | | | | | |
| १. सहजकर्ता प्रशिक्षण (TTF), पार्क भिलेज, काठमाडौँ | ईएसपी / IFES | १८ - २८ जनवरी | १ | १४ | ६ | २० |
| २. निर्वाचन शिक्षा तथा सूचनासम्बन्धी प्रशिक्षण, EEIC | यूएनडीपी - ईएसपी | १६ - १७ मार्च | १ | १३ | ११ | २४ |
| ३. नेतृत्वकला प्रशिक्षण, EEIC | यूएनडीपी - ईएसपी | १८ - १९ मार्च | १ | २१ | ३ | २४ |
| ४. निर्वाचन व्यवस्थापनको परिचयसम्बन्धी कार्यशाला | यूएनडीपी - ईएसपी | १७ - १९ जुन | १ | १५ | ९ | २४ |
| ५. निर्वाचन व्यवस्थापनको परिचयसम्बन्धी कार्यशाला | यूएनडीपी - ईएसपी | १२ - १४ अगष्ट | १ | २१ | ४ | २५ |
| ६. राजनैतिक वित्तसम्बन्धी कार्यशाला | IFES | १५ - १७ अगष्ट | १ | २ | २३ | २५ |
| ७. राजनैतिक वित्तसम्बन्धी कार्यशाला | IFES | ११ - १२ सेप्टेम्बर | १ | २ | २३ | २५ |
| ८. राजनैतिक वित्तसम्बन्धी कार्यशाला | IFES | १८ - १९ सेप्टेम्बर | १ | ११ | १५ | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. NVRF का लागि राजनैतिक वित्तसम्बन्धी कार्यशाला | IFES | ०६ - ०८ डिसेम्बर | १ | १० | १२ | २२ |
| १०. लैङ्गिकता, समावेशीकरण र निर्वाचन | ईएसपी | ०६ - ०८ डिसेम्बर | १ | १५ | १० | २५ |
| ११. लैङ्गिकता, समावेशीकरण र निर्वाचन | ईएसपी | ०८ - १० डिसेम्बर | १ | १० | १५ | २५ |
| १२. निर्वाचन प्रक्रियाहरुमा पहुँचसम्बन्धी कार्यशाला | IFES | २१ - २३ डिसेम्बर | १ | १३ | १२ | २५ |
| १३. लैङ्गिकता, समावेशीकरण र निर्वाचन | यूएनडीपी - ईएसपी | २८ - ३० डिसेम्बर | १ | १४ | १० | २४ |
| | | **कुल** | **१४** | **२२५** | **११४** | **३३९** |
| **सन् २०१६** | | | | | | |
| १. राजनैतिक वित्तसम्बन्धी कार्यशाला, नेपालगञ्ज | IFES | २८ - ३० जनवरी | १ | २४ | ० | २४ |
| २. निर्वाचन प्रक्रियाहरुमा पहुँचसम्बन्धी कार्यशाला, झापा | IFES | ११ - १३ फेब्रुअरी | १ | ९ | १६ | २५ |
| ३. राजनैतिक वित्तसम्बन्धी कार्यशाला, चितवन | IFES | ३१ मार्च - ०२ अप्रिल | १ | २२ | ३ | २५ |
| ४. लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन | यूएनडीपी - ईएसपी | ११ - १३ फेब्रुअरी | १ | ११ | १२ | २३ |
| ५. लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन | यूएनडीपी - ईएसपी | २५ - २७ मई | १ | १० | १५ | २५ |
| ६. लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन | यूएनडीपी - ईएसपी | १३ - १५ नोभेम्बर | १ | ११ | १५ | २६ |
| ७. निर्वाचन व्यवस्थापनको परिचयसम्बन्धी BRIDGE कार्यशाला | यूएनडीपी - ईएसपी | ३१ मार्च - ०२ अप्रिल | १ | २४ | २ | २६ |
| ८. निर्वाचन प्रक्रियाहरुमा पहुँचसम्बन्धी कार्यशाला, मुस्ताङ | IFES | २५ – २७ अप्रिल | १ | ९ | १६ | २५ |
| | | **कुल** | **८** | **१२०** | **७९** | **१९९** |
| **सन् २००८ देखि सन् २०१६ सम्मको कुल सहभागिता सङ्ख्या** | | | **८७** | **१३८७** | **५२५** | **१९१२** |

## अनुसूची ५: जिल्ला निर्वाचन अधिकारीहरूका लागि BRIDGE निर्वाचन प्रशासन र व्यवस्थापन प्रशिक्षण

**अन्तिम प्रशिक्षण मूल्याङ्कनः**

प्रशिक्षणपछिको परीक्षा (Post -Testing) का प्रश्नावली भरिएपछि प्रशिक्षणसम्बन्धमा सहभागीहरूको समग्र अनुभूति तथा प्रतिक्रिया प्राप्त गर्नका लागि उनीहरूलाई प्रशिक्षणसम्बन्धी अन्तिम मूल्याङ्कन फारम दिइएको थियो । २१ जना सहभागीमध्ये २० जना सहभागीले मूल्याङ्कन पत्रमा आफ्ना पर्यवेक्षण तथा अनुभूतिहरु उपलब्ध गराएका थिए । अन्तिम मूल्याङ्कनको सङ्क्षिप्त विवरण तल दिइएको छः

| विषयवस्तु | अत्युत्तम | उत्तम | औसत | औसतभन्दा तल | नराम्रो | नभरेको |
|---|---|---|---|---|---|---|
| समग्र विषयवस्तु | ७ | ११ | १ | | | १ |
| % | ३३.३३ | ५२.३८ | ४.७६ | | | ४.७६ |
| सान्दर्भिकता | ७ | १३ | | | | १ |
| % | ३३.३३ | ६१.९० | | | | ४.७६ |
| प्रशिक्षणको लम्बाइ | २ | ६ | १० | २ | | १ |
| % | ९.५२ | २८.५७ | ४७.६१ | ९.५२ | | ४.७६ |
| साधनस्रोतको विविधता | ३ | १२ | ५ | | | १ |
| % | १४.२८ | ५७.१४ | २३.८० | | | ४.७६ |
| विषयवस्तुका नयाँ क्षेत्रहरु | ४ | ११ | ५ | | | १ |
| % | १९ | ५२.३८ | २३.८० | | | ४.७६ |
| **सहजीकरण सीप** | | | | | | |
| व्यावसायिकता | ९ | ९ | २ | | | १ |
| % | ४२.८५ | ४२.८५ | ९.५२ | | | ४.७६ |
| जानकार | ८ | १० | २ | | | १ |
| % | ३८ | ४७.६१ | ९.५२ | | | ४.७६ |
| लचकता | ५ | १० | ४ | | | १ |
| % | २३.८० | ४७.६१ | १९ | | | ४.७६ |
| प्रशिक्षण सीप | ६ | १३ | १ | | | १ |
| % | २८.५७ | ६१.९० | ४.७६ | | | ४.७६ |
| **आफ्नो सहभागिता** | | | | | | |
| ज्ञानमा सुधार | ५ | १३ | २ | | | १ |
| % | २३.८० | ६१.९० | ९.५२ | | | ४.७६ |
| सीपमा सुधार | ६ | ९ | ५ | | | १ |
| % | २८.५७ | ४२.८५ | २३.८० | | | ४.७६ |
| नयाँ परिप्रेक्ष्य | ५ | १० | ५ | | | १ |
| % | २३.८० | ४७.६१ | २३.८० | | | ४.७६ |
| अनुभव आदानप्रदान | ९ | १० | १ | | | १ |
| % | ४२.८५ | ४७.६१ | ४.७६ | | | ४.७६ |
| सहकर्मीहरूसँगको सहकार्य | १५ | ५ | | | | १ |
| % | ७१.४२ | २३.८० | | | | ४.७६ |

| कार्यक्रम स्थल | | | | | | |
|---|---|---|---|---|---|---|
| आवास | ९ | ११ | | | | १ |
| % | ४२.८५ | ५२.३८ | | | | ४.७६ |
| कार्यक्रम स्थलको सुविधा | ७ | १३ | | | | १ |
| % | ३३.३३ | ६१.९० | | | | ४.७६ |

**यस प्रशिक्षणले तपाईँको निर्वाचन व्यवस्थापन क्षमतामा सुधार गरेको छ?**

| छ | आंशिक रुपमा | छैन | कुल | नभरेको |
|---|---|---|---|---|
| **९** | **११** | | | **१** |
| ४२.८५ | ५२.३८ | | | ४.७६ |

# राजनैतिक दल तथा राजनैतिक दलका नेताहरूका लागि निर्वाचन कार्यशाला

धुलिखेल

**सहभागी मूल्याङ्कन पत्र**

प्रशिक्षणपछिको परीक्षा (Post -Testing) का प्रश्नावली भरिएपछि प्रशिक्षणसम्बन्धमा सहभागीहरूको समग्र अनुभूति तथा प्रतिक्रिया प्राप्त गर्नका लागि उनीहरूलाई प्रशिक्षणसम्बन्धी अन्तिम मूल्याङ्कन फारम दिइएको थियो । १८ जना सहभागीमध्ये १७ जना सहभागीले मूल्याङ्कन पत्रमा आफ्ना पर्यवेक्षण तथा अनुभूतिहरू उपलब्ध गराएका थिए । अन्तिम मूल्याङ्कनको सङ्क्षिप्त विवरण तल दिइएको छः

***१. निम्नलिखित प्रत्येक क्रियाकलापका सम्बन्धमा तपाईँलाई उपयुक्त लागेको सङ्ख्यामा कृपया घेरा लगाउनुहोला ।***

| शीर्षक | विषयवस्तु ☹ | | ☺ | | ☺ | प्रस्तुति ☹ | | ☺ | | ☺ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ |
| १. निर्वाचन चक्र | | | १ | ९ | ७ | | | १ | ६ | १० |
| २. निर्वाचन व्यवस्थापनका निर्देशक सिद्धान्तहरू | | | २ | ६ | ९ | | | १ | ८ | ८ |
| ३. निर्वाचन व्यवस्थापन निकायका किसिमहरू | | | २ | ६ | ९ | | | ४ | ९ | ४ |
| ४. दल/प्रतिस्पर्द्धी र निर्वाचन व्यवस्थापन निकायबीचको सम्बन्ध | | | २ | ७ | ८ | | | २ | ८ | ७ |
| ५. सरोकारवालाहरूसँग सुसम्बन्ध तथा विश्वसनीयता प्रवर्द्धन | | | ३ | ७ | ७ | | | १ | ८ | ८ |
| ६. प्रतिस्पर्द्धीहरूका मार्गनिर्देशक सिद्धान्तहरू | | १ | १ | ७ | ८ | | | १ | ७ | ८ |
| ७. प्रतिस्पर्द्धीहरूका सिद्धान्तहरू तथा दलीय कानुन | | १ | २ | ८ | ६ | | १ | १ | ९ | ६ |
| ८. दल दर्ता | | | ३ | ६ | ८ | | | १ | ९ | ७ |
| ९. दलहरू तथा निर्वाचन | | | १ | ९ | ७ | | | ४ | ६ | ७ |
| १०. चुनावी जालसाजी | | | २ | ९ | ७ | | | ३ | ८ | ७ |
| ११. राजनैतिक अभियान | | | ३ | १० | ५ | | | २ | ११ | ५ |
| १२. गुनासा तथा अपराधहरू | | | २ | १२ | ४ | | | १ | १३ | ४ |

**सिकाइसम्बन्धी उपलब्धिहरू हासिल गरिएको छ वा छैन, तथा/ र क्रियाकलापको रमाइलोपना एवं उपयोगिताको मापनका लागि तल उल्लेख गरिएका मूल्याङ्कन माप तयार गरिएको छः**

१ – पटक्कै भएन, २ – अलि अलि, ३ – आंशिक रूपमा, ४ – अधिकांश रूपमा, ५. पूर्ण रूपमा

*२ सिकाइ उपलब्धिसम्बन्धी विवरण भरिएको थियो वा थिएन?*

| क्र.सं. | विवरण | थियो | थिएन |
|---|---|---|---|
| १. | प्रत्येक क्रियाकलाप/ सत्रसम्बन्धी सिकाइ उपलब्धि स्पष्ट गरिएको थियो ? | १०० % | |
| २. | प्रत्येक क्रियाकलाप/ सत्रका क्रममा सिकाइ उपलब्धि हासिल गरिएको थियो ? | १०० % | |

*३. प्रशिक्षणबाट मैले के सिके*

- निर्वाचन आयोग र राजनैतिक दलबीचको सम्बन्ध
- सहभागितामूलक सहजीकरण सीपहरु
- निर्वाचन व्यवस्थापन सिद्धान्तहरु
- निर्वाचन चक्र तथा व्यवस्थापन निकाय
- मार्गनिर्देशक सिद्धान्तहरु
- SWOT
- प्रतिस्पर्द्धीहरुको मार्गनिर्देशक सिद्धान्तहरु
- दल दर्ता

*४. म प्रशिक्षणमा के थपियोस् वा सुधार होस् भन्ने चाहन्छु*

- विभिन्न मुलुकका निर्वाचनसम्बन्धी अनुभवहरु
- निर्वाचन प्रणालीहरु
- आचार संहिता
- अन्तर्राष्ट्रिय निर्वाचन मापदण्डहरु

*५. म कुन कुरामा अस्पष्ट भएको थिएँ/ मलाई थप सहयोग चाहिएको थियो*

- सङ्घीय प्रणालीमा निर्वाचन आयोगको संरचना तथा बनावट
- सङ्घीय प्रणालीमा निर्वाचन प्रणालीहरु तथा यसका किसिमहरु

*६. अन्य टिप्पणीहरु*

- सहजकर्ताको विचार राखेर सामूहिक प्रतिवेदनहरु अद्यावधिक गरिनु पर्दछ र प्रस्तुत गरिनु पर्दछ
- निर्वाचन आयोगमा थप पारदर्शिता आवश्यक छ
- प्रस्तुतिमा थप उदाहरणहरु समेटिनु पर्दछ ।

*७. कृपया तपाइँको जवाफमा घेरा लगाउनुहोस्*

| | | |
|---|---|---|
| ***कार्यत्रम स्थल:*** | असन्तोषजनक | सन्तोषजनक **१०० %** |
| ***जलपान:*** | असन्तोषजनक | सन्तोषजनक **१०० %** |

# निर्वाचन प्रशासन तथा व्यवस्थापनसम्बन्धी
# BRIDGE परिचय मोड्युल


*सन् २०१५ जुन १७ - १९*


## अन्तिम मूल्याङ्कन प्रतिवेदन


**सङ्क्षेप:**


- अन्तिम मूल्याङ्कन फारम २१ जना सहभागीले भरेका थिए ।
- समग्र रूपमा अधिकांश सहभागीले विषयवस्तु, सहजीकरण सीप, उनीहरूको आˆनै सहभागिता तथा प्रशिक्षण स्थलका दृष्टिकोणबाट प्रशिक्षणलाई 'अत्यन्त राम्रो' तथा 'राम्रो' का रूपमा मूल्याङ्कन गरेका थिए ।
- दुई जनाभन्दा बढी सहभागीले 'औसत' वा सोभन्दा तलको श्रेणीमा मूल्याङ्कन गरेका केही क्षेत्रमा प्रशिक्षणको अवधि, प्रशिक्षण सामग्रीको विविधता, सहजकर्ताको ज्ञान, सहभागीहरूको सीपमा सुधार, उनीहरूको अनुभव आदानप्रदान तथा प्रशिक्षण स्थल रहेका थिए ।
- प्रशिक्षण सहभागीहरूको क्षमता अभिवृद्धिका लागि सहयोगी रहेको थियो वा थिएन भन्ने प्रश्नको जवाफ दिने १९ जना सहभागीमध्ये ११ जनाले 'छ' भनेर र ८ जनाले 'केही हदसम्म' भनेर उत्तर दिएका थिए ।
- निकै थोरै सहभागीले मात्र खुला प्रश्नको उत्तर दिएको भए पनि उत्तर दिने सहभागीमध्ये केहीले प्रशिक्षणका क्रममा सिकेका महत्वपूर्ण विषयहरूका रूपमा BRIDGE, निर्वाचन प्रणाली, निर्वाचन कानुन, निर्वाचन चक्र, कानुनी संरचना, निर्वाचनका मार्गनिर्देशक सिद्धान्तहरु, निर्वाचन व्यवस्थापन निकाय र अन्तर्सम्बन्धित विषयहरूलाई उल्लेख गरेका थिए ।
- अधिकांश सहभागीले 'मतदाता दर्ता' लाई उनीहरु प्रशिक्षणमा सहभागी हुनुभन्दा पहिले नै आफूलाई ज्ञान भएको विषयका रूपमा उल्लेख गरेका थिए ।

**सहभागीहरूबाट गरिएको स्तर निर्धारण:**




सहजीकरण सीप
१२
८
१
११
७
३
११
८
२
८
१२
१
व्यावसायिकता
ज्ञान
लचकता
सीपहरू
निक्कै राम्रो
राम्रो
औसत


आफ्नै सहभागिता
७
१२
२
७
८
४
१
९
८
३
७
९
४
९
९
२
प्राप्त ज्ञान
सीपमा सुधार
नयाँ कुराहरू
अनुभव आदानप्रदान
सहकर्मीहरूसँग अन्तरक्रिया
निक्कै राम्रो
राम्रो
औसत
औसतभन्दा मुनि


प्रशिक्षण स्थल
८
१०
३
४
११
५
१
छलफलका क्षेत्र
जलपान
निक्कै राम्रो
राम्रो
औसत
औसतभन्दा मुनि

## अनुसूची ७: नेपालमा निर्वाचनसम्बन्धी BRIDGE क्रियाकलापहरु सञ्चालन गर्ने क्रममा निर्वाचन द्यच्क्म्भ साझेदारहरूको आर्थिक योगदान

जनशक्तिको विकास कुनै पनि संस्थामा एउटा प्रमुख चासोको विषयका रूपमा रहेको हुन्छ । अन्य पेशागत संस्थाहरूको विपरित निर्वाचन आयोग, नेपालले जनशक्ति विकासमा निकै ठूलो रकम लगानी गरेको छ । यसले विभिन्न आन्तरिक प्रशिक्षण कार्यक्रमहरूका साथै निर्वाचसम्बन्धी पेशागत कार्यक्रम जस्ता दातृ निकायद्वारा आर्थिक सहयोग गरिएका विशिष्टीकृत विकास कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ । निर्वाचन आयोगले वि. सं. २०६४ देखि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को निर्वाचन सहायता परियोजना (ईएसपी), IFES तथा IDEA को सहयोगमा निर्वाचनसम्बन्धी BRIDGE प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न थालेको थियो ।

नेपालमा निर्वाचनसम्बन्धी BRIDGE प्रशिक्षणहरु आधारभूत मोड्युल "निर्वाचन व्यवस्थापनसम्बन्धी मोड्युल" तथा अन्य नौ वटा विषयगत मोड्युल - निर्वाचन प्रणालीहरु, निर्वाचनसम्बन्धी प्रशिक्षण, पूर्व निर्वाचन क्रियाकलापहरु, मतदाता दर्ता, चुनावी प्रतिस्पर्द्धीहरु, चुनावी विवाद निरूपण, निर्वाचन पर्यवेक्षण, लैङ्गिकता तथा निर्वाचन र सञ्चार तथा निर्वाचन गरी १० वटा मोड्युलमा सञ्चालन गरिएका छन् ।

नेपालमा निर्वाचनसम्बन्धी BRIDGE कार्यक्रममा अहिलेसम्ममा सात लाख अमेरिकी डलरभन्दा बढी रकम खर्च भइसकेको छ । अहिलेसम्ममा चार लाख अमेरिकी डलर (५७ प्रतिशत) आर्थिक सहयोग उपलब्ध गराएर यूएनडीपी - ईएसपी सबैभन्दा बढी आर्थिक योगदान उपलब्ध गराउने संस्था बनेको छ भने त्यसपछिको स्थानमा IFES को नाम आउँछ । उक्त संस्थाले करिब दुई लाख अमेरिकी डलर (२८ प्रतिशत उपलब्ध गराइसकेको छ । यसैगरी IDEA ले करिब ९३ हजार (१३ प्रतिशत) र निर्वाचन आयोगले १२ हजार अमेरिकी डलर (दुई प्रतिशत) आर्थिक योगदान गरेका छन् (हेर्नुहोस्, तालिका १) । वि. सं. २०६७ र २०६८ मा निर्वाचन आयोगले स्रोत व्यक्तिहरु र सहभागीहरूका लागि उपलब्ध गराइएको भ्रमण भत्ता तथा आवास भत्तासम्बन्धी खर्च व्यहोरेको थियो । निर्वाचन आयोगद्वारा वि. सं. २०६९ मा विनियोजन गरेको ७०,००० अमेरिकी डलर बराबरको बजेटले उक्त संस्थाले निर्वाचन आयोग/ EEIC भित्रै BRIDGE क्रियाकलापहरूलाई विस्तारै अङ्गीकरण गर्न थालेको बलियो सङ्केत गरेको छ ।

*तालिका १: नेपालमा निर्वाचन BRIDGE प्रशिक्षण कार्यक्रमका लागि कुल आर्थिक सहयोग (सन् २००८ - २०१२)*[१८]

| क्र.सं. | वर्ष/ संस्था | २००८ | २००९ | २०१० | २०११ | २०१२ | कुल | संस्थाका आधारमा % |
|---|---|---|---|---|---|---|---|---|
| १ | यूएनडीपी - ईएसपी | ३२,१०८ | १७४,९७८ | ९,२३२ | ११६, ४२९ | ७१,५३६ | ४०४,२८३ | ५७ |
| २ | IFES | १८,००० | ४२,००० | १५,००० | ४८,७४० | ७७,४५० | २०१,१९० | २८ |
| ३ | IDEA | - | १६ ,२५० | ३२,०२ ८ | १७,३६६ | २७,५२४ | ९३,१६७ | १३ |
| | निर्वाचन आयोग | - | - | - | ६,००० | ६,००० | १२,००० | २ |
| | **कुल** | **५०,१० ८** | **२३३,२२८** | **५६, २६०** | **१८८,५३८** | **१८२,५१०** | **७१०,६४०** | **१००** |
| | **वर्षका आधारमा %** | **७** | **३३** | **८** | **२६** | **२६** | **१००** | |

[१८] The table do not inclue Elections BRIDGE Office opération cost and its staff rémunérations.

निर्वाचन आयोग तथा यसका जिल्ला कार्यालयहरूद्वारा सञ्चालन गरिएका क्रियाकलापहरूका आधारमा भन्ने हो भने नेपालमा निर्वाचनसम्बन्धी क्रियाकलापहरूमा उल्लेख्य सुधार देखिएको थियो । निर्वाचन आयोग देशका सबै जिल्लामा पुगेको थियो; बायोमेट्रिक तथ्याङ्कसहितको मतदाता सूची सङ्कलन नियमित गतिविधिका रूपमा जारी रहेको छ; र विभिन्न सरोकारवालाका लागि मतदाता शिक्षा नियमित रूपमा सञ्चालन गर्ने गरिएको छ ।

निर्वाचन आयोगद्वारा क्षेत्रीय समूहहरूमा सञ्चालन गरिएका विभिन्न निर्वाचन BRIDGE मोड्युलहरूले निर्वाचन आयोग स्वतन्त्र तथा निष्पक्ष निर्वाचन सञ्चालन गर्न सक्षम छ भन्ने कुरा देखाएको छ । सन् २००८ देखि सन् २०१२ को बीचमा कुल ५१ वटा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिए र कुल १,१४८ जना सहभागी (९२६ पुरुष र २२२ महिला) ले 'नेपालमा निर्वाचन BRIDGE प्रशिक्षण' का विभिन्न मोड्युल पूरा गरेका थिए । सहभागीमध्ये अधिकांश निर्वाचन आयोगका उच्च तहका कर्मचारी तथा सञ्चारकर्मी, सुरक्षा अधिकारी, नागरिक समाज संस्थाहरूका कर्मचारीहरू तथा संस्थागत प्रशिक्षण संस्थाहरू जस्ता निर्वाचन सरोकारवालाहरू थिए (हेर्नुहोस्, तालिका २) ।

***तालिका २:*** *'नेपालमा निर्वाचन BRIDGE प्रशिक्षण' कार्यक्रमबाट प्रशिक्षित सहभागीको सङ्ख्या (सन् २००८ - २०१२)*

| क्र.सं. | वर्ष/ संस्था | २००८ | २००९ | २०१० | २०११ | २०१२ | कुल | संस्थागत % |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सङ्ख्या | ३ | १३ | ५ | १४ | १६ | ५१ | % |
| २ | सहभागीको सङ्ख्याः पुरुष | ३३ | २३० | १९५ | १९३ | २७५ | ९२६ | ८१ |
| ३ | सहभागीको सङ्ख्याः महिला | ६ | २० | ११ | १०९ | ७६ | २२२ | १९ |
| | **कुल सहभागी** | **३९** | **२५०** | **२०६** | **३०२** | **३५१** | **१,१४८** | **१००** |

**विश्लेषण अवधारणा तथा विधि**

वित्तीय विश्लेषण परियोजनाहरूमा लगानीको आर्थिक कार्यसम्पादन मूल्याङ्कनका लागि प्रयोग गरिन्छः अहिलेको सन्दर्भमा निर्वाचन BRIDGE प्रशिक्षण मोड्युलहरू परियोजना क्रियाकलापहरू हुन् । यसले परियोजना क्रियाकलापहरूसँग सम्बन्धित लागत तथा लाभको प्रवाहबारे परीक्षण गर्दछ । विश्लेषण . प्रशिक्षण क्रियाकलापहरू कार्यान्वयन गरिसकेपछि र त्यसका सम्पूर्ण लाभ हासिल गरिसकेपछि गर्न सकिन्छ; वा लगानीसम्बन्धी अवधारणा तयार मात्र गरिसकिएको तर कार्यान्वयन भई नसकेको अथवा कार्यान्वयन गरिसकेको तर सबै लाभ हासिल गर्न बाँकी नै रहेको र केही लगानी गर्न बाँकी नै रहेको अवस्थामा पनि गर्न सकिन्छ । निर्वाचनसम्बन्धी BRIDGE क्रियाकलापहरूको वित्तीय विश्लेषण पछिल्लो वर्गमा पर्दछ किनभने निर्वाचनसम्बन्धी BRIDGE क्रियाकलापहरूमा गरिएका सहजकर्ता प्रशिक्षण (TTF) तथा अन्य मोड्युल तयार गरिसकिएका छन् र कतिपय TTF का सहभागीले विभिन्न स्तरमा सहजकर्ताको भूमिका निर्वाह गर्न थालिसकेका छन् । लगानीका प्रतिफल पूर्ण रूपमा हासिल गर्न अझै बाँकी नै छ भने भावी लागत तथा लाभका लाभ प्रवाह (Benefit Streams) सम्बन्धमा अनुमानित विवरण गर्न निकाल्न बाँकी नै छ । प्रशिक्षण क्रियाकलापहरूका प्रभावलाई मौद्रिक मानमा गणना गर्न नसकिने भएकोले यसलाई सङ्गठनात्मक कार्यसम्पादन र आत्मविश्वासका साथ काम गर्ने व्यक्तिगत क्षमताको प्रतिविम्बका रूपमा बुझ्नुपर्दछ । त्यसैले स्वतन्त्र तथा निष्पक्ष निर्वाचन सञ्चालन गर्नका लागि प्रशिक्षित जनशक्तिको उपलब्धता र न्यूनतम बाधा व्यवधानसहित समयमै निर्वाचन सञ्चालन गर्नका लागि निर्वाचन आयोगको तत्परतालाई नै नेपालमा निर्वाचनसम्बन्धी BRIDGE क्रियाकलापहरूको प्रभावका रूपमा लिन सकिन्छ ।

यस क्रियाकलापको प्रभावसम्बन्धी अध्ययनका लागि तय गरिएको डिजाइन अनुसार यस विश्लेषणका लागि मुख्य मूल्याङ्कन साधनका रूपमा लागत लाभ विश्लेषण (cost benefit analysis) तथा लगानीको प्रति

एकाइको लागत वा उपलब्धिको प्रति एकाइको लागतका रूपमा लगानीको मान (value for money) रहेका छन् । लाभ प्रवाह अनुपस्थिति रहेको अवस्थामा लागत तथा लाभको अनुपातसम्बन्धी गणना गरिएको छैन । लगानीका आधारमा प्रशिक्षण क्रियाकलापहरूको न्यूनतम खर्च लाग्ने सम्भावनाहरूबारे मूल्याङ्कन गर्न सकिन्छ, र सहभागीको औसत वा दैनिक लागतको गणना कार्यक्रम आयोजना स्थल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत व्यक्तिहरू र TTF, निर्वाचनसम्बन्धी एकीकृत BRIDGE प्रशिक्षणहरू, कार्यशालाहरू, विशेष शिक्षणहरू तथा अभिमुखीकरण सत्रहरू जस्ता विभिन्न किसिमका प्रशिक्षण क्रियाकलापहरूका आधारमा गर्न सकिन्छ ।

यस उद्देश्यका लागि केही छानिएका निर्वाचनसम्बन्धी BRIDGE प्रशिक्षण क्रियाकलापहरूका उद्देश्यहरू तथा उपयोगिताका तुलनामा तिनीहरूको औसत लागत तथा प्रति दिन प्रति सहभागी खर्चको गणना तथा विश्लेषण गरिएको छ (हेर्नुहोस्, तालिका ३ र ४) ।

***तालिका ३:*** *सन् २०१२ मा TTF सहभागीका लागि औसत तथा दैनिक लागत*

| क्र. सं. | निर्वाचन BRIDGE प्रशिक्षणका किसिमहरू | साल | कार्यक्रमको सङ्ख्या | दिनको सङ्ख्या | सहभागीको सङ्ख्या | कुल लागत (अमेरिकी डलरमा) | औसत लागत (अमेरिकी डलरमा) | प्रति दिन/प्रति सहभागी लागत (अमेरिकी डलरमा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहजकर्ता प्रशिक्षण (TTF) | २०१२ | १ | १३ | २१ | ५८,५०० | २,७८६ | २१४ |

वि. सं. २०६८ मा सञ्चालन गरिएको TTF कार्यक्रम अन्य निर्वाचनसम्बन्धी BRIDGE क्रियाकलापहरूको तुलनामा सबैभन्दा बढी खर्च लागेको कार्यक्रम थियो । प्रति सहभागीका लागि औसत २,८०० अमेरिकी डलर खर्च भएको थियो भने प्रति सहभागीका लागि दैनिक दुई सय अमेरिकी डलरभन्दा बढी खर्च भएको थियो । TTF दूरगामी प्रभावयुक्त विस्तृत प्रशिक्षण कार्यक्रम भएकोले यो खर्चलाई उचित मान्न सकिन्छ । सहभागीले नयाँ सहजीकरण सीप सिकेका थिए र उनीहरू आफ्ना संस्थाका उद्देश्यहरू हासिल गर्नमा योगदान गर्न सक्षम भएका थिए । TTF मा सहभागिता जनाएपछि केही सहभागीमा देखिएको आत्मविश्वासले उनीहरूका पेशागत विकासमा मात्र योगदान गरेको नभई व्यावसायिक रूपमा समयमै निर्वाचन सञ्चालन गर्नमा निर्वाचन आयोगको शक्ति र आत्मविश्वासमा पनि योगदान पुऱ्याएको थियो । सहभागीले दीर्घकालमा आफ्ना संस्था तथा समाजका लागि थप योगदान पुऱ्याउन सक्छन् । त्यसैले आयोजक संस्थाले TTF को कार्यान्वयनमा आफ्नो योगदानलाई बढाउनका लागि सिफारिश गरिएको छ ।

निर्वाचनसम्बन्धी एकीकृत BRIDGE प्रशिक्षण कार्यक्रमहरूको लागत समयसँगसँगै घट्दै गएको देखिन्छ । वि. सं. २०६५ मा प्रति व्यक्ति दैनिक खर्च १७० अमेरिकी डलर थियो भने २०६६ सालमा सो खर्च घटेर प्रति व्यक्ति १२० अमेरिकी डलर मात्र भएको थियो र त्यसैगरी २०६८ सालमा त उक्त खर्च एक सय अमेरिकी डलरमा आयो । पछिल्ला एकीकृत प्रशिक्षण कार्यक्रमहरूमा राष्ट्रिय स्रोत व्यक्तिहरूको प्रयोग गर्न थालिएका कारण खर्च घट्न थालेको हो । हाल देशमै उल्लेख्य सङ्ख्यामा निर्वाचनसम्बन्धी BRIDGE सहजकर्ताहरू उपलब्ध भएकाले उचित किसिमबाट योजना तर्जुमा गरिएको अवस्थामा खर्च अझ घट्न सक्ने देखिन्छ । ती एकीकृत प्रशिक्षणहरू मुद्दामा आधारित भएकाले समाजका विभिन्न समूहका निश्चित आवश्यकताहरूलाई सम्बोधन गर्नमा उपयोगी हुन सक्छन् । त्यसैले यसलाई भविष्यमा जारी राख्नका लागि सिफारिश गरिएको छ ।

*तालिका ४: छनोट गरिएका एकीकृत निर्वाचन BRIDGE क्रियाकलापहरूका सहभागीका लागि औसत तथा दैनिक लागत*

| क्र. सं. | निर्वाचन BRIDGE प्रशिक्षणका किसिमहरु | साल | कार्यक्रमको सङ्ख्या | दिनको सङ्ख्या | सहभागीको सङ्ख्या | कुल लागत (अमेरिकी डलरमा) | औसत लागत (अमेरिकी डलरमा) | प्रति दिन/ प्रति सहभागी लागत (अमेरिकी डलरमा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत निर्वाचन BRIDGE प्रशिक्षणहरु | २००९ | ४ | ३ | ८२ | ४२,००० | ५१२ | १७१ |
| | | २०११ | २ | ३ | ४१ | १४,८५० | ३६२ | १२१ |
| | | २०१२ | ६ | ४ | १५ ४ | ६१,८०० | ४०१ | १०० |
| २ | कार्यशालाहरु | २०१० | १ | ३ | २२ | ६,००० | २७३ | ९१ |
| | | २०११ | १ | ३ | २३ | ७,६७३ | ३३४ | १११ |
| ३ | विशेष शिक्षणहरु | २०११ | ४ | ½ | ८२ | १,१४0 | १४ | १४ |
| | | २०१२ | १ | ½ | १७ | १५० | ९ | ९ |
| ४ | अभिमुखीकरण सत्रहरु | २०११ | २ | ३ | ४८ | ७,५०० | १५६ | ५२ |
| | | **कुल** | **२१** | | **५३१** | **२३७,६६३** | | |

निर्वाचनसम्बन्धी BRIDGE प्रशिक्षणमा कार्यशालाहरु पनि महत्वपूर्ण क्रियाकलापहरु हुन् र यिनीहरु तुलनात्मक रूपमा कम खर्चिलो हुनुका साथै विषयहरूको अत्यावश्यकताका आधारमा कम समयमा पनि आयोजना गर्न सकिन्छ । यिनीहरूले समान मुद्दामा काम गरिरहेका र तिनीहरूका विचार प्राप्त गर्नका लागि सहयोग लिनुपर्ने विभिन्न सरोकारवालाहरूका लागि पनि अवसर उपलब्ध गराउँछन् । सामान्यतयाः कार्यशालाहरूको लागत कम हुन्छ; वि. सं. २०६८ मा सञ्चालन गरिएका निर्वाचन आयोगका कार्यशालाहरूमा प्रति सहभागीको लागत एक सय अमेरिकी डलर परेको थियो भने वि. सं. २०६५ मा सञ्चालन गरिएका कार्यशालामा सो लागत ९० अमेरिकी डलर रहेको थियो ।

निर्वाचनसम्बन्धी BRIDGE विशेष शिक्षण कार्यक्रमहरु पनि निश्चित समूहहरूलाई निश्चित सूचना उपलब्ध गराउनका लागि उपयोगी तथा सफल माध्यमका रूपमा रहेका छन् । ती कार्यक्रम सानो समूहमा आयोजना गर्न सकिन्छ र यसरी अनावश्यक सहभागितालाई निरूत्साहित गर्न सकिन्छ । यी क्रियाकलापहरूमा सहभागिता जनाएपछि सहभागीले आम समुदायमा सूचना सम्प्रेषण गर्नका लागि आˆनै मञ्च प्रयोग गर्दछन् । त्यसैले विशेष शिक्षण कार्यक्रमहरु नियमित रूपमा सञ्चालन गर्न सिफारिश गरिएको छ । वि. सं. २०६८ मा विशेष शिक्षण कार्यक्रमको लागत प्रति सहभागी १० अमेरिकी डलरभन्दा कम रहेको थियो ।

संस्थाहरूका लागि नयाँ पहलहरु वा कार्ययोजनाहरु तयार गरिएको समयमा अभिमुखीकरण सत्रहरु पनि महत्वपूर्ण रहने गरेका छन् । वि. सं. २०६७ मा दुई वटा तीन दिने अभिमुखीकरण सत्र सञ्चालन गरिएका थिए र तिनीहरूको औसत लागत प्रति दिन प्रति सहभागी ५२ अमेरिकी डलर रहेको थियो ।

## अनुसूची ७ : सन् २०१६ मा सञ्चालन गरिएका BRIDGE कार्यशालाहरूको लागत

**सन् २०१६ मा सञ्चालन गरिएका BRIDGE क्रियाकलापको सङ्क्षिप्त विवरण**

| मोड्युल/ क्रियाकलापहरू | सहयोगी संस्था | मिति | प्रशिक्षण कार्यक्रमको सङ्ख्या | सहभागीको सङ्ख्या | | कुल | लागत (अमेरिकी डलरमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | |
| **सन् २०१६** | | | | | | | |
| १. लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन, सिन्धुली | यूएनडीपी - ईएसपी | ११ - १३ फेब | १ | ११ | १२ | २३ | ४५१२.१३ |
| २. लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन, डोटी | यूएनडीपी - ईएसपी | २५ - २७ अप्रिल | १ | १० | १५ | २५ | ३४६३.३७ |
| ३. लैङ्गिकता, सामाजिक समावेशीकरण र निर्वाचन, जनकपुर | यूएनडीपी - ईएसपी | १३ - १५ नोभेम्बर | १ | ११ | १५ | २६ | ४६८६.४५ |
| ४. निर्वाचन व्यवस्थापनको परिचयसम्बन्धमा BRIDGE कार्यशाला, धुलिखेल | यूएनडीपी - ईएसपी | ३१ मार्च - ०२ अप्रिल | १ | २४ | २ | २६ | ६२८०.५० |

## अनुसूची ८: BRIDGE मूल्याङ्कन प्राप्ताङ्कपत्र (Scorecard)

यस दस्तावेजले नेपालमा वि. सं. २०६४ - २०७४ को अवधिमा सञ्चालन गरिएको BRIDGE कार्यक्रमको प्रभावसम्बन्धी मूल्याङ्कनका लागि प्रयोग गरिएको BRIDGE मूल्याङ्कन प्राप्ताङ्कपत्र (Scorecard) गणनाका लागि पृष्ठभूमि निर्धारण गरेको छ । भविष्यमा गरिने कुनै पनि दीर्घकालीन BRIDGE कार्यक्रमहरूको मूल्याङ्कनका लागि यही तत्वहरु प्रयोग गरियोस् भन्ने सुझाव यसले प्रस्तुत गरेको छ ।

यस प्राप्ताङ्कपत्र (Scorecard) ले अवधारणा निर्माण, व्यवस्थापन, क्रियाकलाप, प्रभावकारिता, समावेशीकरण र स्वामित्व गरी छ वटा आयामलाई समेटेको छ । यी आयामको छुट्टाछुट्टै गणना गरिएको छ र राष्ट्रिय कार्यक्रमका लागि समग्र प्राप्ताङ्को गणना गरिएको छैन । केही सन्दर्भमा कुनै कुनै आयाम अरूभन्दा महत्वपूर्ण हुन सक्छन् । यद्यपि सबै आयामलाई ध्यानमा राखिनुपर्दछ ।

छ वटा आयाममध्ये प्रत्येकको गणना दुई वटादेखि चार वटा भिन्नाभिन्नै सूचक प्रयोग गरी गरिएको छ । प्रत्येक आयामका लागि एउटा प्राप्ताङ्क निकाल्नका लागि ती सूचकको सापेक्षिक महत्व अनुसार तिनीहरूको भारको गणना गरिएको छ । यस गणनाका क्रममा जम्मा २० वटा सूचक प्रयोग गरिएको छ । अधिकांश आयामको गणना BRIDGE कार्यक्रम कार्यान्वयनको क्रममा सङ्कलन गरिनुपर्ने वस्तुपरक तथ्याङ्को प्रयोग गरी गरिएको छ । केही सूचक अङ्कहरूको थप विषयगत विश्लेषणमा निर्भर रहन्छन् । प्रत्येक सूचक तथा प्रत्येक आयामको अङ्क प्रतिशतमा प्रस्तुत गरिएको छ । ० प्रतिशत भनेको सम्भव सबैभन्दा नराम्रो अङ्क हो भने १०० प्रतिशत भनेको सम्भव सबैभन्दा राम्रो अङ्क हो । यदि कुनै स्थानमा मानको गणना ० प्रतिशतभन्दा कम वा १०० प्रतिशतभन्दा माथि पुग्न गएमा उक्त मानलाई क्रमशः ० प्रतिशत वा १०० प्रतिशतका रूपमा उल्लेख गरिएको छ ।

सबै अङ्क मूल्याङ्कनको मितिभन्दा ६० महिनापूर्वको अवस्थामा आधारित छन् । यस गणनालाई सहजीकरण गर्नका लागि एउटा स्प्रेडसिट पनि तयार गरिएको थियो ।

### अवधारणा निर्माण


अवधारणा निर्माणको गुणस्तरको गणना चार वटा सूचक प्रयोग गरेर गरिएको थियो । ती चार वटा सूचकमध्ये प्रत्येकका लागि उत्तर पूर्ण रूपमा सकारात्मक भएमा पूर्णाङ्क (१०० %) प्रदान गरिनेछ भने उत्तर पूर्ण रूपमा नकारात्मक भएमा शून्य अङ्क (० %) प्रदान गरिनेछ । यदि उत्तर 'आंशिक रूपमा भन्ने आयो भने आधा अङ्क (५० %) प्रदान गर्न सकिनेछ । यदि मूल्याङ्कनकर्तासँग थप निश्चित अङ्क (उदाहरणका लागि, २५ %, ७५ %, ९० %) का लागि प्रमाण भएमा त्यस्ता अङ्क पनि प्रदान गर्न सकिनेछ । अवधारणा निर्माणका लागि समग्र अङ्क (तिनीहरूको भार) सम्बन्धी चार वटा सूचकमध्ये प्रत्येकको सापेक्षिक योगदानलाई कोष्ठकमा प्रतिशतमा प्रस्तुत गरिएको छ ।

१. **कार्यक्रम आधारः** BRIDGE कार्यक्रम विस्तृत आवश्यकता मूल्याङ्कन (Needs Assessment) र/ वा नियमित समीक्षाहरूमा प्रभावकारी रूपमा आधारित थियो वा थिएन (३०%)

२. **स्पष्ट उद्देश्यहरूः** BRIDGE को प्रयोगका लागि उद्देश्यहरु निर्धारण गरिएको थियो वा थिएन (३०%)

३. **SMART सूचकहरूः** ती उद्देश्यको प्राप्तिका लागि यस्ता सूचकहरु निर्धारण गरिएको थियो वा थिएन (२०%);

४. **कार्यक्रम एकीकरणः** विस्तृत क्षमता विकास कार्यक्रमको एक अंशका रूपमा BRIDGE को डिजाइन तयार गरिएको थियो वा थिएन (२०%)





**व्यवस्थापन**

कार्यक्रम व्यवस्थापनको गुणस्तर दुई वटा सूचक प्रयोग गरी मापन गरिएको छ । ती दुवैको गणना वस्तुपरक तथ्याङ्कका आधारमा गरिएको छ । त्यस्ता तथ्याङ्क सङ्कलन नगरिएको अवस्थामा त्यस्ता तथ्याङ्क उपलब्ध भएका BRIDGE कार्यशालाहरूको विवरणलाई मात्र ध्यानमा राखेर तिनीहरूको गणना गरिएको छ ।

५. **समन्वयः** प्रशिक्षणमा सहभागी भएका संस्थाहरु तथा सम्पूर्ण BRIDGE साभ्केदारहरूद्वारा तय गरिएका साभ्का योजना अनुरूप कति प्रतिशत BRIDGE कार्यशालाहरु सञ्चालन गरिएको थियो (२० %);

६. **लागतः** यस सूचकले कार्यशालाको लागत (प्रति सहभागी, प्रति दिन) र अन्तर्राष्ट्रिय निजामती सेवा आयोग (ICSC) ले सोही स्थानका लागि तय गरी राखेको दैनिक भत्ता (Daily Subsistence Allowance - DSA) बीच तुलना गर्दछ । यदि कार्यशालाको लागत भत्ताको रकमभन्दा बढी भएमा सूचकको मान ० % हुनेछ । कुनै लागत नलागेको कार्यशालाले पूर्णाङ्क (१०० %) प्राप्त गर्नेछ । यदि कार्यशालाको प्रति सहभागी प्रति दिन लागत अन्तर्राष्ट्रिय निजामती सेवा आयोग (ICSC) ले निर्धारण गरी राखेको दैनिक भत्ता (Daily Subsistence Allowance - DSA) को २५ % भएमा ७५ % अङ्क प्राप्त गर्नेछ । (व्यवस्थापनसम्बन्धी अङ्कको समग्र गणनामा यस सूचकको भार ८० % रहेको छ ।




## क्रियाकलाप

कार्यक्रमका क्रियाकलापको स्तर दुई वटा सूचक प्रयोग गरेर स्थापित गरिएको छ । तिनीहरूको गणना वस्तुपरक तथ्याङ्कका आधारमा गरिएको छ ।

७. **समेटाइः** यसमा प्रति वर्ष निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण कर्मचारीद्वारा सहभागिता जनाइएका कार्यशालाहरूको औसत सङ्ख्याको गणना गरिन्छ । यस अन्तर्गत विगत ६० महिनामा कार्यशालामा सहभागी भएका निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण कर्मचारीको कुल सङ्ख्यालाई विगत छ महिनाको अवधिमा कार्यरत महत्वपूर्ण कर्मचारीको औसत सङ्ख्याले भाग गरिन्छ र त्यसबाट आएको फललाई पुनः ५ ले भाग गरिन्छ । निर्वाचन व्यवस्थापन निकायका प्रत्येक महत्वपूर्ण कर्मचारीले औसत एक वर्षमा एउटा वा एउटाभन्दा बढी कार्यशालामा भाग लिएमा १०० प्रतिशतको पूर्णाङ्क प्राप्त गर्दछ । (क्रियाकलापको स्तर निर्धारणमा यो सूचकको भार ७० % रहेको छ ।)

८. **प्रमाणीकरण** (Accreditation)**:** यस अन्तर्गत विगत पाँच वर्षमा TTF कार्यक्रमहरूबाट पूर्ण रूपमा प्रमाणीकृत (Fully Accredited) TTF सहभागीको प्रतिशत गणना गरिन्छ । यस सूचकका सन्दर्भमा कार्यशाला आयोजना गरिएको स्थान नभई TTF सहभागीको नागरिकता निर्धारक तत्व हुन्छ । यसको अर्थ के हो भने यस गणनाले विदेशमा आयोजना गरिएका TTF कार्यक्रममा सहभागी सम्बन्धित राष्ट्रको नागरिकलाई समेट्छ तर सम्बन्धित राष्ट्रमा आयोजना गरिएको TTF कार्यक्रममा सहभागी अन्य राष्ट्रका नागरिकलाई समेट्दैन । (३० %)




## प्रभावकारिता

कार्यक्रमको प्रभावकारिताको मापन २५ प्रतिशतको समान भारयुक्त चार वटा सूचक प्रयोग गरेर गरिएको छ । पहिलो सूचक सहभागीको विषयगत दृष्टिकोण हो, तर प्राप्ताङ्क पत्रमा वस्तुगत तथ्याङ्कको रूपमा प्रस्तुत हुन्छन् । अर्को दुई वटा सूचकको गणना वस्तुपरक तथ्याङ्कका आधारमा गरिन्छ र अन्तिम सूचक मूल्याङ्कनकर्ताको निर्णय तथा व्याख्यामा आधारित हुन्छ ।


९. **सन्तुष्टिः** यो गणना कार्यशाला सम्पन्न भएपछि सहभागीबाट गरिने मूल्याङ्कनका आधारमा गरिन्छ । यस्ता मूल्याङ्कन विधिको एउटा अंश भएकोले प्रत्येक कार्यशालाको अन्त्यमा यो प्रक्रिया अपनाउनै पर्दछ । सम्भव न्यूनतम अङ्कलाई ० % र अधिकतम अङ्कलाई १०० % प्रदान गरेर तथा यसबीचका प्रत्येक अङ्कलाई सोही अनुसारको प्रतिशतमा रूपान्तरित गरेर सबै अङ्कलाई प्रतिशतमा बदल्नुपर्दछ । सहभागीको समग्र सन्तुष्टि (सोधिएको भए) वा उनीहरूले स्तर निर्धारण गरेका सबै आयामको औसत अङ्क प्रत्येक सहभागीका लागि प्रयोग गरेर यसको गणना गरिन्छ । प्रति कार्यक्रम एउटा अङ्क निकाल्नका लागि एउटा कार्यक्रमका सबै सहभागीबीच यसको औसत निकालिन्छ । विगत

६० महिनामा सञ्चालन गरिएका सम्पूर्ण कार्यक्रमहरूको अङ्कको औसत निकालेर अन्तिम अङ्क निकालिन्छ । कुनै पनि अङ्क उपलब्ध नभएका सहभागी वा कार्यक्रमलाई गणनामा समावेश गरिँदैन ।

१०. **सिकाइः** यो अङ्क प्रशिक्षणभन्दा पहिला तथा प्रशिक्षणपछि गरिएको मूल्याङ्कनबाट प्राप्त गरिन्छ र कार्यशाला सञ्चालन गरिनुभन्दा पहिलाको ज्ञानमा प्रशिक्षणपछि वृद्धि भएको प्रतिशतका रूपमा गणना गरिन्छ । उदाहरणका लागि, प्रशिक्षणमा सहभागी हुनुभन्दा पहिलेको ज्ञान kb = ४० % थियो र पछिको ज्ञान ka = ६० % छ भने ५० % भएको मानिन्छ, त्यसो भनेको (ka-kb)/kb हो, तर kb - ka गर्दा निस्कने २० % होइन । यो गणना प्रत्येक सहभागीका लागि गरिन्छ । १०० % भन्दा बढी निस्कने कुनै पनि अङ्कलाई १०० % मानिन्छ । त्यसपछि मात्र प्रत्येक कार्यक्रमको औसत गणना गरिन्छ । अन्तिम अङ्क विगत ६० महिनामा आयोजना गरिएका सम्पूर्ण कार्यक्रमहरूको औसत अङ्क हुन्छ । कुनै पनि अङ्क उपलब्ध नभएका सहभागी वा कार्यक्रमलाई गणनामा समावेश गरिँदैन । BRIDGE मा प्रशिक्षणपूर्व तथा प्रशिक्षण पश्चात विगत पाँच वर्षमा त्यस्ता कुनै पनि परीक्षा सञ्चालन नगरिएको भए समग्र अङ्क हुन्छ ।

११. **अनुगमनः** कार्यशालाहरूको अनुगमन गर्ने विधि BRIDGE मा समावेश गरिएको हुँदैन । उपयुक्त रूपमा कार्यशालाका सहभागीले अनुगमन योजना बनाउँदछन् र यस सूचकले उक्त योजनाको कति प्रतिशत प्रभावकारी रूपमा समयमै कार्यान्वयन गरियो भन्ने कुराको मापन गर्दछ । सहभागी तथा उनीहरूका व्यवस्थापकहरूद्वारा मूल्याङ्कन गरिएका सहभागीका सीप, आत्मविश्वास, प्रवृत्ति तथा कार्य शैलीमा सुधारको स्तरमा केन्द्रित भई कार्यस्थलमा सहभागीहरूको मध्यकालीन तथा दीर्घकालीन अनुगमनसम्बन्धी अन्य मापन पनि प्रयोग गर्न सकिन्छ । मानहरूलाई सहभागी, भिन्नाभिन्नै कार्यशाला तथा कार्यक्रमका लागि गणना गरिएको प्रतिशत तथा औसतहरूमा प्रस्तुत गरिनुपर्दछ । १०० % भन्दा बढी निस्केको कुनै पनि मानलाई १०० % नै मानिनु पर्दछ । प्रभावकारी अनुगमन प्रणाली हुँदै नभएको अवस्थामा समग्र मान ० % भएको मानिनु पर्दछ ।

१२. **हासिल भएका उद्देश्यहरूः** यो प्रायःजसो निर्धारण गरिएका उद्देश्यहरूमा निर्भर रहन्छ । यदि सूचकहरूका आधारमा उपलब्धिको स्तर गणना गर्न सकिन्छ भने यसलाई प्रतिशतमा रूपान्तरित गर्नुपर्दछ र यहाँ प्रयोग गरिनुपर्दछ । अन्यथा मूल्याङ्कनकर्ताहरूले मूल कार्यक्रमका उद्देश्यहरूको उपलब्धिको स्तरलाई आफैले निर्धारण गर्न सक्दछन् ।




## समावेशीकरण

कार्यक्रमको कार्यान्वयन कतिको समावेशी शैलीमा भएको छ भन्ने कुराको मापन कार्यशालाका सहभागीहरूमध्ये सान्दर्भिक समूहहरूको प्रतिशतको तुलना सहभागीहरूको लिइएको जनसङ्ख्यामा उनीहरूको प्रतिशतसँग गरेर गरिएको छ । सहभागी छनोट गरिएको जनसङ्ख्यामा निश्चित समूहको अंश सानो भएमा सूचकको मान सकारात्मक हुन सक्छ र यसले ठूला मुद्दाहरूलाई लुकाउन सक्छ । उदाहरणका

लागि, यदि निर्वाचन व्यवस्थापन निकायका कर्मचारीबीच महिलाको उपस्थिति निकै कम भएमा र कार्यशालाका सहभागीबीच पनि महिलाको सङ्ख्या उत्तिकै कम भएमा सूचकले उच्च अङ्क १०० %) देखाउनेछ । वास्तविक मुद्दा BRIDGE कार्यक्रम कार्यान्वयनमा नभई निर्वाचन व्यवस्थापन निकायमा महिलाहरूको नियुक्ति बढाउनु भएकोले यस्तो देखिएको हो ।

कुन समूहहरु सान्दर्भिक छन् भन्ने कुरा मुलुकपिच्छे उल्लेख्य रूपमा फरक हुन्छ र उनीहरूलाई BRIDGE कार्यक्रमको अवधारणाको एक अंशका रूपमा पहिचान गर्न र सोही अनुसार सूचकहरूको प्रयोग गर्न सिफारिश गरिएको छ ।


नेपालको सन्दर्भमा ती समूह महिला तथा निर्वाचन व्यवस्थापन निकायका स्थलगत कर्मचारी हुन् । अन्य सरोकारवालाहरूको समावेशीकरणसम्बन्धी लक्ष्य निर्धारण गरिएको थिएन । चार वटा सूचकहरूलाई समान २५ % भार दिइएको छ ।

१३. **स्थलगत कर्मचारीको सहभागिता**ः यससम्बन्धी अङ्क प्रशिक्षणमा सहभागी भएका निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण स्थलगत कर्मचारीको सङ्ख्यामा निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण कर्मचारीको अंशलाई निर्वाचन व्यवस्थापन निकायका कुल महत्वपूर्ण कर्मचारीमध्ये निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण स्थलगत कर्मचारीको अनुपातले भाग गरेर निकालिन्छ ।

१४. **महिला कर्मचारीको सहभागिता**ः यससम्बन्धी अङ्क प्रशिक्षणमा सहभागी भएका निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण महिला स्थलगत कर्मचारीको सङ्ख्यामा निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण महिला कर्मचारीको अंशलाई निर्वाचन व्यवस्थापन निकायका कुल महत्वपूर्ण महिला कर्मचारीमध्ये निर्वाचन व्यवस्थापन निकायका महत्वपूर्ण महिला स्थलगत कर्मचारीको अनुपातले भाग गरेर निकालिन्छ ।

१५. **सरोकारवालाहरूको सहभागिता**ः प्रशिक्षणमा सहभागीहरूको कुल सङ्ख्यामा सरोकारवाला सहभागीको अंशलाई निर्धारित लक्ष्य प्रतिशतले भाग गरेर यो अङ्क निकालिन्छ । यदि लक्ष्य प्रतिशत निर्धारण गरिएको छैन भने स्वाभाविक लक्ष्यका रूपमा एक तिहाइले भाग गरिन्छ ।

१६. महिला सहजकर्ताहरुः सक्रिय, कार्यशाला वा प्रमाणीकरण गर्ने अधिकारप्राप्त सहजकर्ताहरु (Workshop or Accrediting Facilitators) को सङ्ख्यामा महिलाको अंशलाई स्वाभाविक लक्ष्य ५० % ले भाग गरेर यो अङ्क निकालिन्छ ।




## स्वामित्व

BRIDGE कार्यक्रमको राष्ट्रिय स्वामित्वको स्तर निर्धारण चार वटा सूचक प्रयोग गरेर गरिएको छ । ती प्रत्येक सूचकलाई २५% भार प्रदान गरिएको छ । पहिलो र अन्तिम सूचक मूल्याङ्कनकर्ताको स्तर निर्धारणमा

आधारित छन् भने बाँकी दुई वटा सूचकको गणना कार्यशालाबाट प्राप्त तथ्याङ्कका आधारमा गरिएको छ । तथ्याङ्क सङ्कलन नियमकै रूपमा गरिएको थिएन, त्यसैले यसलाई स्थापित गर्न आवश्यक छ ।

उत्तरदायित्वः यस अन्तर्गत BRIDGE कार्यशाला कार्यान्वयनका क्रममा आउने छ वटा पक्षसम्बन्धमा राष्ट्रिय सहकर्मीहरूको उत्तरदायित्वको स्तर निर्धारण गरिएको छ । विगत ६० महिनामा सञ्चालन गरिएका सम्पूर्ण कार्यशालाका सन्दर्भमा यसलाई समान रूपमा लागू गरिएको छ । ती छ वटा पक्ष यसप्रकार छन्ः

- योजना तर्जुमा,
- विकास,
- तयारी,
- कार्यान्वयन,
- मूल्याङ्कन, र
- कार्यक्रमको अभिलेखीकरण

१७. **प्रत्येक पक्षको स्तर निर्धारण** 'कुनै पनि उत्तरदायित्व नभएको' (०%) देखि 'पूर्ण उत्तरदायित्व' (१०० प्रतिशत) सम्म गरिएको छ । मूल्याङ्कनकर्ताहरूले 'आंशिक उत्तरदायित्व' का लागि सामान्य रूपमा ५० प्रतिशत तोक्न सक्दछ वा प्रमाण भएको अवस्थामा थप निश्चित अङ्क दिन सक्दछ । सूचक निर्धारण गर्नका लागि छ वटा अङ्कको औसत निकालिएको छ ।

१८. **लागत – बाँडफाँटः** यस सूचकका सन्दर्भमा प्रत्येक कार्यशालाको कुल लागतको अंशका रूपमा राष्ट्रिय समकक्षी (निर्वाचन व्यवस्थापन निकाय वा सरकार) ले संस्थालाई गरेको आर्थिक योगदानको अंशको गणना गरिएको छ । यसमा सहजकर्ता तथा सहयोग कर्मचारीले लगानी गरेको कार्य–समयको मान पनि समावेश गरिएको हुन्छ तर सहभागीका रूपमा खर्च भएको कर्मचारीको समयलाई समावेश गरिएको हुँदैन । त्यसपछि विगत ६० महिनामा सञ्चालन गरिएका सम्पूर्ण कार्यशालालाई समेटेर यस अंशको औसत निकालिएको छ । तथ्याङ्क उपलब्ध नभएका कार्यशालाहरूलाई गणनामा समावेश गरिएको छैन ।

१९. **राष्ट्रिय सहजीकरणः** यसले राष्ट्रिय सहजकर्ताहरूद्वारा सहजीकरण गरिएका कार्यशालाहरूको प्रतिशत देखाउँछ ।

२०. **रणनीतिमा एकीकरणः** निर्वाचन व्यवस्थापन निकायको नीतिगत तथा / वा योजना तर्जुमासम्बन्धी दस्तावेजहरूमा BRIDGE को सन्दर्भ लिइएको वा नलिइएकोसम्बन्धी अङ्कको गणना यस अन्तर्गत गरिन्छ । पूर्ण रूपमा एकीकरण गरिएको भए १०० % र कतै पनि एकीकरण नगरिएको भए ० % प्रदान गरिन्छ र उपयुक्तता अनुसार बीचको मान प्रदान गरिन्छ । निर्वाचन व्यवस्थापन निकायसँग कुनै पनि रणनैतिक वा योजना तर्जुमासम्बनधी दस्तावेज नभएको अवस्थामा ० प्रतिशत मान प्रदान गरिन्छ ।

